सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका


nayapatrikadaily.com

१९ चैत २०८१, मंगलबार (1 Apr 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३४५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

बागमती र मधेशमा मुद्दाको चाप किन धेरै ?

■ कुन प्रदेशमा कति मुद्दा ?

सर्वोच्च अदालतको प्रतिवेदनअनुसार ०८०/८१ सम्म देशभर दुई लाख ५८ हजार ५२४ मुद्दा थिए। जसमध्ये बागमतीमा सबैभन्दा धेरै ३३.३२% थिए। त्यसपछि मधेशमा २७%, लुम्बिनीमा १४.३३%, कोशीमा १३.५१%, गण्डकीमा ६.६६%, सुदूरपश्चिममा २.९७% र कर्णालीमा २.२१% मुद्दा थिए।





उच्च अदालत बार एसोसिएसन पाटनका अध्यक्ष वरिष्ठ अधिवक्ता विदुरप्रसाद ढुंगाना भन्छन्-

उपत्यकाको जनसंख्याका साथै यहाँ हुने आर्थिक क्रियाकलाप र अपराधका कारण मुद्दाको चाप धेरै

जिल्ला अदालत काठमाडौंमा देशभरिका सबैभन्दा बढी मुद्दा छन्। भक्तपुर र ललितपुरमा गरी १० वटा इजलास पनि छैनन्। तर, काठमाडौंमा मात्र ३८ इजलास छन्। यसको मुख्य कारण भनेको देशभरका मान्छे यहाँ छन्। त्यसैले अपराध, आर्थिक क्रियाकलाप र कारोबार यहीं बढी हुन्छ। ठुला बैंक, संस्थान, कार्यालय तथा संस्थाका मुख्यालय पनि यहीं छन्। यस्तोमा मुद्दा बढ्नु स्वाभाविक हो। सम्बन्धविच्छेद, चेक अनादरजस्ता मुद्दामा अस्थायी ठेगाना काठमाडौं हुन्छ। घटना भएको ठाउँमा क्षेत्राधिकार लाग्छ। त्यसैले मुद्दा बढी देखिएको हो।



बार एसोसिएसन जनकपुरका अध्यक्ष अधिवक्ता विमलकुमार मिश्र भन्छन्- **जनसंख्याको कारण त छँदै छ, कतिपय अवस्थामा अपराधीकरण नहुने कुरामा पनि राज्यको नीति-नियमले मुद्दा बढेका छन्**

मधेशमा मुख्य त जनसंख्या हो। अर्को तत्त्व भनेको स्रोत-साधनसम्पन्न ठाउँमा जुँगाको लडाइँ हुन्छ। अनि कतिपय अवस्थामा अपराधीकरण नहुने कुरामा पनि राज्यको नीति-नियमले मुद्दा बढेका छन्। उदाहरणका लागि मिटरब्याजको कानुनपछि थुप्रै साहुहरूले आफूलाई पक्राउ नगर्न भनी अदालतबाट आदेश लिए। झन्डै डेढ हजार यस्ता निवेदन अदालतमा दर्ता भए। अनि राज्यका निकाय, जस्तो भूमिसुधार, मालपोत, जिल्ला प्रशासन आदि नियम-कानुनअनुसार नचल्दा पनि अन्तिम उपाय अदालत नै हुने गरेको छ। जस्तो आमाबुबाबिच सम्बन्धविच्छेद वा अंश मुद्दा चलिरहेको छ भने सम्बद्ध निकायले जन्मदर्ता, नागरिकता आदि नबनाइदिने गर्छन्। यस्तोमा अधिकार प्रचलन गराउन अदालत नै अन्तिम विकल्प हुने गरेको छ।

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतको प्रतिवेदनअनुसार आर्थिक वर्ष ०८०/८१ मा देशभरका जिल्ला अदालतमा दुई लाख ५८ हजार ५२४ मुद्दा थिए। त्यसमध्ये बागमतीका १३ जिल्लामा मात्र ३३.३२ प्रतिशत अर्थात् ८६ हजार १३६ र मधेशका आठ जिल्लामा २७ प्रतिशत अर्थात् ६९ हजार ७९७ मुद्दा थिए।

प्रतिवेदनअनुसार बागमती र मधेश प्रदेशका जिल्लामा मुद्दाको चाप धेरै देखिन्छ। कर्णाली र सुदूरपश्चिममा मुद्दाको चाप कम रहेको प्रतिवेदनले देखाउँछ।

> इजलासमा बढ्दो चापका कारण संविधान संशोधन गर्न सुझाव

बागमतीमा कुल ८६ हजार १३६ मुद्दा रहेकोमा ४५ हजार २११ वटा फर्स्योट भएका छन्। ४० हजार ९१५ वटा बाँकी थिए। बागमतीको जनसंख्या ६१ लाख १६ हजार छ। बागमतीमा काठमाडौं, मकवानपुर, ललितपुर, भक्तपुर, नुवाकोट, रसुवा, धादिङ, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली, दोलखा, रामेछाप र चितवन जिल्ला पर्छन्।

आठवटा जिल्ला रहेको मधेशमा ६९ हजार ७९७ वटा मुद्दा रहेकामा झन्डै ३९ हजार चार सय किनारा लागेका छन्। ०८०/८१ मा मधेशका जिल्लामा साढे ३० हजारभन्दा बढीमा फैसला हुन सकेनन्। मधेशमा पनि ६१ लाख १४ हजारभन्दा बढी जनसंख्या छ। मधेश प्रदेशमा सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्ला पर्छन्।

बागमती र मधेशपछि मुद्दा संख्यामा त्यसपछि क्रमशः लुम्बिनी र कोशी प्रदेश छन्। पाँचौंमा लुम्बिनी र छैटौंमा सुदूरपश्चिम प्रदेश छ। सबैभन्दा कम मुद्दा कर्णालीमा छन्। कर्णालीमा पाँच हजार सात सयभन्दा बढी मुद्दा रहेकोमा तीन हजार आठ सयभन्दा बढीमा फैसला भएको अभिलेख छ। यसैगरी, उक्त वर्ष केवल एक हजार ८७४ मुद्दा निर्णयको पर्खाइमा थिए।

उच्च अदालत बार एसोसिएसन पाटनका अध्यक्ष वरिष्ठ अधिवक्ता विदुरप्रसाद ढुंगानाका अनुसार काठमाडौंको जनसंख्या र यहाँ हुने आर्थिक क्रियाकलाप र अपराधका कारण मुद्दाको चाप धेरै हुन्छ। 'बागमतीमा पनि जिल्ला अदालत काठमाडौंमा देशभरिका सबैभन्दा बढी मुद्दा छन्। भक्तपुर र ललितपुरमा पनि १० वटा इजलास छैनन्।

» पृष्ठ २ मा क्रमशः

■ २५ महिनापछि संवैधानिक परिषद् विधेयक पारित

संवैधानिक पदाधिकारी नियुक्ति सिफारिसमा अब प्रधानमन्त्री निर्णायक



■ विधेयक प्रतिनिधिसभाबाट पारित, राष्ट्रिय सभाबाट पास भएपछि ऐन बन्ने

■ ६ सदस्यीय संवैधानिक परिषद्मा अल्पमतमा छ सत्तापक्ष

कमलराज भट्ट/नयाँ पत्रिका
तस्बिर : **अमुल थापा**

प्रतिनिधिसभाले २५ महिनापछि संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी (पहिलो संशोधन) विधेयक सर्वसम्मत रूपमा पारित गरेको छ। यस विधेयकमा संवैधानिक परिषद् बाट गरिने निर्णयमा प्रधानमन्त्रीको सहमति अनिवार्य गर्दै उनलाई निर्णायक बनाएको छ। अब यो विधेयक राष्ट्रिय सभाबाट

> आजै संसद् अधिवेशन अन्त्य गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय

» पृष्ठ २ मा क्रमशः

पुरानो ऐनको व्यवस्था :

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी ऐन, २०६६ को दफा ६(३) मा 'अध्यक्ष र कम्तीमा चारजना अन्य सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने' र 'सहमतिबाट निर्णय हुन नसकेमा परिषद्का सम्पूर्ण सदस्यको बहुमतबाट निर्णय गरिने' व्यवस्था थियो।

■ **अध्यादेशको व्यवस्था** : यसलाई संशोधन गर्दै तत्कालीन प्रधानमन्त्री केपी ओलीले ०७७ मा ल्याएको अध्यादेशमा 'अध्यक्षसहित तत्काल बहाल रहेका बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने र सर्वसम्मति कायम हुन नसकेमा अध्यक्षसहित तत्काल बहाल रहेका सदस्यको बहुमतबाट निर्णय हुन सक्ने' व्यवस्था थियो।

■ **प्रतिनिधिसभाबाट अहिले पारित विधेयकको व्यवस्था** : प्रतिनिधिसभाबाट पारित संशोधन विधेयकमा 'अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने' उल्लेख छ। साथै, सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिने प्रावधान छ।

■ संसद्का दुवै सभामा प्रधानमन्त्री ओलीको सम्बोधन

तीनकुने घटनामा पूर्वराजा ज्ञानेन्द्र शाह जिम्मेवार, उन्मुक्ति नदिइने



नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले शुक्रबार काठमाडौंमा भएको ताण्डवका लागि पूर्वराजा ज्ञानेन्द्र शाहलाई मुख्य जिम्मेवार ठहऱ्याउँदै उनीमाथि थप कारबाही हुन सक्ने संकेत गरेका छन्। सोमबार संघीय संसद्को दुवै सदनलाई छुट्टाछुट्टै सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले तीनकुने घटनाको जिम्मेवार जुनसुकै भूमिका र पृष्ठभूमिका व्यक्ति भए पनि सरकारले कारबाही गर्ने बताए।

प्रधानमन्त्री ओलीले घटनाको मूल जिम्मेवारी पूर्वराजा ज्ञानेन्द्रले लिनुपर्ने उल्लेख गरे। 'यी सबै घटनाका मूल जिम्मेवार ज्ञानेन्द्र शाह हुन्, उनले यसको जिम्मा लिनुपर्छ। छानबिन र कारबाहीको प्रक्रिया अघि बढिरहेको छ,' ओलीले भने, 'आपराधिक घटनामा संलग्न कसैले पनि उन्मुक्ति पाउँदैन, पाउनुहुँदैन। पूर्वराजा शाहले पनि उन्मुक्ति पाउनुहुन्न।'

प्रधानमन्त्री ओलीले घटनाबारे पूर्वराजा शाहले आफ्नो धारणा सार्वजनिक गर्नुपर्ने बताए। घटनाबारे पूर्वराजा ज्ञानेन्द्रले

» पृष्ठ २ मा क्रमशः

> व्यक्तिको निजी घरमा आगजनी मात्रै गरिएन, मानिसलाई भित्रै थुनेर बाहिरबाट ताला लगाई जिउँदै डढाउने हिंस्रक, आततायी कार्य भयो। प्रहरीका सवारीसाधन मात्रै होइन, आगो निभाउन आएका दमकलमाथि आक्रमण गरियो। यी सबै घटनाका मूल जिम्मेवार ज्ञानेन्द्र शाह हुन्, उनले यसको जिम्मा लिनुपर्छ। छानबिन र कारबाहीको प्रक्रिया अघि बढिरहेको छ। आपराधिक घटनामा संलग्न कसैले पनि उन्मुक्ति पाउँदैन, पाउनुहुँदैन। पूर्वराजा शाहले पनि उन्मुक्ति पाउनुहुन्न।
>
> फेरि राजा बन्छु, व्यवस्था मास्छु भन्नेले यी सबै शृंखलाबद्ध घटनामा आफ्नो धारणा सार्वजनिक गर्नुपर्दैन ? मानिसलाई मर्नलाई दुरुत्साहन गर्ने जनकमान्डर, इतिहासले कुनामा फ्याँकेका व्यक्ति अभियानका संयोजक छन्। धनजनको क्षति र लुटपाट भएको छ। शासक बन्ने मनसुवा बोक्ने व्यक्ति यी घटनामा सिरकभित्र चुपचाप कसरी हुन सक्छ ?

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ धुलोले दिउँसै अन्धकार

धुलिखेल-खावा चार किमि सडक ३४ महिनामा पनि कालोपत्रे भएन



काभ्रेमा **इन्द्रबहादुर थापा**

धुलोले दिउँसै अन्धकार बनेको अरनिको राजमार्गअन्तर्गत धुलिखेल-खावा सडक।

चार किलोमिटर सडक २२ महिनामा चौडा गरी स्तरोन्नति गर्ने गरी गौरी-पार्वती निर्माण सेवासँग सम्झौता भए पनि ३४ महिनासम्म पनि कालोपत्रे भएन। यसअघि साँघुरो रहेकाले कालोपत्रे भत्काएर त्यत्तिकै छाडेपछि यात्रुले सास्ती खेपिरहेका छन्। सडक डिभिजन कार्यालय भक्तपुरले १५ फागुनमा ठेक्का रद्द गरिसकेको छ। सडक डिभिजनका इन्जिनियर सीताराम बुढाथोकीका अनुसार निर्माण कार्य सञ्चालन गरी समयमा सम्पन्न गर्न पटक-पटक पत्राचार गर्दासमेत चासो नदेखाएपछि ठेक्का रद्द गरिएको हो। निर्माण कम्पनीले ३८ प्रतिशत काम गरेर २८ प्रतिशत भुक्तानी लगिसकेको छ। २० करोड १९ लाखमा ठेक्का सम्झौता भएको थियो। नयाँ ठेक्का आह्वानको तयारी छ।

पौडी खेल्ने क्रममा खोलामा डुबेर तीन दाजुभाइको मृत्यु

मामाघर गएका दुई दाजुभाइ मामाको छोरासँगै पौडी खेल्न गएका थिए



हेटौंडामा **पोष्टराज अधिकारी**

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका- ३ को सिस्नेरी खोलामा सोमबार पौडी खेल्ने क्रममा डुबेर तीन दाजुभाइको मृत्यु भएको छ। काभ्रे नमोबुद्ध नगरपालिका- १० घर भई इन्द्रसरोवर- ३ डोढारेस्थित मामाघर घुम्न गएका दुई दाजुभाइ र उनीहरूका मामाका छोराको डुबेर मृत्यु भएको हो।

» पृष्ठ २ मा क्रमशः

रवि 'कमब्याक'को रणनीति

सत्तापक्षको लगातार आक्रमण र घेराबन्दीमा परेका रवि लामिछाने रणनीतिक उद्देश्यसहित राष्ट्रिय स्वतन्त्र पार्टीको सभापतिकै भूमिकामा फर्के, पार्टी संगठनमा व्यापक हेरफेर गर्दै जनयात्रामा निस्कन लिए निर्णय

'कमब्याक'का कारण

- पार्टी र नेतृत्वप्रति उठाइएका राजनीतिकसहितका प्रश्न र चुनौतीको सामना र प्रतिवाद गर्ने।
- विकल्पको राजनीति कमजोर भएको छैन भन्ने सन्देश दिने।
- पार्टी संगठनमा हुन सक्ने सम्भावित क्षति रोक्ने।

नयाँ पत्रिका

सत्तापक्षको लगातार आक्रमण र घेराबन्दीमा परेका रवि लामिछाने रणनीतिक उद्देश्यसहित राष्ट्रिय स्वतन्त्र पार्टीको सभापतिकै भूमिकामा फर्केका छन्। साढे पाँच महिनापछि सोमबार पार्टी सभापतिकै औपचारिक जिम्मेवारीमा फर्किएका लामिछानेले पार्टीप्रति उठाइएका

» पृष्ठ २ मा क्रमशः

■ केन्द्रीय समिति बैठकमा रविले भने- **अब हामी परिवर्तनको नेतृत्व गर्छौं**



हामीले राणा शासन देखेनौं, पञ्चायत झेल्न परेन। तर, अहिलेको समयमा राज्यले गर्ने राजनीतिक प्रतिशोध र यातनाको पीडादायक अनुभूति गर्नुपऱ्यो। यो कालखण्ड कति कष्टकर थियो भन्ने सम्झँदा मात्र पनि दुःख लाग्छ। आजको दिनमा यो सम्पूर्ण यातना केवल राजनीतिक प्रतिशोधको उपज हो भन्ने कुरा स्थापित भइसकेको छ।

चितवनबाट मध्यरातमा त्रिशूली किनारतिर लगिँदा मेरो ज्यानको खतरा छ भन्ने लागेको थियो। मेरो डायरी खोसियो, कहाँ जलाइयो थाहा छैन। नक्खुमा बाढीपहिरोपीडित चार नागरिकलाई उद्धार गर्न नसकेको गृह मन्त्रालय र तीनकुनेमा हजारौंको भिड सम्हाल्न असफल सरकारले आफ्नो सम्पूर्ण शक्ति हामीमाथि प्रहार गर्नमा केन्द्रित गरिरहेको छ।

यो गठबन्धनले अर्को प्रहार गर्न सक्छ। त्यसैले अहिलेको पार्टी संरचना अझ सबल र सशक्त बनाउन आवश्यक छ। अब समय आएको छ- हामीले पार्टीको संरचनामा सुधार र सशक्तीकरणको दिशामा अघि बढ्नुपर्छ। म पार्टीमा म्यासिभ रिफर्म (व्यापक सुधार)मा काम गर्न चाहन्छु।

गणतन्त्र भनेको कुनै व्यक्तिविशेषको शासन होइन, न त ओलीतन्त्र हो, न देउवातन्त्र। गणतन्त्र भनेको जनताको शासन हो र यो झन्डा हामीले उठाउनुपर्छ। गणतन्त्रको उत्कृष्टता प्रमाणित गर्न आवश्यक छ। केही अभ्यास सफल भएका छन्, केही असफल छन्। हालको संविधान र व्यवस्थामा सुधार आवश्यक छ र त्यसको नेतृत्व अब हामी लिनेछौं।

यसै सन्दर्भमा संगठनको ठुलो पुनर्संरचनाका लागि हामीले काम गर्न आवश्यक छ। सबैलाई यसका लागि तयार रहन आग्रह गर्छु। राष्ट्रिय स्वतन्त्र पार्टी कुनै अन्य दलमा अवसर नपाएका व्यक्तिहरूको थलो मात्र होइन, यो देश बनाउन इच्छुकहरूको अभियान हो। अब हामी समग्र परिवर्तनको नेतृत्व गर्छौं।

मिसन ब्लुप्रिन्ट कार्यदल गठन





केन्द्रीय समितिले राष्ट्रनिर्माणसम्बन्धी खाका तयार गर्न उपसभापतिद्वय डोलप्रसाद अर्याल र डा. स्वर्णिम वाग्लेको संयोजकत्वमा मिसन ब्लुप्रिन्ट कार्यदल गठन गरेको छ। कार्यदलमा पूर्वमन्त्रीहरू सुमना श्रेष्ठ, शिशिर खनाल, विराजभक्त श्रेष्ठ र डा. तोसिमा कार्की सदस्य छन्। त्यस्तै, लिडरसिप एकेडेमी र उम्मेदवार क्लबको कार्यान्वयनका लागि सहमहामन्त्रीद्वय सुमना श्रेष्ठ र विपिनकुमार आचार्यलाई जिम्मेवारी तोकिएको छ।

■ गभर्नर नियुक्तिमा रस्साकस्सी

उमेरहद नै हटाइयो छनोट मापदण्डबाट



यसअघि गभर्नर बन्न ३० वर्ष पूरा भई ६५ वर्ष ननाघेको हुनुपर्ने व्यवस्था थियो

स्वार्थ समूह हाबी हुने चिन्ता

(विस्तृत पृष्ठ ६)

नेपाली प्रधानमन्त्रीको पहिलो औपचारिक थाइल्यान्ड भ्रमण

प्रधानमन्त्री ओली बिमस्टेक सम्मेलनमा सहभागी हुने, मोदीसँग भेट अनिश्चित



नेपाल-थाइल्यान्ड सम्झौताको तयारी

(विस्तृत पृष्ठ ३)

संवैधानिक...

पृष्ठ १ बाट क्रमशः

पारित हुन बाँकी छ। राज्यव्यवस्था तथा सुशासन समितिले १५ वैशाख ०८० मा दफावार छलफलका लागि प्राप्त गरेको विधेयक १३ महिना लगाएर टुंग्याई १७ जेठ ०८१ मा प्रतिवेदन सभामा पेस गरेको थियो। समितिबाट प्रतिवेदन प्राप्त भएको १० महिनापछि प्रतिनिधिसभाले सोमबार सर्वसम्मत विधेयक पारित गरेको हो। राष्ट्रिय सभाबाट पारित भई राष्ट्रपतिले प्रमाणीकरण गरेपछि यो विधेयक ऐनका रूपमा कार्यान्वयनमा आउनेछ। संशोधन विधेयकको दफा २ ले मूल ऐनको दफा ६ मा संशोधन गर्दै परिषद्को बैठकसम्बन्धी कार्यविधि परिवर्तन गरेको छ। संशोधित दफा ६(१०) अनुसार, 'परिषद्को बैठकमा कुनै विषयमा सर्वसम्मत निर्णय हुन नसकेमा अध्यक्षसहित तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिने' व्यवस्था छ।

संविधानको धारा २८४ मा प्रधानमन्त्रीको अध्यक्षतामा प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, विपक्षी दलको नेता र उपसभामुख सदस्य रहने संवैधानिक परिषद्को व्यवस्था छ। परिषद्को काम, कर्तव्य र अधिकार तथा प्रधानन्यायाधीश वा संवैधानिक निकायका प्रमुख वा पदाधिकारीको नियुक्तिसम्बन्धी कार्यविधि संघीय कानुनबमोजिम हुने भनिएको छ।

०७४ मा संशोधन भएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी ऐनको दफा ६ मा प्रधानमन्त्रीलाई बैठक तोक्ने र छलफलका लागि एजेन्डा प्रस्तुत गर्ने अधिकार दिए पनि निर्णय प्रक्रियामा विशेषाधिकार छैन। सहमति हुन नसके परिषद्का सम्पूर्ण सदस्यको बहुमतबाट निर्णय गरिने व्यवस्था थियो। ऐनको दफा ६(३) मा 'अध्यक्ष र कम्तीमा चारजना अन्य सदस्य उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने' र 'सहमतिबाट निर्णय हुन नसकेमा परिषद्का सम्पूर्ण सदस्यको बहुमतबाट निर्णय गरिने' व्यवस्था थियो।

०७७ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले अध्यादेश ल्याउँदा निष्क्रिय बनेको संवैधानिक परिषद्सम्बन्धी ऐनको दफा ६ मा उल्लेखित परिषद्को बैठकसम्बन्धी कार्यविधि ब्युँताउन तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले १२ फागुन ०७९ मा विधेयक प्रतिनिधिसभामा दर्ता गरेका थिए।

०७७ मा तत्कालीन प्रधानमन्त्री ओलीले अध्यादेश ल्याउँदा यो प्रावधान निष्क्रिय बन्यो। ओलीले 'सर्वसम्मति हुन नसके अध्यक्षसहित तत्काल बहाल रहेका सदस्यको बहुमतबाट निर्णय हुन सक्ने' खुकुलो प्रावधान राखेर संवैधानिक अंगमा नियुक्ति गरेका थिए। तर, दुईपटक आएको अध्यादेश कानुनी रूप धारण नगरी खारेज भएपछि पुरानो प्रावधान र अध्यादेशबाट ल्याएको प्रावधान निष्क्रिय भयो। त्यसलाई जगाउन सरकारले ल्याएको 'सर्वसम्मत हुन नसके अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिने प्रावधान'सहितको विधेयक ऐन बन्ने प्रक्रिया अगाडि बढेको हो।

संशोधित विधेयकमा परिषद्को बैठक बस्ने मिति, समय र स्थानको जानकारी सचिवले सदस्यलाई पत्रमार्फत र विद्युतीय माध्यमबाट समेत गराउनुपर्ने, बैठकमा कुनै सदस्य उपस्थित हुन नसक्ने भएमा उपस्थित हुन नसक्ने कारणसहितको जानकारी बैठक बस्ने समयभन्दा २४ घण्टाअगावै निजले अध्यक्षलाई गराउनुपर्ने व्यवस्था गरिएको छ।

पुरानो ऐनको व्यवस्था : संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी ऐन, २०६६ को दफा ६(३) मा 'अध्यक्ष र कम्तीमा चारजना अन्य सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने' र 'सहमतिबाट निर्णय हुन नसकेमा परिषद्का सम्पूर्ण सदस्यको बहुमतबाट निर्णय गरिने' व्यवस्था थियो।

अध्यादेशको व्यवस्था : यसलाई संशोधन गर्दै तत्कालीन प्रधानमन्त्री केपी ओलीले ०७७ मा ल्याएको अध्यादेशमा 'अध्यक्षसहित तत्काल बहाल रहेका बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने र सर्वसम्मति कायम हुन नसकेमा अध्यक्षसहित तत्काल बहाल रहेका सदस्यको बहुमतबाट निर्णय हुन सक्ने' व्यवस्था थियो।

प्रतिनिधिसभाबाट पारित विधेयकको व्यवस्था : प्रतिनिधिसभाबाट पारित संशोधन विधेयकमा 'अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने' उल्लेख छ। साथै, सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिने प्रावधान छ।

परिषद्मा सत्तापक्ष अल्पमतमा

प्रतिनिधिसभाबाट विधेयक पारित भएर ऐन बन्दै गर्दा हाल संवैधानिक परिषद्मा सत्तापक्ष अल्पमतमा छ। प्रधानमन्त्री केपी ओली अध्यक्ष र प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभा अध्यक्ष नारायण दाहाल, विपक्षी दलको नेता पुष्पकमल दाहाल प्रचण्ड र उपसभामुख इन्दिरा राना सदस्य छन्। संख्यात्मक हिसाबले हेर्दा सत्तापक्षतिर दुईजना मात्रै छन्। विपक्षी पृष्ठभूमिबाट तीनजना छन्। प्रधानन्यायाधीश तटस्थ मानिन्छ। विधेयकअनुसार निर्णयमा प्रधानमन्त्री अनिवार्य गरिएको छ, तर निर्णय गर्न चारजनाको सहमति पनि बाध्य गरिएको छ। हाल संवैधानिक आयोगमा ११ पद रिक्त छ। प्रमुख निर्वाचन आयुक्तको पद वैशाख पहिलो सातादेखि खाली हुँदा १२ पद रिक्त हुनेछन्।

यसअघि ऐनको अभावमा सर्वसम्मतिमा निर्णय गरेको परिषद्ले अब फास्ट ट्र्याकमा ऐन बनाएर नियुक्ति प्रक्रिया अगाडि बढाउने तयारी गरेको छ। तर, परिषद्मा सत्तापक्षलाई संख्याको अनुकूलता छैन। संविधानमा संवैधानिक निकायका पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिनाअगावै परिषद्ले नियुक्ति सिफारिस गर्नुपर्ने व्यवस्था भए पनि प्रक्रिया अगाडि बढेको छैन।

हाल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्यक्ष र एक सदस्य, मुस्लिम आयोगको अध्यक्ष र एक सदस्य, राष्ट्रिय समावेशी आयोगको अध्यक्ष र दुई सदस्य, थारू आयोगको अध्यक्ष, मधेशी आयोगको अध्यक्ष, निर्वाचन आयोगको सदस्य, महिला आयोगको सदस्य रिक्त छन्। निर्वाचन आयोगको प्रमुख आयुक्त पद वैशाख पहिलो साता खाली हुँदै छ।

नियुक्ति समावेशी र पारदर्शी बनाउन सुझाव

सांसदहरूले संवैधानिक परिषद्बाट हुने नियुक्ति पारदर्शी बनाउन सुझाव दिएका छन्। जसपा सांसद रन्जु झाले संवैधानिक आयोगहरूमा समावेशी सिद्धान्तका आधारमा नियुक्तिहरू गर्न माग गरिन्। 'परिषद्बाट हुने नियुक्तिमा समावेशी पद्धतिलाई मिचिएको छ। अबको ऐनबाट संविधानले भनेको समावेशी सुनिश्चित होस्,' उनले भनिन्। झाले संवैधानिक निकायमा दलीय भागबन्डाभन्दा पनि निष्पक्ष र समावेशिताका आधारमा पारदर्शी नियुक्ति गर्न माग गरिन्। पूर्वकर्मचारीलाई थन्क्याउने ठाउँ नबनाउन उनको सुझाव थियो।

नेमकिपाका प्रेम सुवालले संवैधानिक आयोगका पदाधिकारीको नियुक्ति सम्बन्धित क्षेत्रबाट निर्वाचन गराएर गर्नुपर्ने माग गरे। 'राजनीतिक नियुक्ति हुँदा सरकार परिवर्तनसँगै नियुक्तिहरू परिवर्तन हुने र काम पनि देखिएन। आयोगका पदाधिकारीले वर्षको एकपटक प्रतिवेदन तयार गर्ने, त्यो पनि खासै अनुसन्धानमूलक हुँदैन। आयोगको भूमिका र खर्चअनुसारको प्रतिवेदन पनि आउँदैन। त्यसैले निर्वाचनबाट नियुक्ति गरौँ। देश र जनताको सेवा गर्छ,' उनले भने। सुवालले मन्त्री र प्रधानमन्त्री रिझाएको भरमा पूर्वकर्मचारीलाई होइन, विज्ञलाई नियुक्ति गर्न पनि माग गरे।

पाँच विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण

संघीय संसद्का दुवै सदनबाट पारित भई पेस भएका पाँच अध्यादेश प्रतिस्थापन विधेयक राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेका छन्। दुवै सदनबाट पारित भएपछि शीतलनिवास पठाइएकामा राष्ट्रपति पौडेलले संविधानको धारा ११३ को उपधारा २ बमोजिम विधेयकहरू प्रमाणीकरण गरेका हुन्। सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक र निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्का दुवै सदनबाट सोमबारै पारित भएका थिए।

आजै संसद् अधिवेशन अन्त्य गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय

प्रधानमन्त्रीको थाइल्यान्ड भ्रमणको पूर्वसन्ध्यामा सोमबार राति बसेको मन्त्रिपरिषद् बैठकले मंगलबार राति १२ बजेदेखि लागू हुने गरी अधिवेशन अन्त्य गर्न राष्ट्रपतिलाई सिफारिस गर्ने निर्णय लिएको छ। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अधिवेशन अन्त्य गर्ने संवैधानिक व्यवस्था छ। मंगलबार बिहान ११ बजे प्रतिनिधिसभा बैठकमा दुईवटा विधेयक पारित गर्ने कार्यसूची छ।

तीनकुने...

पृष्ठ १ बाट क्रमशः

आफ्नो धारणा सार्वजनिक गर्नुपर्ने प्रधानमन्त्री ओलीको भनाइ छ। 'फेरि राजा बन्छु, व्यवस्था मास्छु भन्नेले यी सबै शृंखलाबद्ध घटनामा आफ्नो धारणा सार्वजनिक गर्नुपर्दैन ? मानिसलाई मर्नलाई दुरुत्साहन गर्ने जनकमान्डर, इतिहासले कुनामा फ्याँकेका व्यक्ति अभियानका संयोजक छन्। धनजनको क्षति र लुटपाट भएको छ। शासक बन्ने मनसुवा बोक्ने व्यक्ति यी घटनामा सिरकभित्र चुपचाप कसरी हुन सक्छ ?' ओलीले प्रश्न गरे।

नागरिकको हैसियतमा शान्त जीवन बिताउने सहमति ज्ञानेन्द्रले तोडेको प्रधानमन्त्री ओलीको आरोप छ। 'प्रारम्भिक अध्ययनमा यी सबै घटनाले पूर्वराजा ज्ञानेन्द्र शाहले संविधानसभाको ऐतिहासिक निर्णयपछि भएको सम्झौताको उल्लंघन गर्नुभएको स्पष्ट छ,' उनले भने। नागरिकको कानुनी र संवैधानिक अधिकार प्रयोग गरी नागरिकको हैसियतमा शान्त जीवन बिताउने र पूर्वराष्ट्रप्रमुखको हैसियतमा सरकारले सुरक्षाको प्रबन्ध गर्ने सहमति तोडिएको छ।'

प्रधानमन्त्री ओलीले १५ चैतको घटनाको तयारी एक वर्षदेखि भएको भन्दै घटनाक्रम उल्लेख गरे। 'सरकार, व्यवस्था र संविधानप्रति अनास्था, घृणा र भ्रम फैलाउन एउटा तत्त्व त्यसै वेलादेखि क्रियाशील थियो र मौका खोजिरहेको थियो,' उनले भने, 'धर्म, संस्कृति, परम्पराजस्ता संवेदनशील विषयमा अनावश्यक टिप्पणी गरी साम्प्रदायिक सद्भाव बिथोल्ने र खास समुदायमाथि आक्रमणमा उक्साउने काम गर्दै थियो। ऋण तिर्न पर्दैन भन्दै ऋणीहरूको भावनात्मक संवेदनामाथि खेल्ने र बैंक वित्तीय संस्था ध्वस्त पार्ने खेतीमा त्यो तत्त्व सक्रिय थियो।'

यसैबिच पूर्वराजा शाहले ७ फागुनमा 'अघि बढ्ने, साथ देऊ' भन्दै वक्तव्यबाजी गरेको, लगत्तै ठाउँठाउँमा स्वागत कार्यक्रम राख्दै जनमत भड्काउन थालिएको, २५ फागुनमा कथित 'स्वागत-सवारी' आयोजना गरिएको र १४ चैतमा समाज बिथोल्न लागिपरेका एकजना अवाञ्छित व्यक्ति (दुर्गा प्रसाईं) लाई आफ्नै निवासमा डाकेर कथित जनकमान्डर तोकेर हिंसात्मक वारदातका लागि खटाएको ओलीले उल्लेख गरे।

तीनकुनेमा राजावादीले उत्तेजक प्रदर्शन गरेको, अराजनीतिक नारा लगाएको, प्रदर्शनको कथित जनकमान्डर आफैँले हाँकेको गाडी प्रहरीमाथि नै चढाउने गरी निषेधित क्षेत्र तोड्न दौडाएको भन्दै आलोचना गरे। भिड नियन्त्रण गर्न प्रशासनले गरेको प्रयासका विरुद्ध, प्रहरीमाथि आक्रमण गर्ने, ढुंगामुढा गर्ने, प्रहरीको बन्दुक खोस्ने, गुन्डागर्दी र कुटपिट गर्ने, लुटपाट गर्नेजस्ता वारदात गरिएको ओलीले उल्लेख गरे।

'हुँदा-हुँदा निजी व्यक्तिको घर, सार्वजनिक भवन, सञ्चार गृह, पार्टी कार्यालय, औषधि कारखाना र सवारीका साधनमाथि ढुंगामुढा गर्ने, तोडफोड गर्ने, आगजनी गर्ने र डिपार्टमेन्टल स्टोरहरू लुटपाट गर्नेजस्ता आपराधिक घटना सुरु गरियो। निजी व्यक्तिको घरमा आगजनी मात्रै गरिएन, मानिसलाई भित्रै थुनेर बाहिरबाट ताला लगाई जिउँदै डढाउने हिंस्रक, आततायी कार्य भयो। प्रहरीका सवारीसाधन मात्रै हैन, आगो निभाउन आएका दमकलमाथि आक्रमण गरियो,' उनले भने, 'यी सबै निन्दनीय र खेदजनक कार्य हुन्। यस्ता घटनामा संलग्नहरूमाथि जोसुकै होऊन्, जुनसुकै कभरमा किन नहोऊन्, कडा प्रशासनिक कारबाही हुन्छ।'

घटनाको विस्तृत विवरण उपयुक्त समयमा गृहमन्त्रीले सदनमा जानकारी गराउने पनि ओलीले सुनाए। 'घटनामा संलग्नहरूमाथि छानबिन सुरु भएको छ,' ओलीले भने, 'योजनाकार र संलग्नहरू अनुसन्धानबाट पत्ता लागेपछि विस्तृत प्रतिवेदन आउँछ।'

ओलीले १५ गते दुइटा राजनीतिक कार्यक्रम भएको र सामाजवादी मोर्चाले प्रदर्शनीमार्गमा शालिन जुलुससहित भव्य सभा गरेर संविधान र व्यवस्थाप्रति आफ्नो प्रतिबद्धता जनाएको भन्दै धन्यवाद दिए।

प्रधानमन्त्री बोल्दा राप्रपा सांसदले नियमापत्ति गरेका थिए। प्रमुख सचेतक ज्ञानबहादुर शाहीले नियम २१ र २६ उल्लेख गर्दै नियमापत्तिका लागि होहल्ला गरे पनि प्रधानमन्त्री रोकिएनन्। सभामुखले एकछिन रोकिनुस् प्रधानमन्त्रीभन्दा पनि ओली लिखित भाषण पढेर अगाडि बढेका थिए। राप्रपा सांसद उभिएर विरोध गरिरहेका थिए। सम्बोधन सकिएपछि सभामुख देवराज घिमिरेले शाहीलाई नियमापत्तिका लागि समय दिए।

शाहीले पूर्वराजाको 'स्वागत-सवारी'लाई प्रधानमन्त्रीले कथित भनेकामा नियमापत्ति गर्दै यो असंसदीय शब्द भएकाले रेकर्डबाट हटाउन माग गरेका थिए। त्यसपछि सत्तापक्ष एमाले सांसद उठेर प्रतिवाद गरेका थिए। प्रधानमन्त्री बोल्दै गर्दा अवरोध गरिएको भन्दै एमाले मुख्य सचेतक महेश बर्तौलाले अवरोध गर्दाका शब्द रेकर्डबाट हटाउन माग गरेका थिए।

आफू बोल्दा राप्रपाले होहल्ला गरेपछि प्रधानमन्त्री ओलीले अन्तिममा प्रतिवाद गरेका थिए। 'संसद् संविधानसभा जसले लोकतान्त्रिक प्रणालीलाई व्यवस्थित गर्‍यो, गणतन्त्र घोषणा गर्‍यो, राजतन्त्रलाई बिदा गर्‍यो, त्यो गरिमामय संसद्मा आएर फेरि राजतन्त्रलाई ब्युँताउँछु भन्ने, लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको विरोध गर्ने, संघीय लोकतन्त्रको विरोध गर्ने र गणतन्त्रको विरोध गर्ने संसद्मा संविधानसम्मत हुँदैन। असंवैधानिक क्रियाकलाप गर्ने थलो संसद् हुन सक्दैन,' उनले भने।

'कुलमान बर्खास्ती मामुली कुरा'

सिंगो देशको ध्यान खिचेको र अदालती प्रक्रियामा समेत गैसकेको नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङ बर्खास्ती प्रकरणलाई प्रधानमन्त्री केपी ओलीले सामान्यकरण गर्ने प्रयास गरेका छन्। प्रधानमन्त्री ओलीले कुलमानलाई कार्यकालको चार महिनाअगावै हटाउनुको स्पष्ट कारण भने खुलाएनन्।

'अहिले यो विषय सम्मानित अदालतमा विचाराधीन छ। यसमा थप चर्चा-परिचर्चा गर्न विधिसम्मत हुन्न,' उनले भने, 'त्यसैले यस विषयमा थप बहस नगरौँ। अहिलेको परिस्थिति स-साना विषयमा ठुलो बहस चलाउने परिस्थिति पनि होइन, अवस्था पनि छैन।'

प्रधानमन्त्री ओलीले कर्मचारीहरूको गुण/दोष टिप्पणी गर्ने स्थल संसद् नभएको र त्यसको छुट्टै प्रक्रिया भएको टिप्पणी गरे। 'राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने र दोषीलाई कारबाही गर्ने विधि यसै सदनले निर्धारण गरेको छ,' उनले भने।

ओलीले कर्मचारी विभागीय मन्त्रीप्रति बफादार हुनुपर्ने पनि बताए। 'यति चाहिँ भनौँ, सामान्यतः कुनै पनि कर्मचारीबाट विभागीय मन्त्रीले आफूप्रति लोयल्टी फिल गरेन भने चेन अफ कमान्डले काम गर्दैन। लोयल्टी देखिएन भने कारबाहीको विषय बन्छ,' ओलीले भने, 'विभागीय मन्त्रीको फिलिङ सही कि गलत ? मन्त्रिपरिषद्ले गरेको कारबाही ठीक छ/छैन ? जाँच्ने निकाय छन्। त्यसको पनि परीक्षण ठाउँमै होला,' उनले भने। निर्णयमा चित्त नबुझ्ने पक्षले कानुनी उपचारको हक राख्ने ओलीको भनाइ थियो।

ओलीले कर्मचारीको विषयमा संसद्मा बहस गर्नुभन्दा यो परिस्थिति आउन नदिने गरी राजनीतिक नियुक्तिहरू सरकार फेरिनेबित्तिकै फेरिने विधि बनाउन प्रस्ताव गरे। 'बरु अबदेखि लोकसेवाबाट नियुक्ति हुनेबाहेक अन्य प्रक्रियाबाट सरकारले नियुक्त गरेका व्यक्तिहरू सरकार फेरिँदा स्वतः पदमुक्त हुने विधि अपनाए हुन्छ, त्यो गरौँ,' उनले भने, 'सल्लाहकारदेखि, महान्यायाधिवक्ता र राष्ट्रिय योजना आयोगसम्म त अहिले पनि प्रधानमन्त्री फेरिँदा स्वतः फेरिने व्यवस्था गरेका छौँ। खासगरी लोकसेवाले नियुक्त गरेकाबाहेक अरू त्यही विधिमा जाऔँ। यसमा सल्लाह गरौँ।'

कुलमानलाई कार्यकालअगावै बर्खास्ती प्रकरणमा प्रधानमन्त्रीको जवाफ मागेर विपक्षी दलहरूले १३ चैतदेखि संसद्मा अवरोध गरेको पाँचौँ दिनमा ओलीले प्रतिनिधिसभा र राष्ट्रिय सभामा छुट्टाछुट्टै जवाफ दिएका हुन्। प्रधानमन्त्रीको जवाफसँगै सदनको गतिरोध हटेको छ भने सोमबार ६ विधेयक पारित भएका छन्। आफ्नो सम्बोधनमा प्रधानमन्त्री ओलीले आफ्नो मंगलबारदेखि (१९-२३ चैतसम्म) हुन लागेको थाइल्यान्ड भ्रमण, १५ चैतको राजावादी हिंसात्मक प्रदर्शन र ११ चैतमा मन्त्रिपरिषद्ले कुलमान घिसिङलाई गरेको बर्खास्तीबारे स्पष्टीकरण दिएका थिए।

कुलमान बर्खास्तीबारे प्रधानमन्त्रीको जवाफमा विपक्षी सांसदहरूले असन्तुष्टि

नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई बर्खास्ती गर्ने सरकारको निर्णयबारे प्रधानमन्त्री केपी ओलीले सदनलाई दिएको जवाफमा विपक्षी सांसदहरूले असन्तुष्टि जनाएका छन्। माओवादी सांसद रेखा शर्मा र रास्वपा सांसद मनीष झाले कुलमानको बर्खास्ती प्रकरणमा प्रधानमन्त्रीले दिएको जवाफ चित्तबुझ्दो नभएको बताए। कांग्रेस सांसद विश्वप्रकाश शर्माले यसमा सरकारले गल्ती गरेको र अदालतमा गैसकेकाले पर्खनुपर्ने धारणा राखे।



'जसले घाटामा रहेको विद्युत् प्राधिकरणलाई मुनाफामा लगे, ९९ प्रतिशत घरमा बिजुली पुर्‍याए। यो योगदानलाई नजरअन्दाज गरेर कुनै तथ्यविना प्रधानमन्त्री एउटा कर्मचारी हटाएको र अर्को नियुक्त गरेको भनेर जसरी सामान्य रूपमा बोल्नुभयो, त्यो खेदजनक छ,' रेखा शर्माले भनिन्, 'सरकार देशभक्त कर्मचारीको विपक्षमा गइरहेको हो भने यसले लोकतन्त्र र संविधान थप कमजोर बनाउँछ।'



रास्वपा सांसद मनीष झाले पनि कुलमान घिसिङ बर्खास्ती प्रकरणमा प्रधानमन्त्रीको जवाफमा आपत्ति जनाए। 'प्रधानमन्त्रीले एउटा कर्मचारीको सरुवा हुँदा ऊ मन्त्रीप्रति लोयल नहुँदा हो भन्नुभयो। म सोध्न चाहन्छु, कर्मचारी राज्यप्रति लोयल हुने कि मन्त्रीप्रति ? मन्त्रीको चाप्लुसी गर्न कोही कर्मचारी आउँछ। संस्थाप्रति लोयल हुने कर्मचारी हामीलाई चाहिएको हो, मन्त्रीप्रति होइन,' उनले भने। झाले तीनकुने घटनाको उच्चस्तरीय न्यायिक आयोग बनाएर छानबिन गर्न माग गरे।



कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले कुलमानलाई हटाएर सरकारले गल्ती गरेको बताए। 'कुलमान घिसिङलाई बाँकी अवधि काम गर्न दिनुपर्थ्यो। सरकारले हटाएर गल्ती गरेको छ,' उनले भने, 'अब यसबारेमा अदालतको फैसला पर्खिनुपर्छ। अदालतमा हुने फैसला नै लोकतन्त्रमा सर्वोपरि हुन्छ।'



एमाले सचिव योगेश भट्टराईले निर्मलनिवासबाट लफंगाहरूलाई माला लगाएर पूर्वराजा ज्ञानेन्द्र शाहले तीनकुनेमा जनताको घर जलाउन पठाएको टिप्पणी गरे। शाहले सरकारसँग भएको सहमति तोडेकाले उनलाई राज्यले दिएको सेवा-सुविधा रोक्नुपर्ने उनको भनाइ थियो। 'पूर्वराजा शाहलाई सरकार पूर्वराष्ट्राध्यक्षको हिसाबले यो राज्यले सेवा सम्मान दिन्छ भनेर दिएको हो। आज त्यो सम्झौता पनि उहाँले भंग गर्नुभयो। अब उहाँलाई दिएको सेवा-सुविधा कायम हुन्छ कि हुँदैन ?' उनले सोधे।

माओवादी सांसद रेखा शर्माले संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्प राजतन्त्र नभएको बताइन्। गणतन्त्रमा सबै गर्ने छुट नभएको, जनतालाई सेवा, सुशासन दिनुपर्ने उनको भनाइ थियो।



राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले तीनकुने घटनामा आन्दोलनकारी मात्रै नभई राज्यले पनि नागरिकमाथि ज्यादती गरेको बताए। लिङ्देनले घटनाको छानबिनका लागि न्यायिक आयोग गठनको माग गरे। घटनाप्रति दुःख व्यक्त गर्दै मृतकहरूलाई सहिद घोषणा गर्न पनि माग गरे।

रवि...

पृष्ठ १ बाट क्रमशः

राजनीतिकसहितका प्रश्न र चुनौतीको सामना गर्ने, विकल्पको राजनीति कमजोर भएको छैन भन्ने सन्देश दिने र पार्टी संगठनमा हुन सक्ने क्षति रोक्ने रणनीति राखेका छन्। यसैअनुसार उनले केन्द्रीय समिति बैठकबाट निर्णय गराउन थालिसकेका छन्।

सहकारी अपचलन अभियोगमा २ कातिकमा पक्राउ परेपछि उनले कार्यवाहक सभापतिको जिम्मेवारी उपाध्यक्ष डिपी अर्याललाई दिएका थिए। लामिछाने कार्यकारी जिम्मेवारीमा फर्किएकै दिन रास्वपाले संगठन संरचनामा व्यापक फेरबदल गर्ने निर्णय गरेको छ। लामिछानेले सभापतित्व गरेको केन्द्रीय समिति बैठकले पार्टी संरचना अझै सबल र सशक्त बनाउन 'म्यासिभ रिफर्म' गर्नुपर्ने निष्कर्ष निकालेको हो।

केन्द्रीय समितिमा आफूमाथि राज्यले राखेको राजनीतिक प्रतिशोध र यातना दिएको पीडादायक अनुभूति सुनाउँदै लामिछाने अझै पनि सरकारले सबै शक्ति रास्वपामा केन्द्रित गरिरहेकाले सशक्त हुन जरुरी रहेको धारणा राखेका थिए। 'आजको दिनमा राज्यसत्ताद्वारा लादिएको पीडा र सबै संघर्षहरू केवल राजनीतिक प्रतिशोधको उपज हो भन्ने स्थापित भइसकेको छ,' उनले भने, 'सरकारले सबै शक्ति केवल हामीमा गरिने प्रहारमा प्रयोग गरिरहेको छ। यो गठबन्धनले अब अर्को प्रहार गर्न सक्छ। त्यसैले हामीले अहिलेको पार्टी संरचना अझै सबल र सशक्त बनाउनुपर्छ।'

सभापति लामिछानेले गणतन्त्र ठुला नेताको पेवा नभएको बताए। 'गणतन्त्र भनेको ओलीतन्त्र र देउवातन्त्र होइन। जनताको तन्त्र हो र त्यो झन्डा हामीले बोक्छौँ,' उनले भने, 'यसका लागि हामी पार्टी संगठनमा भारी रूपमा फेरबदल र पुनर्संरचनामा जानुपर्छ। हामी सबै तयार हुनुपर्छ।'

पार्टीका कार्यवाहक प्रवक्ता मनीष झाका अनुसार पार्टीका संगठनलाई अझै चलायमान बनाउन जिम्मेवारी हेरफेर गर्न लागिएको हो। 'रास्वपामाथि चुनौती बढिरहेका छन्। प्रतिद्वन्द्वी दलहरूले रास्वपाविरुद्ध निषेधको राजनीति गरेका छन्। जुन चुनौती आइरहेको छ, लडाइँको प्रारूप बदलिराखेको छ, हाम्रो क्षमता बदल्नुपर्छ, बढाउनुपर्छ। मिसन ०८४ लाई जनहितका पक्षमा निर्णायक अवसर बनाउन प्रेरित गर्दै एकदमै ऊर्जाका साथ काम गर्न जरुरी छ भनेर रिफर्मको कुरा आएको हो,' झाले भने।

लामिछानेले रास्वपा देश बनाउनका लागि एक ठाउँमा आएर अभियानमा लाग्ने पार्टी भन्दै जिम्मेवारी पाएका नेतालाई समीक्षा गर्न आह्वान गरे। 'मैले के गर्नुपर्छ भन्नुस्। १५ दिनभित्र के भएन र के गर्नुपर्छ भनेर लिखित रूपमा लेखेर ल्याउनुस्, म पार्टीका लागि २४ घण्टा खट्न, सयौँ किलोमिटर हिँड्न तयार छु,' उनले भने। लामिछानेले पार्टी फुटाउने षड्यन्त्रहरू भइरहेको दाबी गर्दै सबै एकढिक्का भएर अगाडि बढ्नुको विकल्प नभएको पनि बताए।

बैठकपछि पार्टी कार्यालयमा रविले सरकारले टाउकोमाथि तरबार झुन्ड्याएकै कारण प्रतिवाद आवश्यक रहेको बताए। 'मैले सोचेको थिएँ, अझै केही समय शान्त बसौँ। तर, सरकारले यसको फाइदा उठाउँदै टाउकोमाथि तरबार झुन्ड्याउँछु भनेर एउटा जिल्लाको अदालतमा मुद्दासमेत नबुझाएर राखेको छ,' उनले भने, 'यिनलाई लागेको छ- यसको टाउकोमाथि एउटा तरबार राख्यो भने चुपचाप बस्छ, यो डराउँछ। कुनै पनि वेला शिरमाथि लागेको तरबार खसाल, म थाप्न तयार छु।'

अहिलेकै कार्ययोजना, कार्यविधि, कार्यशैली र क्षमताले आगामी लक्ष्यसम्म नपुर्‍याउने भएकाले समीक्षा गर्न भनिएको कार्यवाहक प्रवक्ता झाले बताए। 'अमेरिकन लेखक मार्सल गोल्डस्मिथको 'ह्वाट गट यु हियर, वन्ट गेट यु दियर' अर्थात् जुन कुराले मलाई यहाँ पुर्‍यायो, त्यही कुराले आगामी लक्ष्यमा पुर्‍याउँदैन भन्ने भनाइ सभापतिले स्मरण गराउनुभएको हो। सबैले आ-आफ्नो कार्यप्रगति रिभ्यु गर्नुस् भन्नुभएको छ। अब पार्टी संगठन र संसदीय दल सबैमा व्यापक हेरफेर हुन्छ।'

देशव्यापी जनयात्रा गर्ने

रास्वपाले जनताको कुरा सुन्ने यात्रा अर्थात् जनयात्रा गर्ने भएको छ। २३ चैतमा चितवनबाट जनयात्राको शुभारम्भ गरिने कार्यवाहक प्रवक्ता झाले बताए। उनका अनुसार यो यात्राका क्रममा देशव्यापी रूपमा जनतासँग अन्तर्क्रिया गरिनेछ। जनयात्रा कार्यक्रमको कार्यविधिलगायतको संयोजनको जिम्मेवारी संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठलाई दिइएको छ।

Government of Sudur Pashchim Province
Ministry of Social Development
Province Health Logistic Management Center
Dhangadhi, Kailali Nepal

Invitation for Electronic Bid

Date of publication: ***2081/12/18 (March 31, 2025)***

1. The **Province Health Logistic Management Center Dhangadhi-01, Kailali** invites **electronic** bids: under National competitive bidding-**Single Stage Two Envelope procedures** as:

IFB no:-	Description of Goods:	Bid Security	Bid Security Validity
PHLMCSP/G/ NCB-20/081-082	The Procurement of Ready to Eat Supplementary Nutrition Food (Poshan Jhola)	NRs 12,00,000/- (Rupees Twelve Lakhs only)	2082/05/12 (August 28, 2025) or 120 days beyond the day of bid opening.

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp.

Acting Director

बागमती...

पृष्ठ १ बाट क्रमशः

तर, काठमाडौंमा ३८ वटा छन्,' उनले भने, 'यसको मुख्य कारण भनेको देशभरका मान्छे यहाँ छन्। त्यसैले अपराध, आर्थिक क्रियाकलाप र कारोबार यहीँ बढी हुन्छ। ठुला बैंक, संस्थान, कार्यालय तथा संस्थाका मुख्यालय यहीँ छन्। यस्तोमा मुद्दा बढ्नु स्वाभाविक हो। सम्बन्ध विच्छेद, चेक अनादरजस्ता अस्थायी ठेगाना काठमाडौं भएपछि क्षेत्राधिकार लाग्ने मुद्दा थुप्रा छन्। घटना भएको ठाउँमा क्षेत्राधिकार लाग्छ। त्यसैले मुद्दा बढी देखिएको हो।'

मधेशमा दोस्रो सबैभन्दा बढी मुद्दा दर्ता हुनुको कारण जनसंख्या रहे पनि कतिपय अवस्थामा राज्यको नीति तथा राज्यका निकायले आफ्नो जिम्मेवारी पूरा नगर्नु पनि रहेको अधिवक्ता तथा बार एसोसिएसन जनकपुरका अध्यक्ष विमलकुमार मिश्रले बताए। साथै, कतिपय अवस्थामा मुद्दा मामिला इज्जत प्रतिष्ठाको विषय पनि बन्ने गरेको अनुभव उनले सुनाए। 'मधेशमा मुख्य त जनसंख्या हो। अर्को तत्त्व भनेको स्रोत-साधन सम्पन्न ठाउँमा जुँगाको लडाइ हुन्छ। अनि कतिपय अवस्थामा अपराधीकरण नहुने कुरामा पनि राज्यको नीति नियमले मुद्दा बढेका छन्। उदाहरणका लागि मिटरब्याजको कानुनपछि थुप्रै साहुहरूले आफूलाई पक्राउ नगर्न भनी अदालतबाट आदेश लिए। झन्डै डेढ हजार यस्ता निवेदन अदालतमा दर्ता भए,' उनी भन्छन्, 'अनि राज्यका निकाय, जस्तो भूमिसुधार, मालपोत, जिल्ला प्रशासन आदि नियम-कानुनअनुसार नचल्दा पनि अन्तिम उपाय अदालत नै हुने गरेको छ। जस्तो आमाबुबाबिच सम्बन्ध विच्छेद वा अंश मुद्दा चलिरहेको छ भने सम्बद्ध निकायले जन्मदर्ता, नगरिकता आदि नबनाइदिने गर्छन्। यस्तोमा अधिकार प्रचलन गराउन अदालत नै अन्तिम विकल्प हुने गरेको छ।'

प्रतिवेदनअनुसार न्यायाधिकरण तथा अन्य विशिष्टीकृत अदालतमध्ये सबैभन्दा बढी चाप राजस्व न्यायाधिकरणमाथि छ। त्यहाँ उक्त वर्ष १४ सय ४७ वटा मुद्दाको लगत रहेको अभिलेख छ भने ऋण असुली न्यायाधिकरणमा ८१४ वटा मुद्दा थिए। उक्त अवधिमा विशेष अदालतमा ५७५, श्रम अदालतमा ४८१ तथा वैदेशिक रोजगार न्यायाधिकरणमा ३८१ वटा मुद्दा थिए। प्रशासकीय अदालतमा ९१ र ऋण असुली पुनरावेदन न्यायाधिकरणमा ५५ वटा मुद्दाको लगत छ।

गत आर्थिक वर्षमा एक लाख ६० हजारभन्दा बढी मुद्दाको लगत सबै अदालत र न्यायाधिकरणमा रहेकामा ५८.२४ प्रतिशत मुद्दा फर्स्योट भएका थिए। प्रतिवेदनअनुसार कैदतर्फ एक लाख ७१ हजार ५९२ वर्ष असुल गर्न बाँकी रहेकोमा ३३.१९ प्रतिशत असुल भएको छ।

प्रतिवेदनअनुसार उक्त अवधिमा सबै जिल्ला अदालतले ४४ अर्ब ५० करोड रुपैयाँभन्दा बढी जरिवाना असुल गर्नुपर्ने थियो। यसमा २७.८३ प्रतिशत असुल भई ३२ अर्ब ११ करोड रुपैयाँभन्दा बढी असुल हुन बाँकी छ। सरकारवादी हुने फौजदारी मुद्दाका फैसला कार्यान्वयनका लागि कार्यपालिकाको विशेष सहयोग तथा समन्वय आवश्यक रहेको प्रतिवेदनले औँल्याएको छ।

इजलासमा बढ्दो चापका कारण संविधान संशोधन गर्न सुझाव

सर्वोच्च अदालतले विशेषगरी संवैधानिक इजलासमा बढ्दो मुद्दाको चाप कम गर्न संविधान संशोधनको सुझाव दिएको छ। सर्वोच्चको प्रतिवेदनअनुसार स्थानीय तहको सभाबाहेक अन्य निकायले बनाएका कार्यविधि तथा नियमावलीको संवैधानिकता परीक्षणका लागि मुद्दा दर्ता हुँदा चुनौती थपिएको छ। उच्च अदालतको क्षेत्राधिकार विस्तार गरेर यसलाई घटाउन सकिने प्रतिवेदनमा छ। 'स्थानीय तथा प्रदेश तहको कानुनको संवैधानिकता परीक्षण गर्ने अधिकार र निर्वाचनसम्बन्धी विवाद संवैधानिक इजलासको क्षेत्राधिकारबाट हटाई उच्च अदालतको क्षेत्राधिकार विस्तार गर्न संविधान संशोधन गरिनुपर्छ,' प्रतिवेदनमा छ।


तर, पूर्वन्यायाधीश बलाराम केसीले संवैधानिक इजलासलाई तल्लो अदालतमा राख्ने निर्णय उचित नहुने बताएका छन्। उनका अनुसार सर्वोच्च अदालतले मातहतका अदालतलाई संविधानको व्याख्याको जिम्मेवारी दिनु उपयुक्त हुँदैन। 'सर्वोच्चले नै संविधानको अन्तिम व्याख्या गर्ने जिम्मेवारी वहन गर्छ। त्यसैले सर्वोच्च अदालतको निर्णय नै बढी आधिकारिक र अन्तिम मानिन्छ। यदि तल्लो अदालतलाई यस्तो अधिकार दिइयो भने त्यसको व्याख्या विवादास्पद हुन सक्छ, जसका कारण उही विषय फेरि सर्वोच्च अदालतमै आउने सम्भावना रहन्छ,' उनले भने। संवैधानिक व्याख्यासम्बन्धी विषयमा विशेषज्ञता र पर्याप्त जनशक्ति थप गर्नुपर्ने उनको भनाइ छ।

नेपालमा पहिलोपटक मंसिर ०७२ मा संवैधानिक इजलास गठन भएको थियो। त्यसवेला सर्वोच्च अदालतको विशेष इजलासमा रहेका मुद्दा संवैधानिक इजलासमा सारिएका थिए।

संवैधानिक इजलासमा कुन वर्ष कति मुद्दा ?

आव	लगत	फर्स्योट	बाँकी
०७६/७७	२११	२५	१८६
०७७/७८	२९७	१८	२७९
०७८/७९	४३६	१२१	३१५
०७९/८०	४१२	१७४	२३८
०८०/८१	३००	६९	२३१

● **बलराम केसी**, पूर्वन्यायाधीश



सर्वोच्चले नै संविधानको अन्तिम व्याख्या गर्ने जिम्मेवारी वहन गर्छ। त्यसैले सर्वोच्च अदालतको निर्णय नै बढी आधिकारिक र अन्तिम मानिन्छ। यदि तल्लो अदालतलाई यस्तो अधिकार दिइयो भने त्यसको व्याख्या विवादास्पद हुन सक्छ, जसका कारण उही विषय फेरि सर्वोच्च अदालतमै आउने सम्भावना रहन्छ।

पौडी खेल्ने...

पृष्ठ १ बाट क्रमशः

डोढारेका सुन्दर आचार्यका छोरा १४ वर्षीय सुशान्त तथा काभ्रे नमोबुद्ध- १०, फूलबारी दाप्चाका १४ वर्षीय प्रमेश घोरासैनी र ११ वर्षीय प्रभात घोरासैनीको मृत्यु भएको मकवानपुर प्रहरीका इन्स्पेक्टर ठाकुरप्रसाद सापकोटाले जानकारी दिए। घोरासैनी दाजुभाइ परीक्षा सकेर मामाघर घुम्न गएका थिए। प्रमेश र सुशान्तले कक्षा ८ तथा प्रभातले कक्षा ६ को परीक्षा दिएका थिए।

इन्स्पेक्टर सापकोटाका अनुसार डुबेर अचेत अवस्थामा रहेका उनीहरूलाई सोमबार साँझ ४:४५ बजे उद्धार गरिएको थियो। तर, ललितपुरस्थित पाटन अस्पताल पुर्‍याइएकामा चिकित्सकले मृत घोषणा गरेको उनले बताए। खोलाको पानी जमेर बनेको दहमा पौडी खेल्ने क्रममा उनीहरू डुबेका थिए।

■ नेपाली प्रधानमन्त्रीको पहिलो औपचारिक थाइल्यान्ड भ्रमण

प्रधानमन्त्री ओली बिमस्टेक सम्मेलनमा सहभागी हुने, मोदीसँग भेट अनिश्चित

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओली मंगलबार थाइल्यान्ड जाँदै छन् । कूटनीतिक सम्बन्ध स्थापना भएको ६५ वर्षपछि नेपालका प्रधानमन्त्रीको पहिलोपटक थाइल्यान्डमा औपचारिक भ्रमण हुन लागेको हो । प्रधानमन्त्री ओली नेतृत्वको भ्रमण टोली मंगलबार दिउँसो १३:३० बजे थाई एयरलाइन्सबाट बैंककतर्फ प्रस्थान गर्नेछ ।

प्रधानमन्त्री ओली थाइल्यान्डको औपचारिक भ्रमण र बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडी प्रयास (बिमस्टेक) छैटौं शिखर सम्मेलनमा सहभागी हुनेछन् । औपचारिक भ्रमण सकिएलगत्तै प्रधानमन्त्री ओलीले बिमस्टेक शिखर सम्मेलनमा सहभागिता जनाउनेछन् । बिमस्टेक सम्मेलनमा सहभागी हुने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग प्रधानमन्त्री ओलीको भेटवार्ता अझै तय भएको छैन । 'भारतीय प्रधानमन्त्रीसँग हाम्रा प्रधानमन्त्रीको भेटका लागि कूटनीतिक च्यानलमार्फत अनुरोध पठाइएको छ । तर, भारतीय पक्षबाट भेटवार्ता यकिन भएको जानकारी प्राप्त भएको छैन,' सोमबार साँझ एक उच्च कूटनीतिक अधिकारीले नयाँ पत्रिकासँग भने, 'शिखर सम्मेलन २२ चैतमा हुँदै छ, २१ चैतमा मोदीसहित सदस्य मुलुकका कार्यकारी प्रमुख थाइल्यान्ड पुग्दै छन् र २३ चैतमा सबै नेता स्वदेश फर्किनुपर्ने समयसीमाका कारण भेटवार्ताबारे भन्न सकिने स्थिति छैन ।'

प्रधानमन्त्रीले संसद्मा भने–

समयको चाप छ, अधिकांश सदस्य देशका नेता २१ गते मात्र बैंकक आइपुग्ने तालिका छ । तर, पनि शिखर सम्मेलनलगत्तै बाँकी मुलुकका नेताहरूसँग सम्भव भएसम्म साइडलाइन वार्ताको योजना गरिएको छ ।

प्रधानमन्त्री ओलीले सोमबार प्रतिनिधिसभा बैठकलाई भ्रमणबारे जानकारी दिने क्रममा पनि मोदीसँग भेटवार्ता नहुने संकेत गरेका छन् । 'समयको चाप छ, अधिकांश सदस्य देशका नेता २१ गते मात्र बैंकक आइपुग्ने तालिका छ । तर, पनि शिखर सम्मेलनलगत्तै बाँकी मुलुकका नेताहरूसँग सम्भव भएसम्म साइडलाइन वार्ताको योजना गरिएको छ,' प्रधानमन्त्री ओलीले भने । बिमस्टेकमा नेपाल, भारत, भुटान, बंगलादेश, श्रीलंका, थाइल्यान्ड र म्यानमार सदस्य छन् । बिमस्टेक सम्मेलनमा प्रधानमन्त्री ओली, भारतीय प्रधानमन्त्री मोदी, थाइल्यान्डका प्रधानमन्त्री फेथोङथान सिनावात्रा, बंगलादेश सरकारका प्रमुख सल्लाहकार मोहम्मद युनुस, भुटानी प्रधानमन्त्री छिरिङ तोब्गे, श्रीलंकाकी प्रधानमन्त्री हरिनी अमरासूर्य र म्यानमारका मिन आङ अङ सहभागी हुने कार्यक्रम छ ।

प्रधानमन्त्री ओली २१ चैतमा बिमस्टेक शिखर सम्मेलनका नेताहरूलाई थाई प्रधानमन्त्रीले आयोजना गर्ने रात्रिभोजमा सहभागी हुनेछन् । उनी २२ चैतमा बिमस्टेक शिखर सम्मेलनमा सहभागी हुनेछन् । त्यही दिन प्रधानमन्त्री ओलीसहित शीर्ष नेताहरूले सम्बोधन गर्ने कार्यक्रम छ । बिमस्टेक नेताहरूबिच बिहीबार मेरिटाइम ट्रान्सपोर्ट कोअपरेसन एग्रिमेन्टमा हस्ताक्षर हुने कार्यक्रम रहेको ओलीले संसद्लाई जानकारी दिएका छन् । सोही साँझ बैंककस्थित नेपाली दूतावासमा आयोजित रात्रिभोजमा सहभागी भएर ओली शनिबार स्वदेश फर्किने कार्यक्रम छ ।




केपी ओली, प्रधानमन्त्री



फेथोङथान सिनावात्रा, थाई समकक्षी

■ नेपाल–थाइल्यान्ड सम्झौताको तयारी

प्रधानमन्त्री ओली नेतृत्वको प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, प्रधानमन्त्री पत्नी राधिका शाक्य, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक-विकास सल्लाहकार डा.युवराज खतिवडा, मुख्यसचिव एकनारायण अर्याल, परराष्ट्रसचिव अमृतबहादुर राई, प्रधानमन्त्रीका निजी चिकित्सक डा.दिव्यासिंह शाह, प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव राजेश बज्राचार्य, सुरक्षाकर्मी र सञ्चारकर्मीसहित २१ जना रहनेछन् । भ्रमणको तयारीका क्रममा परराष्ट्र मन्त्रालयका दुई अधिकारी बैंकक पुगेका छन् । थाइल्यान्डका लागि नेपाली राजदूत धनबहादुर वलीसहित दूतावासका चार अधिकारी नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी भ्रमण दलमा सामेल हुनेछन् । भ्रमणमा नेपालको निजी क्षेत्रका प्रतिनिधि पनि सामेल हुनेछन् ।



बुधबार दुई प्रधानमन्त्रीबिच औपचारिक वार्ता हुनेछ भने त्यस क्रममा दुई सरकारी र ६ निजी क्षेत्रबीच सहकार्यसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर हुनेछ । 'यति नजिकको र ट्रान्जिट प्वाइन्टजस्तो त्यहाँबाट यता जाने, उता जाने, तर औपचारिक भ्रमणचाहिँ नभएको त्यस्तो अवस्था रहेछ । त्यसलाई अन्त्य गर्न नेपालको तर्फबाट कार्यकारी प्रमुखको पहिलोपटक भ्रमण हुँदै छ । यस अर्थमा यो भ्रमण आफैंमा महत्त्वपूर्ण हो भन्ने ठान्दछु,' प्रधानमन्त्री ओलीले भने, 'यसपटक पर्यटन र संस्कृतिको सन्दर्भमा दुईवटा समझदारीपत्रमा हस्ताक्षर हुन्छ । दुई प्रधानमन्त्रीको उपस्थितिमा **गैरसरकारी** क्षेत्रबिच ६ वटा समझदारीपत्रमा हस्ताक्षर हुनेछ ।'

द्विपक्षीय वार्तापछि नेपाल र थाइल्याण्डका प्रधानमन्त्रीले संयुक्त पत्रकार सम्मेलन गर्ने कार्यक्रम छ । उनले थाइल्यान्डका नरेश महा वजिरालोङकोर्नसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ । प्रधानमन्त्री ओलीले २१ चैतमा थाइल्यान्डका प्रतिष्ठित व्यावसायीहरूसँग अन्तर्क्रिया गर्ने कार्यक्रम छ । सोही दिन उनले एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नेछन् ।

केन्द्रीय क्याम्पस कीर्तिपुरमा नेविसंघका जोशी विजयी

त्रिचन्द्रमा अवरोध, २० चैतभित्र निर्वाचन गरिसक्नुपर्ने





शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसमा स्ववियू सभापति नेविसंघले जितेको छ । कडा प्रतिस्पर्धाका बिच नेविसंघका दीपकराज जोशी विजयी भएका हुन् । उनले अनेरास्ववियूका सिद्धान्त भट्टलाई आठ मतले पराजित गरे ।

विजयी भएका जोशीले ७८९ र निकटतम प्रतिस्पर्धी अनेरास्ववियूका भट्टले ७८१ मत ल्याए । अखिल (क्रान्तिकारी) का प्रवीन दाहालले ७२७, स्वतन्त्र उम्मेदवार उज्ज्वल खड्काले ७१७ र अर्की स्वतन्त्र उम्मेदवार पदमा भुसालले १६६ मत प्राप्त गरिन् । खड्का अनेरास्ववियूनिकट र भुसाल नेविसंघ निकट हुन् । संगठनले टिकट नदिएपछि उनीहरू स्वतन्त्र उम्मेदवार दर्ता गराएर चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए ।

केन्द्रीय क्याम्पसमा सभापति नेविसंघले जिते पनि अन्य सबै पदमा अनेरास्ववियुले जितेको छ । सचिवमा हिक्मतकुमार बुढा, कोषाध्यक्षमा सञ्चमाया सुब्बा र सदस्यमा निर्वाचित हुने सबै अनेरास्ववियूका उम्मेदवार छन् । ६ हजार १४६ मतदाता रहेको केन्द्रीय क्याम्पस त्रिविमा तीन हजार ११८ मत खसेको थियो । ५ चैतमै चुनावको तालिका तय भए पनि विद्यार्थीहरूकै अवरोधका कारण चुनाव हुन सकेको थिएन । विद्यार्थीहरूले यसअघि उपकुलपति, रजिस्ट्रार, रेक्टरलगायतको कार्यकक्षमा तालाबन्दी गरेपछि चुनाव रोकिएको थियो । पटक-पटक निर्वाचन मिति तोकिँदै आए पनि सोमबार मतदान भएको हो ।

त्रिविले ५ चैतमा आंगिक र सम्बन्धनप्राप्त क्याम्पसमा स्ववियू निर्वाचन गराउन आह्वान गरे पनि विद्यार्थीका कारण एकै चरणमा सबै क्याम्पसमा चुनाव हुन सकेन । ६२ आंगिक क्याम्पसमध्ये करिब पाँचवटा क्याम्पसमा चुनाव हुन अझै बाँकी रहेको त्रिविले जनाएको छ । सम्बन्धनप्राप्त ३४० हाराहारी क्याम्पसमा चुनाव गर्नुपर्ने भनिए पनि १० क्याम्पसमा चुनाव अझै हुन सकेको छैन । तर, चुनावको सबै विवरण त्रिविले राखेको देखिँदैन ।

त्रिभुवन विश्वविद्यालय विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका प्रमुख पशुपति अधिकारीले चुनावको तथ्यांक संकलन गरी एकीकृत गर्ने प्रक्रियामा विद्यार्थी संगठनले सहयोग नगरेको जानकारी दिए । चुनाव सर्दै जाँदा त्रिविको शैक्षिक क्यालेन्डरमै असर परेको

तिला कर्णाली क्याम्पसमा क्रान्तिकारीका सिंह विजयी



कालीकोट/ कालिकोटको तिला कर्णाली बहुमुखी क्याम्पसमा अनेरास्ववियु क्रान्तिकारीका हिक्मत सिंह सभापतिमा निर्वाचित भएका छन् । उनले ७२ मत प्राप्त गरे । उनका प्रतिस्पर्धी अनेरास्ववियु र नेविसंघको गठबन्धनबाट उम्मेदवार बनेकी दिपा शाहीले ५३ मत प्राप्त गरिन् । सचिवमा नेविसंघ र अनेरास्ववियुको गठबन्धनका खगेन्द्र पाण्डे ७१ मतसहित विजयी भए । कोषाध्यक्षा साझा प्यानलकी मिना शाही ६३ मतसहित विजयी भइन् । कुल १४५ मतदाता रहेको क्याम्पसमा १३३ मत खसेको थियो । सभापतिमा पुनः निर्वाचित सिंहले आफ्नो पहिलो कार्यकालमा सुरु गरिएका, तर पूरा नभएका योजना सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

भन्दै २० चैतसम्म मात्रै निर्वाचनको मिति तोकिएको छ । त्यसपछि चुनाव गराउन नपाइने निर्णय त्रिविले गरिसकेको छ । त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीले चुनाव लम्बिँदै जाँदा शैक्षिक क्यालेन्डर बिथोलिने र पढाइ प्रभावित हुने भएकाले २० चैतको समयसीमा तोकिएको बताए । उनका अनुसार स्ववियू चुनावका लागि त्रिविका केही परीक्षा सारिएको छ ।

■ त्रिचन्द्रमा निर्वाचन अधिकृतलाई दलियो मोसो

स्ववियू निर्वाचनकै कारण त्रिचन्द्र क्याम्पसमा मोसो दल्नेसम्मका घटना भएको छ । विद्यार्थी संगठनहरूले निर्वाचन अधिकृत अंगदमणि गौतमलाई मोसो दलेका छन् । चुनाव गराउन उचित भूमिका नखेलेको भन्दै विद्यार्थी संगठनले मोसो दलेका हुन् । त्रिचन्द्रमा मंगलबार निर्वाचन हुँदै छ । यसअघि पटक-पटक अवरोध भएको तेह्रथुम क्याम्पसमा आइतबार निर्विरोध रूपमा स्ववियू सभापति चयन गरिएको छ । अध्यक्ष नेविसंघ, उपाध्यक्ष र सचिव अनेरास्ववियू र कोषाध्यक्ष अखिल क्रान्तिकारीले भागबन्डा गरेका छन् ।

संक्षेप

एक लाख फिर्ता माग्दा हत्या गरेर शव गाडियो

काठमाडौं/ एक लाख १० हजार फिर्ता माग्दा काठमाडौंको गोकर्णेश्वरमा एक युवकको हत्या भएको छ । सर्लाहीको चक्रघट्टा गाउँपालिका घर भई गोकर्णेश्वर- ५ बाहुनधारा बस्ने १९ वर्षीय राहुल साहको हत्या भएको हो । गोकर्णेश्वर- ८ माकलबारीस्थित आरके मोटरसाइकल वर्कसपमा उनको हत्या भएको हो । वर्कसपको पछाडि खाली जग्गामा शव गाडिएको अवस्थामा भेटिएको जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी अपिलराज बोहराले बताए । उनका अनुसार हत्यामा संलग्न ६ जना पक्राउ परेका छन् । घटना गत ११ चैतको हो । साहले पैसा फिर्ता माग्न गएकोमा उनको हत्या भएको हो । हत्यापछि घटना लुकाउन शव गाडेका थिए । सर्लाहीको एउटै गाउँका उनीहरू साथी हुन् । हत्यामा संलग्न सर्लाही चक्रघट्टा गाउँपालिका- १ घर भई गोकर्णेश्वरको बाहुनधारामा वर्कसप चलाउने निपु मण्डल, विजय यादव, कुमार महतो, जोधन मण्डल, उत्तम मण्डल र भारतको बिहार घर भएका सुनील शर्मा छन् । उनीहरूलाई कर्तव्य ज्यान मुद्दामा अदालतबाट पाँच दिनको म्याद लिई अनुसन्धान अघि बढाइएको प्रहरी वृत्त बौद्धका डिएसपी जयश्वर रिमालले बताए । साह हराएको भनेर १२ चैतमा प्रहरीमा उजुरी परेको थियो ।

सरकारलाई पत्रकार महासंघको सातदिने अल्टिमेटम

काठमाडौं/ नेपाल पत्रकार महासंघले तीनकुनेको हिंसात्मक घटनामा सञ्चारमाध्यम र सञ्चारकर्मीमाथि आक्रमण गर्नेलाई कारबाही गर्न सरकारलाई सात दिने अल्टिमेटम दिएको छ । महासंघले सोमबार गृहमन्त्री रमेश लेखक, प्रदेश समितिहरूले मुख्यमन्त्री/आन्तरिक मामिलामन्त्री र शाखाहरूले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत ध्यानाकर्षणपत्र बुझाएको महासंघका महासचिव रामप्रसाद दाहालले बताए । महासंघले मृतक पत्रकारको न्याय र उनका परिवारलाई क्षतिपूर्ति, आगजनी र ढुंगामुढा गरी क्षति पुऱ्याइएका सञ्चारगृहलाई क्षतिपूर्ति, घाइते पत्रकारको उपचार, क्षति पुऱ्याइएका/हराएका सञ्चार उपकरणको क्षतिपूर्ति तथा सञ्चारगृह र सञ्चारकर्मीको सुरक्षाको प्रत्याभूति नभए एक सातापछि आन्दोलनमा उत्रिने चेतावनी दिएको छ । ध्यानाकर्षण पत्रमा आगोमा जलेर ज्यान गुमाएका पत्रकार सुरेश रजकको सम्बन्धमा छानबिन गरी दोषीहरूलाई तत्काल कारबाही गर्न र उनका परिवारलाई क्षतिपूर्ति दिन, क्षति पुऱ्याइएका अन्नपूर्ण पोस्ट, कान्तिपुर टेलिभिजन, हिमालयन टेलिभिजनलाई क्षतिपूर्ति दिन र घाइते पत्रकारलाई क्षतिपूर्ति र निःशुल्क उपचार उपलब्ध गराउन माग गरिएको छ ।

सुनका गरगहना चोर्ने र किन्ने दुवै पक्राउ

कञ्चनपुर/ सुनका बहुमूल्य गरगहना चोर्ने गिरोह र खरिद गर्ने व्यवसायी फन्दामा परेका छन् । कञ्चनपुरको भीमदत्तनगरको एक घरबाट सुनका गरगहना चोरी गर्नेदेखि किन्ने सुन व्यवसायी पक्राउ परेका हुन् । १२ चैतमा भीमदत्त नगरपालिका-७ हल्दुखालका केशवसिंह महराको घरबाट सुन चोरेर महेन्द्रनगरको निडलानैसी सुनचाँदी पसलमा बिक्री गर्ने समूह कानुनी दायरामा आएको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता उमेशराज जोशीले हल्दुखालका महराको घरबाट सुनका नौ प्रकृतिका गरगहना चोर्ने चारजना र खरिद गर्ने दुईजना सुनचाँदी व्यवसायी पक्राउ परेको बताए । उनका अनुसार सुन चोर्नेमा भीमदत्त नगरपालिका-६ ऐठपुरका राहुल चन्द, अमित खत्री, चक्र सुनार, महेन्द्र नायक छन् । खरिद गर्ने भीमदत्त नगरपालिका-४ महेन्द्रनगर निडलाशैनी सुनचाँदी पसलका सञ्चालक नवीन पौडेल र उनकी श्रीमती इसा पौडेल पक्राउ परेका छन् ।

गणतन्त्रको पक्षमा एमालेको जागरण ञ्याली र सभा

काठमाडौं/ सत्तारूढ दल एमालेले गणतन्त्रको पक्षमा जागरण सन्देश दिँदै देशभर जागरण ञ्याली र सभा गरेको छ । देशव्यापी जागरण ञ्याली गरेको छ । राजतन्त्र फर्काउने प्रयासमा रहेका पूर्वराजावादीहरूको प्रयासको भण्डाफोर, हत्या, हिंसात्मक र उद्दण्ड क्रियाकलापको विरोध गर्दै एमालेले एकै दिन देशैभर जनपरिचालनका लागि जागरण ञ्याली र सभा गरेको हो । काठमाडौंमा भने महासचिव शंकर पोखरेलको नेतृत्वमा कोटेश्वरको तिनकुनेबाट भक्तपुर र काठमाडौंको चक्रपथका साथै भित्री सहरमा समेत बृहत् मोटरसाइकल ञ्याली गरिएको एमालेले जनाएको छ । ञ्यालीको कमान्ड केन्द्रीय सम्पर्क समन्वय कमिटीका संयोजक श्याम बस्नेत र राष्ट्रिय युवा संघ नेपालका पूर्वअध्यक्ष महेश बस्नेतलगायतले गरेका थिए । एमालेको केन्द्रीय सम्पर्क समन्वय कमिटी र जिल्ला सम्पर्क मञ्च, काठमाडौं, भक्तपुर, ललितपुर जिल्ला कमिटी, युवा, मजदुर, महिला, अखिलसहित जनवर्गीय संगठन मोटरसाइकल ञ्यालीमा सहभागी थिए ।

■ मनाइयो इद



इस्लाम धर्मावलम्बीको महान् चाड इद (इद उल फित्र)को अवसरमा सोमबार पञ्च काश्मिरी तकिया मस्जिद तीनधारा पाठशालामा नमाज पाठ गर्दै मुस्लिम समुदाय । **तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका**

पहिलोपटक ओली एकीकृत समाजवादी कार्यालयमा

प्रकाश ज्वालाले भने- 'आइसब्रेक'भयो

काठमाडौं/ प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओली पहिलोपटक एकीकृत समाजवादीको केन्द्रीय कार्यालय पुगेका छन् । एमाले विभाजन भएर ०७८ भदौमा एकीकृत समाजवादी गठन भएयता ओलीको माधवकुमार नेपाल, झलनाथ खनालसहितका नेताहरूबिच तिक्ततापूर्ण सम्बन्ध छ । साढे तीन वर्षदेखि ओली र नेपालबिच पानी बाराबारकै स्थिति छ । पार्टी विभाजनपछि नौ महिनासम्म एमालेले संसद् बैठक नै चल्न दिएको थिएन । तर, यी सबै तिक्ततालाई बिर्सेर ओली सोमबार एकीकृत समाजवादी कार्यालय पुगेर नेताहरूसँग कुराकानी गरे । आलोकनगर पुगेर ओलीले वरिष्ठ पत्रकार एवं राजनीतिज्ञ कमल कोइरालालाई अन्तिम श्रद्धाञ्जली दिए ।

आलोकनगरमा ओलीले पुराना सहकर्मीसँग भलाकुसारी गरे । सन्चोबिसन्चो सोध्नुका साथै हार्दिकता साटासाट गरे । प्रधानमन्त्री ओली, एकीकृत समाजवादीका अध्यक्ष नेपाल, सम्मानित नेता खनाल, एमाले पूर्वउपाध्यक्ष भीम रावललगायत नेताहरू एउटै कोठामा सौहार्दपूर्वक बसेर कुराकानी गरेका थिए । एकीकृत समाजवादीका उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले 'आइसब्रेक'कै संज्ञा दिएका छन् । 'भेट्दा बोलचाली नहुने नेताहरू एउटै कोठामा बसेर संवाद गर्ने स्थिति बन्यो । यसले संवाद र सहकार्यको वातावरण बनाएको छ । यसले राम्रो सन्देश दिएको छ,' उनले भने । ओली र रावलको बिचमा नेपाल बसेका थिए । ओलीको छेउमा माओवादी वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र रावलको छेउमा एकीकृत समाजवादीका वरिष्ठ नेता प्रमेश हमाल थिए । उनीहरू एउटै लहरमा थिए ।



ओलीलाई एकीकृत समाजवादीको अस्तित्व स्विकार्ने कठिन भएको थियो । गत राष्ट्रपतिको निर्वाचनमा एमालेले एकीकृत समाजवादीलाई दलको रूपमा स्विकारेर सहयोग गर्न पत्र काटेको थियो । राष्ट्रपतिका उम्मेदवार सुवासचन्द्र नेम्वाङसहितका नेता पत्र लिएर एकीकृत समाजवादीको केन्द्रीय कार्यालय पुगेका थिए ।

७० जिल्लामा फैलिएको बाह्य मिचाहा प्रजातिको वनस्पति रोक्न सरकारले ल्यायो रणनीति

जोखिमयुक्त बाह्य मिचाहा प्रजातिको खेती, बेचबिखन र प्रवेश तथा ओसारपसार नियन्त्रणका लागि संयन्त्र बनाइने

यम बम/नयाँ पत्रिका

सरकारले 'बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय रणनीति तथा कार्यान्वयन योजना, २०८१' स्वीकृत गरेको छ । संसारकै खराब मिचाहा प्रजातिमा पर्ने सेतो वनमारा, जलकुम्भी, लहरे वनमारा, वनफाँडा नेपालमा पनि तीव्र रूपमा फैलन थालेपछि वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले मन्त्रीस्तरीय निर्णयबाट आइतबार रणनीति स्वीकृत गरेका हुन् । १० वर्षअघि नै रणनीतिका लागि गृहकार्य थाले पनि बल्ल बनेको हो ।

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका महानिर्देशक डा. राजेन्द्र केसीले रणनीति स्वीकृत भएसँगै मिचाहा प्रजातिको प्रवेश र फैलावटलाई नियन्त्रण गर्न सहयोग पुग्ने बताए । 'बाह्य मिचाहा प्रजातिका कारण वन्यजन्तुको वासस्थान क्षति गरेको, मिचाहा वनस्पति खाँदा घरपालुवा वस्तुभाउ मरेको, वन डढेलोको जोखिम बढेको थियो,' केसीले भने, 'अब तीन तहकै सरकार र सरोकारवाला निकायको सहकार्यमा मिचाहा प्रजाति भित्रिन नदिन र भित्रिसकेकालाई फैलन नदिने गरी काम गर्न सहज हुनेछ ।' वन तथा वनस्पति विभागको 'नेपालमा फैलिएका बाह्य मिचाहा प्रजाति' पुस्तकमा उल्लेख भएअनुसार ७० भन्दा धेरै जिल्लामा मिचाहा प्रजातिका वनस्पति फैलिसकेको छ । नेपालमा २८ बाह्य मिचाहा प्रजाति छन् । नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट)का अनुसार जलकुम्भी, सेतो वनमारा, कालो वनमारा, वनफाँडा, लुँडे काँडा, लज्जावती, गन्धे, निलोगन्धे, जलजम्बु, थाकल, कालोकुरो, फुलेभार, चित्लागे, वनसिलाम, बेसरम, करौंतेघाँस, लहरेवनमारा, माइरियोफिलम एक्वाटिकम, चरीअमिलो झार, पातीझार, कुम्भिका, ठुलो टाप्ने, सानो टाप्ने, आलुपाते, भैंडेकुरो, थाङ्नेझार र सिंगापुरे डेजी बाह्य मिचाहा प्रजाति हुन् ।

०७९ मा काभ्रेको पाँचखालमा देखिएको सिंगापुरे डेजी पछिल्लोपटक कैलालीमा पनि देखिएको छ । सेतो गन्धेझार ५२ जिल्लामा फैलिइसकेको छ । वनफाँडा ३४, सेतो वनमारा २३, जलकुम्भी १५ र लहरे वनमारा १२ जिल्लामा फैलिसकेको छ । तर, जिल्लागत रूपमा ७० जिल्लामा बाह्य मिचाहा प्रजाति फैलिसकेको वनस्पतिविद् बताउँछन् । करौंते घाँस नेपालमा पहिलोपटक सन् १८२० मा पाइएको थियो । एक सय वर्षअघिदेखि नेपालमा दक्षिण तथा मध्य अमेरिकाबाट बाह्य मिचाहा प्रजाति भित्रिन थालेका हुन् । खासगरी बीउको माध्यमबाट भित्रिएका हुन् ।

महानिर्देशक केसीका अनुसार मिचाहा प्रजाति चाँडै बढ्ने, फैलने गर्छ भने कृषिबालीका लागि आवश्यक प्रकाश र तापक्रम सोस्न अवरोध पुऱ्याउँछ । पानीको स्रोतलाईसमेत सुकाउने गर्छ ।



■ रणनीतिमा के छ ?

रणनीतिले सन् २०३० सम्म बाह्य मिचाहा प्रजातिको फैलने दरलाई कम्तीमा ५० प्रतिशतले कम गर्ने लक्ष्य लिएको छ । त्यसका लागि मिचाहा प्रजातिको पहिचान गरी प्रारम्भिक अवस्थामै नियन्त्रण गर्ने योजना अघि सारिएको छ भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय विस्तार गरी काम गर्ने उल्लेख छ । मिचाहा प्रजातिको फैलावट रोक्न राष्ट्रिय चेतावनी सूची जारी गरिने वन अनुसन्धान केन्द्रका महानिर्देशक डा. राजेन्द्र केसीले बताए । 'मिचाहा प्रजातिबारे आमनागरिकमा जनचेतना फैलाउनुपर्नेछ, त्यसका लागि हानिकारक सूचीमा रहेका प्रजातिको सूची बनाइनेछ,' उनले भने, 'बाह्य मिचाहा प्रजातिको प्रवेश हुन नदिन तथा निकासी पैठारी नियमनका लागि राष्ट्रिय बिरुवा संरक्षण संगठनसँग सहकार्य गर्ने रणनीतिमा उल्लेख छ ।' कृषि वन, वृक्षरोपण, पारिस्थितिकीय प्रणालीको पुनरुत्थान, नदी नियन्त्रण, मत्स्यपालन, पुष्प व्यवसायका लागि भित्र्याइने बाह्य प्रजातिबाट हुन सक्ने जोखिम (मिचाहा प्रजाति भित्रिन सक्ने जोखिम) न्यूनीकरणका लागि अन्य मुलुकमा मिचाहा प्रजातिको सूचीमा परेकालाई जोखिम मूल्यांकन गरेर मात्र अनुमति प्रदान गरिने रणनीतिमा उल्लेख छ ।

नयाँ पत्रिका

गणतन्त्रका चुनौती र अबको बाटो

बढ्दो महँगी, भ्रष्टाचार, बेरोजगारी र सत्ता सञ्चालकहरूका गैरजिम्मेवार हर्कतले काठमाडौंका सडकमा राजावादीहरूलाई अराजकता मच्चाउने आधार दिएको हो



● प्रेमलकुमार खनाल

अग्रलेख

पेरिस कम्युनमा झैँ यतिवेला मुलुकमा पुनरुत्थानवादी शक्तिहरू सल्बलाइरहेका छन् । खासगरी हिजोको सामन्तवादका नायक ज्ञानेन्द्र शाहका अभिव्यक्ति र गतिविधि अनि ज्ञानेन्द्रको नाम लिएर पुनरुत्थानवादी पूर्वपञ्चहरूले संविधान, गणतन्त्र र नेपाली जनताको सार्वभौम अधिकारविरुद्ध दिइरहेका अभिव्यक्ति र गरिरहेका गतिविधिप्रति ०६२/६३ को जनआन्दोलनका अगुवा राजनीतिक दल र तिनका नेताहरूले गम्भीरतापूर्वक आत्मसमीक्षा गर्नुपर्ने भएको छ ।

यतिवेला पुनरुत्थानवादीहरूले संसद्‌देखि सडकसम्म संविधानविरुद्ध अभिव्यक्ति दिनुका साथै विभिन्न गतिविधि गरिरहेका छन् । आखिर यस्तो के कारणले भइरहेको छ ? यसबारे सटिक विश्लेषण गरी गणतन्त्रवादी दलले आत्मसमीक्षा गरी भए गरेका कमि कमजोरी सुधार्न जरुरी छ । पुनरुत्थानवादीहरूले जनताले भोगिरहेका समस्यालाई लिएर लोकप्रियतावादी राजनीति गरिरहेका छन् । देशमा अनेकन काण्डका कारण भ्रष्टाचार बढेको छ र नेताहरू भ्रष्टाचारमा मुछिएका छन् । यति मात्र होइन, सत्तामा रहेका राजनीतिक दलका नेताले अकुत सम्पत्ति आर्जन गरेको आरोप पनि लागिरहेको छ । खासगरी गत निर्वाचनमा पुनरुत्थानवादी, लोकप्रियतावादी र स्वतन्त्र उम्मेदवारले झन्डै १०/१२ लाख मत प्राप्त गरेका छन् भने जनआन्दोलनकारी राजनीतिक दल, वामपन्थी र लोकतान्त्रिक राजनीतिक दलको मत घटेको छ ।

तर, राजनीतिक दल र नेताहरूले निर्वाचनको नतिजाप्रति चासो दिएका छैनन् । आफ्नै दलका नेता या आफैँविरुद्ध अनेक आक्षेप लाग्दा पनि दल र नेताहरूले आत्मसमीक्षाको खाँचो महसुस गरेका छैनन् । यसले आज दल र नेताको छविमा ह्रास आइरहेको छ भने प्रणालीमा चुनौती खडा भएको छ । ज्ञानेन्द्र शाहलगायत पुनरुत्थानवादीहरूले धमिलो पानीमा माछा मार्ने कोसिस गरी जनतामा भ्रम छरिरहेका वेला दलका नेताहरूले चाहिँ आफू सच्चिनुको साटो जनताका आँखामा बिझाउने काम गरेर पुनरुत्थावादीहरूले छरेको भ्रमलाई बल दिइरहेका छन् । आज मुलुकमा राजनीतिक, आर्थिक संकट जुन ढंगबाट सिर्जना भएको छ, यसको मूल पहिचान गरी समाधान गर्नुको विकल्प छैन ।

अहिले गणतान्त्रिक व्यवस्थामा चुनौती खडा हुनुमा पेरिस कम्युनको असफलतासँग नेपालको राजनीतिलाई पनि तुलनामा गरेर हेर्नुपर्छ । ७२ दिनसम्म रहेको पेरिस कम्युन किन कायम भएन ? वास्तवमा क्रान्तिकारीहरूले पेरिस कम्युन कायम गर्न केही भुल गरे । खासगरी विरोधीका सेनालाई निःशस्त्र नगर्नू, फ्रान्सका बैंकमाथि कब्जा नगर्नू, भर्सेलिज र प्रसियाका शत्रु पक्षको सेनालाई परास्त गर्न नसक्नु, पुँजीपतिलाई जेल हाल्नुको सट्टा विदेश बहिर्गमनको अवसर दिनु, विरोधीलाई सहरभित्र आवतजावत गर्न दिनु, किसानलाई संगठित गरी उनीहरूबाट सहयोग लिन नसक्नु, पेरिस कम्युनलगत्तै भएको निर्वाचनमा विरोधीलाई उठ्ने मौका दिनु, ग्रामीण भेगसम्म पेरिस कम्युनको विजयको सन्देश प्रवाह नहुनु र राज्यसत्ता टिकाउन मजदुर नेताहरू क्रान्तिकारी सिद्धान्त र संगठनमा संलग्न नहुनुजस्ता कारणले पेरिस कम्युन ७२ दिनभन्दा बढी टिक्न सकेन । पेरिस कम्युनझैँ नेपालमा पनि पुनरुत्थानवादीहरूले संविधानभित्रै बसेर संविधानको विरोध गरी राजसंस्थाको वकालत गरिरहेका छन् ।

नेपालमा पनि ०४६ र ०६२/६३ का जनआन्दोलनमा आइपुग्दा आन्दोलनमा दमन गर्नेहरूविरुद्ध अध्ययन गर्न गठित मल्लिक र रायमाझी आयोगका प्रतिवेदनले सिफारिस गरेका दोषी व्यक्तिलाई आन्दोलन र परिवर्तनको सफलतापछि गठित सरकारहरूले कारबाही गर्न नसकेपछि पूर्वपञ्च र पुनरुत्थानवादीहरूले टाउको उठाउने मौका पाए । यति मात्र नभई बहुदल कालमा पूर्वपञ्चहरूलाई प्रधानमन्त्री बनाएर कांग्रेस र एमालेले सुनपानी छर्केर चोख्याउने काम गरे । यो यिनको महाभुल थियो । यस्तै, गणतन्त्रपछि कांग्रेस र एमालेले नेतृत्व गरेका सरकारमा पूर्वपञ्चलाई उपप्रधानमन्त्री र मन्त्री बनाउनु उनीहरूको ठुलो भुल र अवसरवादी राजनीतिको पराकाष्ठा हो ।

दोस्रो जनआन्दोलनको सफलतापछि पूर्वराजा ज्ञानेन्द्र शाहले राज्यको सुरक्षामा सामान्य नागरिक भएर बस्ने कबुल गरेर राज्यले आवास र सुरक्षा उपलब्ध गराएको थियो । तर, आन्दोलनयताका चार-पाँच वर्षदेखि देश तथा भारतलगायत विभिन्न देशको भ्रमणमा निस्कने र हिजोको राजतन्त्रकालकै हिसाबले जनतालाई जयजयकारका नारासहित जुलुसमा सहभागी गराउने, जनताको अभिवादन ग्रहण गर्ने, राजतन्त्र जिन्दावाद, राजा आऊ देश बचाउ, गणतन्त्र मुर्दावाद, हिन्दु राजा जिन्दावादजस्ता नाराबाजीबिच ज्ञानेन्द्रले स्वागत अभिवादन ग्रहण गर्दै हिँडे । यसरी हिजोकै राजतन्त्रकालीन समयमा झैँ ज्ञानेन्द्रको स्वागतमा सुरक्षा दिनु राज्यको ठुलो कमजोरी हो । पुनरुत्थानवादीहरूले सडकका यस्ता असंवैधानिक गतिविधि गरिरहेका वेला खासगरी एमालेले पूर्वपञ्चहरूसँग चुनावी तालमेल गरी पूर्वपञ्च तथा राजावादीलाई विजयी गराएर संसद् प्रवेशमा सघायो । यो एमालेको ठुलो भुल, गैरसिद्धान्तनिष्ठ र अवसरवादी राजनीतिको प्रमाण हो ।

गणतन्त्र आएपछि युगान्तकारी परिवर्तनको अनुभूति हुने गरी सरकारले राहत र रोजगारीमार्फत जनतालाई



सन्तुष्टि प्रदान गर्न सक्नुपर्थ्यो । गरिब र बेरोजगारको संख्यामा हरेक वर्ष बढोत्तरी भएको छ । तर, देशभित्र रोजगारी नहुँदा ६०/७० लाख युवा वैदेशिक रोजगारीमा जान बाध्य भएका छन् । अनियमितता र भ्रष्टाचार बढेको छ । जनतामा निराशा र आक्रोश छ । श्रमिक र किसान समस्याग्रस्त छन् । उद्योग, कलकारखाना सञ्चालन हुन सकेका छैनन् । अनौपचारिक अर्थतन्त्र हाबी भएको छ । श्रमिकको जीवनयापन कष्टकर बन्दै गएको छ । सामाजिक सुरक्षाको दायरा विस्तार हुन सकेको छैन । सार्वजनिक खर्चमा मितव्ययिता कायम नहुँदा राजस्वले साधारण खर्च धान्न नसकेर झन्डै दुई खर्ब आन्तरिक तथा बाह्य ऋणबाट अर्थतन्त्र सञ्चालन गर्नुपर्ने स्थिति छ । सार्वजनिक पदका नियुक्तिमा दलीय भागबन्डाका कारण 'मेरिटोक्रेसी'लाई लत्याइएको छ । दलका नेताहरू अनियमितता र भ्रष्टाचारका काण्डसित प्रत्यक्ष, अप्रत्यक्ष जोडिएका छन् । यिनै विविध कारणले जनतामा तीव्र निराशा छाएका कारण पुनरुत्थानवादीहरू सलबलाइरहेका छन् र सदनदेखि सडकसम्म संविधानविरोधी गतिविधि गरिरहेका छन् । बढ्दो महँगी, भ्रष्टाचार, बेरोजगारी र सत्ता सञ्चालकहरूका गैरजिम्मेवार हर्कतले काठमाडौंका सडकमा राजावादीहरूलाई अराजकता मच्चाउने आधार दिएको हो । राज्य सञ्चालनका क्रममा भएका यस्ता अनेकन कमजोरीले आज पुनरुत्थानवादीहरूले जुन असंवैधानिक गतिविधि गरिरहेका छन्, यसलाई राजनीतिक दल र सरकारले गम्भीरतापूर्वक लिनुपर्छ र जनताको मन जित्ने ढंगबाट काम गर्नुपर्छ । शिथिल अर्थतन्त्रलाई पुनर्जीवन प्रदान गर्न र जनतालाई राहत र परिवर्तनको अनुभूति प्रदान गर्न अब सरकारले ठोस नीति तथा कार्यक्रम अगाडि सार्नुपर्छ । उत्पादनशील क्षेत्रमा व्यापक लगानी गरेर उत्पादन र व्यापक रोजगारी विस्तार गर्ने नीति नै अहिलेको प्रमुख आर्थिक नीति हुनुपर्छ । अर्थतन्त्र सुधारका लागि सरकारले सुशासनमा विशेष जोड दिनुपर्छ । विगतमा अनियमितता र भ्रष्टाचार गरी अकुत सम्पत्ति कमाउनेहरूको सम्पत्ति छानबिन गरी जफत गर्ने र डिजिटलाइजेसनसँगै ठुला नोटको नोटबन्दी गर्ने काम गर्नुपर्छ । सार्वजनिक खर्चमा कटौती गरी मितव्ययिता कायम गर्न सरकारले साहसिक कदम चाल्नुपर्छ । यस क्रममा केन्द्रमा विषय मिल्ने मन्त्रालयलाई आपसमा गाभेर बढीमा १५ र प्रदेशमा बढीमा पाँच मन्त्रालय कायम गर्ने, मन्त्री, सांसद र जनप्रतिनिधिको निश्चित प्रतिशत तलब सुविधा र पारिश्रमिकमा हाललाई कटौती गर्ने, मन्त्री तथा सांसदका स्वकीयसचिव, प्रेस सल्लाहकार, विज्ञ नियुक्ति गरी सरकारी खर्च बढाउनुको साटो विद्यमान कर्मचारीतन्त्रका विज्ञ कर्मचारीकै सहयोग लिएर खर्च कटौती गर्नुपर्छ ।

> ज्ञानेन्द्र शाहलगायत पुनरुत्थानवादीहरूले धमिलो पानीमा माछा मार्ने कोसिस गरी जनतामा भ्रम छरिरहेका वेला दलका नेताहरूले चाहिँ आफू सच्चिनुको साटो जनताका आँखामा बिझाउने काम गरेर पुनरुत्थावादीहरूले छरेको भ्रमलाई बल दिइरहेका छन्

सरकारी सवारीसाधनमा हुने खर्च घटाउन विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसका लागि अधिकृतदेखि सबै तहका कर्मचारीका लागि सामूहिक सुविधासम्पन्न बस, माइक्रोबसलगायत परिवहनको व्यवस्था गरी व्यक्तिगत तवरमा सवारीसाधन सुविधा, सवारीचालक, मर्मत-सम्भार खर्च, पेट्रोल, डिजेल खर्च दिने सुविधा हटाउनुपर्छ । सार्वजनिक खर्च घटाउन प्रदेशका प्रमुख र मुख्यमन्त्रीलाई काठमाडौं उपत्यकामा आवासगृह सुविधा दिने व्यवस्थाको साटो सरकारी काममा काठमाडौं आउँदाजाँदा आतेजाते दैनिक भ्रमण भत्ता तथा सरकारी आर्थिक सुविधा उपलब्ध गराउनुपर्छ । ज्येष्ठ नागरिकका लागि स्वास्थ्योपचार र यातायात सेवा सुविधा निःशुल्क उपलब्ध गराएर सामाजिक सुरक्षामा सार्वजनिक खर्चको शिरोभार घटाउँदै लैजाने नीति अवलम्बन गर्नुपर्छ । यस्तै, यातायातको सुविधा भएको र भौगोलिक सुगमतालाई ध्यानमा राखेर गाउँपालिका तथा नगरपालिकाको संख्या घटाउनुपर्छ । जनतालाई राहत र रोजगारी तथा उत्पादन वृद्धिका लागि अल्पकालीन, मध्यकालीन र एक-दुई वर्षमा लागू गरिसक्ने गरी राष्ट्रिय कार्यक्रम घोषणा गर्नुपर्छ ।

गरिब र बेरोजगारलक्षित पहिलो वर्षका लागि चार-पाँच खर्बको राष्ट्रिय कोष खडा गरी राष्ट्रिय उत्पादन तथा रोजगारी वृद्धि कार्यक्रम घोषणा गर्ने, कोष स्थापना गर्न केन्द्रीय बैंक, राष्ट्रिय वाणिज्य बैंक र विभिन्न राष्ट्रिय कोषलाई शोधभर्ना गर्ने गरी परिचालन गर्ने, गरिब तथा बेरोजगार लक्षित कार्यक्रमका लागि स्थानीय पालिकाबाट तथ्यांक संकलन गर्ने, स्वरोजगारीका लागि स्थानीय तहमै घुम्ती सीप विकास तालिम प्रदान गर्ने, सीपमूलक तालिम लिएकालाई स्थानीय पालिकाको सिफारिसमा व्यवसाय, उद्यम सञ्चालन गर्न सस्तो र सुलभ तवरबाट स्थानीय बैंकहरूबाट पुँजी कर्जा प्रदान गरी उद्यम स्वरोजगारमा सहभागी गराउनुपर्छ ।

खेतीयोग्य बाँझो जमिनमा माटो परीक्षण गरी सहकारीमा आधारित पकेट खेती, पशुपालन, फलफूल खेतीका लागि स्थानीय पालिकाको सहजीकरण र व्यवस्थापनमा कृषकलाई उत्प्रेरित र प्रोत्साहित गरिनु जरुरी छ । यस क्रममा राष्ट्रिय उत्पादन बढाउने, आयात प्रतिस्थापन गर्ने तात्कालिक कार्यक्रम सञ्चालन गर्नुपर्छ । किसान र उद्यमीले उत्पादन गरेको वस्तुको बजार र मूल्यको सुनिश्चितता गर्न ७५३ वटै पालिकामा सरकार र स्थानीय उद्यमीको लगानीमा सहकारीमा आधारित कृषि उपज खरिदबिक्री केन्द्र तथा कोल्ड स्टोरेज स्थापना गर्नुपर्छ ।

किसानलाई समयमै मल, बिउ, प्रविधि र प्राविधिक सहायता उपलब्ध गराउन, किसानले उत्पादन गरेको वस्तुको बजार र मूल्य सुनिश्चित गर्न ७५३ वटै पालिकामा कृषि सामग्री, बिउबिजन, खाद्य तथा व्यापार कम्पनी, दुग्ध विकास संस्थान, नेपाल औषधि लिमिटेड, साझा यातायात, साझा प्रकाशनलगायतका जनसेवासँग जोडिएका सार्वजनिक संस्थानको शाखा, बिक्री डिपो पुर्‍याउन संघीय प्रणालीअनुरूप स्थानीय सरकारको समेत लगानीमा पुनर्संरचना गर्नुपर्छ । गरिब तथा बेरोजगार जनता र श्रमिकलाई राहत प्रदान गर्न रासन कार्ड वितरण गर्ने र ७५३ वटै पालिकामा सरकारको लगानीमा सुपथ मूल्यका पसल खडा गरी रासन कार्डका आधारमा बिक्री-वितरण गर्नुपर्छ । उखु किसान, मिटरब्याज पीडित तथा सहकारी पीडितका समस्या समाधान गर्न तत्कालै कदम चाल्नुपर्दछ ।

सरकारले जनतालाई राहत प्रदान गर्ने, राष्ट्रिय उत्पादन र रोजगारी वृद्धि गर्ने र सुशासन कायम गर्ने राष्ट्रिय संकल्पसाथ राष्ट्रिय कार्यक्रम घोषणा गरी इमानदारीपूर्वक कार्यान्वयन गर्ने हो भने जनतामा नयाँ खालको उत्साह सिर्जना हुनेछ र अर्थतन्त्रलाई पुनर्जीवन प्रदान गर्न सकिन्छ । यसले धमिलो पानीमा माछा मार्न उद्यत प्रतिगामी र पुनरुत्थानवादी शक्ति स्वतः परास्त हुनेछन् ।

(खनाल एकीकृत समाजवादीका पोलिटब्युरो सदस्य हुन्)

---

३ प्रश्न

मानव अधिकारकर्मी तथा नागरिक अभियन्ता **कृष्ण पहाडी**लाई



■ राजावादी आन्दोलनलाई कसरी हेर्नुभएको छ ?

लोकतन्त्र, सभ्यता र स्वतन्त्रताविरोधी पूर्वराजावादीहरूले १५ चैतमा राजधानीमा ताण्डव मच्चाए । काठमाडौंजस्तो ऐतिहासिक र सांस्कृतिक सहरमा दर्जनौँ मानिस मरुन् भनेर राजावादीले सुरक्षा निकायमाथि गाडी चढाउन खोज्ने, जुडीबुटी केन्द्रमा आगो लगाउने, अन्तर्राष्ट्रिय हवाई अड्डामा डिस्टर्ब गरेर जहाजलाई होल्डमा राख्न बाध्य पार्नेजस्ता काम गरे । यससँगै अन्तरिम सरकारसमेत बनाउने तयारी गर्ने कोको थिए भन्नेबारे छानबिन जरुरी छ । सरकारले पूर्वराजा ज्ञानेन्द्रलाई कानुनसम्मत कारबाही गरोस् । आन्दोलन नियन्त्रणमा सरकार कमजोर भयो । सरकारको आचरणमै प्रश्न उठ्यो । ज्ञानेन्द्रलाई सरकारले सुरक्षा दिएर राखेको छ, नागरिकचाहिँ ज्ञानेन्द्रबाटै असुरक्षित भएका छन् ।

■ राजावादीले त तेस्रो जनआन्दोलन भनेका छन् नि ?

यो तेस्रो जनआन्दोलन होइन, तेस्रो प्रतिगामी आन्दोलनचाहिँ हो । ०१७ सालमा पहिलो, ०६१ मा दोस्रो र अहिले तेस्रो । निर्वाचनमा जनताले दलहरूलाई शंकाको फाइदा दिए । लंका जलिसक्दा पनि त्यो शंकाको फाइदा उपयोग गर्न सकेनन् नेताहरूले । संसद्‌ले किनारा लगाउन सक्नुपर्थ्यो, संसद् त्यो हिसाबले जाग्रित भएन । सदाशयताको दुरुपयोग भयो । ०६१ पछि जन्मिएको पुस्ताले राजतन्त्रको अत्याचार देखेन । उसले अहिलेका नेता मात्रै देख्यो र यी अक्षम छन् भन्ने मात्रै बुझ्यो । त्यो धमिलो पानीमा पूर्वराजावादीहरूले माछा मार्न खोजे ।

■ जनताको निराशा र आक्रोश कम गर्न के गर्नुपर्ला ?

स्थिति तरल र संवेदनशील छ । यसका लागि प्रतिगामीबाहेक स्वतन्त्रता र संविधानका पक्षधरहरूको राष्ट्रिय संयुक्त सरकार बनाउनुपर्छ । त्यसले चुनाव गराओस् ०८४ मै । होइन भने ०८४ सम्मको चुनावमा पुग्न सकिन्छ, सकिँदैन, शंकै छ । सुशासन अहिलेको प्राथमिकता हो । नागरिक चिन्ताको सम्बोधन नगरी सुख छैन । अग्रगमनका निम्ति संविधान संशोधनका लागि पनि गणतन्त्रवादीको राष्ट्रिय सहमति आवश्यक छ ।

प्रेरक प्रसंग

साधुको अनौठो तर्क

एक साधु सहरको कोलाहलदेखि पर एकान्तमा कुटी बनाएर बस्थे । सहर र आसपासको इलाकामा उनको नाम निकै चलेको थियो । त्यसैले, टाढाटाढाबाट पनि मानिस उनको कुटीमा आएर साधुसितको सत्संगमा रमाउँथे । उनको कुटीको बाटो हुँदै कैयौँ अपरिचित मानिस पनि यात्रा गर्थे । कैयौँ यात्री कुटीमा आराम गरेर आफ्नो बाटो लाग्थे । उनको आश्रममा आइपुग्ने कैयौँ अपरिचित उनीसित बस्ती पुग्ने बाटो सोध्थे । उनी अगाडिको मार्गतिर संकेत गरिदिन्थे ।

कसैले कुनै अर्को बाटो पनि बस्तीतिर जान्छ कि भनेर सोध्दा उनी होइन, यही बाटो बस्तीतिर जान्छ भनिदिन्थे । जब मानिस उनले बताएको मार्गबाट अघि बढ्थे, उनीहरू मसानघाट पुग्थे । मानिस भित्रभित्रै मुर्मुरिन्थे । साधुलाई गाली गर्दै अर्को बाटो खोजेर बस्तीतिर अघि बढ्थे ।

बस्तीको साटो मसानघाट पुगेपछि एकपटक एक यात्रीलाई निकै रिस उठ्यो । उनी फर्केर साधुको कुटीमै आइपुगे । आफूलाई गलत बाटो बताइदिएको भन्दै उनी साधुसित निकै रिसाए । उनले आफूलाई गाली गरून्जेल साधु मौन रहे । जब यात्री थाकेर शान्त भए, तब साधुले भने– मित्र, तपाईं त निकै रिसाउनुभयो । के मसान बस्ती होइन र ? तपाईं जसलाई बस्ती भन्नुहुन्छ, त्यहाँ हरेक दिनजसो कसै न कसैको मृत्यु भई नै रहेको हुन्छ । परिवारका सदस्यको मृत्यु भएपछि त्यो घर उजाड हुन्छ । र, तिनै उजाड घरका मृतकका कारण मसान बस्तीमा परिणत हुँदै जान्छ । तपाईंले भनेको बस्तीमा मानिसहरू आउँछन्, जान्छन् । तर, मसानमा त मानिसहरू एकपटक पुगेपछि कहिल्यै त्यहाँबाट अन्यत्र जाँदैनन् । मसान त झनै स्थायी बस्ती हो । भोलि तपाईं पनि त्यही बस्तीका सदस्य बन्नुहुन्छ, होइन र ? त्यसैले, मैले तपाईंहरूलाई सही बस्तीको बाटो देखाइदिएको हुँ ।

साधुको तर्क सुनेर यात्रुको रिस शान्त भयो । उनी साधुसित बिदा भएर आफ्नो बाटो लागे ।

टिप्पणी
nayapatrikaofficial
@naya_patrika

राजावादीहरूको अराजकता

राजावादीहरूद्वारा संघीय राजधानी काठमाडौंका सडकमा मच्चाइएको अराजकताका दृश्य टेलिभिजनका पर्दामा देख्नुपर्‍यो । दुई युवा सविन महर्जन र पत्रकार सुरेश रजकको निधनको खबर सुन्दा दुःख लाग्यो । पहिलोपटक राणाले ज्ञानेन्द्र शाहलाई राजा बनाउँदा राणाशासनकै अन्त्य भयो । दोस्रोपटक राजसंस्था स्वयंले उनलाई राजा बनायो, राजसंस्थाकै अन्त्य भयो । अब उनलाई तेस्रोपटक राजा बनाउन चाहनेहरूको के हबिगत हुने हो, अनुमान गर्न पनि कठिन छ । ज्ञानेन्द्रका 'जनकमान्डर' दुर्गा प्रसाईंलाई हेर्दा लाग्छ, उनी उतिवेलाको तिनै छाडा मण्डले युवा हुन् । हाम्रो हिन्दु धर्म खोसिएको छैन । मात्र लोकतन्त्र र स्वतन्त्रताको बदलामा धर्मनिरपेक्षता हामीले स्वीकार गरेका हौँ । ज्ञानेन्द्र शाहलाई उक्साउनेले उनलाई अगाडि सारेर भारी गल्ती गरेका छन् ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज

यो त अति भयो सरकार !

सरकारले कांग्रेसका दिवंगत नेता खुमबहादुर खड्काको कानुनतः जफत गर्नुपर्ने घरजग्गा जोगाउन अध्यादेशमार्फत ऐन नै संशोधन गरेको समाचार पढ्दा अचम्म लाग्यो । यो सरकार भ्रष्टाचारीको सुरक्षामा ढाल बनेर उभिएको छ । जसले भ्रष्टाचार गर्छ, ऊ सरकारको नजरमा आफ्नो मान्छे बन्छ । त्यसैले, भ्रष्टाचार गरेर कमाएको सम्पत्ति अदालतको आदेशअनुसार जफत गर्नुपर्नेमा सरकार त्यसको संरक्षक बनिरहेको छ । यो त अति भयो सरकार !

● **वन्दिता परियार**
गल्कोपाखा, काठमाडौं

प्रधानमन्त्री ओलीलाई प्रश्न

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजंग बरालले प्रधानमन्त्री तथा विश्वविद्यालयका कुलपति केपी ओलीको दबाब र हेपाइले राजीनामा दिन बाध्य भएको बताएका रहेछन् । प्रधानमन्त्रीज्यू, देशका तमाम काम छाडेर विश्वविद्यालयको कुलपति प्रधानमन्त्री नै हुनुपर्ने किन ? के स्वतन्त्र र प्राज्ञिक व्यक्तित्वलाई कुलपति बनाउन मिल्दैन ? कानुनले नदिने भए त्यस्तो कानुन संशोधन गरे हुँदैन ? अनि, सहयोग गर्नुपर्ने संस्थाका प्रमुखलाई दबाब किन दिनुभयो ?

● **सुमन पाखिन**
बल्खु, काठमाडौं

गणतन्त्र बचाउन नेताहरूमा शुद्धीकरण

पञ्चायती व्यवस्थामा दुई शब्दावली निकै चल्तीमा थिए- 'मुठीभर जनता' र 'अराष्ट्रिय तत्त्व' । पञ्च नेताहरूले बहुदलवादीलाई यिनै शब्दवाण प्रहार गरिरहन्थे । राजा वीरेन्द्रले बहुदलीय व्यवस्था कि सुधारिएको पञ्चायती व्यवस्था ? भन्ने विषयमा ०३६ मा जनमतसंग्रह गराए । थोरै मतले निर्दलीय व्यवस्थाले जित्यो । तैपनि २० लाख बहुदलीय व्यवस्थाका पक्षपातीलाई पञ्चले मुठीभर भनिरहे । कालान्तरमा तिनै मुठीभर जनताले ०४६ मा निर्दलिय व्यवस्था फालिदिए ।

०४८ को संविधानमा गणतन्त्रको 'ग' पनि थिएन । तैपनि, ०६२/६३ को आन्दोलनले त्यो संविधान फालिदियो । भन्नाले आन्दोलनले संविधान चिन्दैन । बरु आन्दोलनले नयाँ संविधान बनाउँछ । त्यसैले कुनै पनि आन्दोलनलाई कम आँक्ने गल्ती गर्नुहुन्न । तर, अहिले केही नेता तिनै पञ्चको झैँ 'मुठीभर' भनेर जनताको अपमान गरिरहेका छन् । तर, उनीहरूले आफूहरू सच्चिनेतर्फ भने सोचेकासम्म छैनन् । गणतन्त्रका शासकप्रति जनतामा किन वितृष्णा बढ्दै छ ? कहाँ चुक्दै छन् हाम्रा ठुला दल र तिनका नेताहरू ? यी प्रश्नको निदान नखोजेसम्म राजतन्त्रवादीको संख्या घट्दैन, उल्टो बढ्छ । अब पनि गणतन्त्रवादी नेताहरू नसच्चिए, पदलोलुपता र स्वार्थ नत्यागे, जनतामा सेवा सहज ढंगले पुर्‍याउन नसके उनीहरूका साथै अहिलेको व्यवस्थासमेत भड्खालोमा पर्न सक्छ । अहिले पनि समय छ, सच्चिने र सच्याउने । अब बयोवृद्ध नेताहरूले पदबाट बहिर्गमन गरी आराम गर्ने समय आयो । नेताहरूले समयमै बुद्धि पुर्‍याऊन् ।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

टर्कीमा एर्दोगानको स्वेच्छाचारिता र जनआक्रोश

टर्कीको जनआक्रोशले सुसंगठित आन्दोलनको रूप लिन्छ अनि एर्दोगान र आसेपासेलाई हराउन सक्छ भनेर अहिले नै भन्न सकिन्न



देश/विदेश

● उमुत ओजकिरिम्ली

अन्ततः आशंका गरिएझैँ नै भयो । इस्तानबुलका मेयर एकरेम इमामोग्लु जो सन् २०२८ को राष्ट्रपतीय चुनावमा राष्ट्रपति रिसेप तैयप एर्दोगानका मुख्य प्रतिस्पर्धी मानिन्थे, उनलाई भ्रष्टाचार आरोपमा पक्राउ गरिएको छ । चार दिनको हिरासतपछि भएको यो गिरफ्तारी कुनै साधारण राजनीतिक चाल मात्र होइन । अहिलेको समयमा 'कु' प्रायः रक्तपातविनै लोकतन्त्रलाई कैद गरेर गरिन्छ । २३ वर्षदेखि सत्तामा रहेका र टर्कीको संकटग्रस्त अर्थतन्त्रबिच, एर्दोगानलाई कुनै पनि चुनाव धाँधलीपूर्ण नै भए पनि सुरक्षित छैन भन्ने थाहा छ । त्यसैले, उनले चुनाव रद्द गर्ने वा प्रतिस्पर्धीलाई हटाउने दुई विकल्प मात्रै देखे । उनले पहिले भूराजनीतिक अवस्था आफ्ना पक्षमा पार्न पिकेकेसँग युद्धविरामको सहमति गरे, युरोपेली युनियनलाई आप्रवासी लहरको धम्की दिए र टर्कीको सैन्यशक्ति प्रदर्शन गर्दै नेटोप्रति अमेरिकाको कमजोर प्रतिबद्धतालाई आफ्नो लाभका लागि उपयोग गरे । यसबाट उनले टर्कीविनाको युरोप असुरक्षित रहने स्पष्ट सन्देश दिए ।

आफ्नो स्थिति बलियो बनाएपछि एर्दोगानले कदम चाले र इमामोग्लुलाई राजनीतिबाट हटाए । यो निर्णयका कारण छोटो अवधिमा ठुलो मूल्य चुकाउनुपर्‍यो, अर्थात् टर्कीको केन्द्रीय बैंकले लिरालाई बचाउन १२ अर्ब डलर खर्च गर्नुपर्‍यो । तर, विपक्षीको प्रतिक्रिया भने अत्यन्त कमजोर रह्यो, मानौँ उनीहरू प्रारम्भिक चरणमै चिप्लिए । तर, टर्कीका जनता आक्रोशित छन् । इमामोग्लुको गिरफ्तारीपछि लाखौँ नागरिक उनलाई रिहा गर्न र लोकतन्त्र तथा मानव अधिकारका लागि प्रदर्शन गर्न सडकमा उत्रिएका छन् । यो आन्दोलन इस्तानबुल र अंकारामा मात्र सीमित छैन । अदाना, अन्ताल्या, चानाकाले, चोरुम, एडिर्ने, एसकिसेहिर, कायसेरी, र यहाँसम्म कि धार्मिक रूपमा कट्टर मानिने कोन्या सहरसम्म फैलिएको छ, जहाँ दुई सयभन्दा बढी किसान आफ्ना ट्र्याक्टर लिएर आन्दोलनमा सहभागी भएका थिए ।

जनताको यो विरोधले एर्दोगानलाई स्पष्ट रूपमा झस्काएको छ । देशभर प्रदर्शन प्रतिबन्धित गरिएका छन् र नियम तोड्नेलाई सरकारले लाठीचार्ज, वाटर क्यानन, अश्रुग्याँस प्रहारजस्ता दमनकारी उपाय लगाएर दबाउने प्रयास गरेको छ । हालसम्म एक हजार चार सयभन्दा बढी प्रदर्शनकारी पक्राउ परिसकेका छन् । सरकारले इस्तानबुल आउजाउमा रोक लगाएको छ । इन्स्टाग्राम, टिकटक, एक्स र युट्युबजस्ता सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएको छ, प्रदर्शनको प्रत्यक्ष प्रसारण रोकेको छ, र एजेन्सी फ्रान्स-प्रेसका यासिन अकगुल तथा पुरस्कार विजेता फोटो पत्रकार बुलन्त किलिचलगायत सञ्चारकर्मीलाई गिरफ्तार गरेको छ । एर्दोगानले 'टर्की कुनै सडक आन्दोलन गर्ने देश होइन र यो देश सडक आतंकवादको सिकार हुनेछैन' भन्ने चेतावनी दिएका छन् । टर्कीको प्रमुख विपक्षी पार्टी रिपब्लिकन पिपल्स पार्टी (सिएचपी)का लागि यो एर्दोगानविरुद्ध एकजुट हुने अनुकूल समय हो । तर, हालसम्म सिएचपीले पुराना, मक्किएका राष्ट्रवादी र लोकप्रियतावादी नारा दोहोर्‍याइरहेको छ जुन टर्कीको इतिहासका लागि सान्दर्भिक हुन सक्छ, तर अहिलेको संकटसँग मेल खाँदैन । सन् २०१३ को गेजी पार्क आन्दोलन जसले यस्तै आधारभूत जनशक्ति उत्पन्न गरे पनि सफल हुन सकेन । कारण कुर्द जनतासँग कुनै संवाद गरिएको थिएन र अहिले पनि छैन । कुर्दिस जनताले बारम्बार चुनावमा निर्णायक भूमिका खेलेका छन्, तर अझै पनि दमनको सामना गरिरहेका छन् । सिएचपीले यो मामिला अब


तस्बिरः डिया इमेजेस

पार्टी राजनीतिभन्दा ठूलो छ भन्ने स्विकारिसकेको छ । वास्तवमा यो केवल एक गल्ती मात्र नभई गम्भीर समस्याको संकेत हो । सिएचपी अझै पुरानो राजनीतिक मानसिकतामा अडिग छ जहाँ मुख्य उद्देश्य चुनाव जित्नु हो न कि लोकतन्त्रको रक्षा गर्नु । यही कारणले गर्दा प्रदर्शनकारी सिएचपीका लागि उभिनुको सट्टा सिएचपीलाई विनम्रतापूर्वक तर दृढ ढंगले बाटो खाली गर्न भनिरहेका छन् । यदि सिएचपीले इमामोग्लुको गिरफ्तारीबाट केही सिक्नुपर्ने हो भने त्यो हो पुराना रणनीति अब उपयुक्त छैनन् । यसको अर्थ केवल रणनीति परिवर्तन गर्नु मात्र होइन, सिएचपीले अब टर्कीको राजनीतिमा नायक उनीहरू होइनन् भनेर बुझ्न जरुरी छ । यो भूमिका अब जनताको हो अर्थात् असन्तुष्ट, क्रोधित र विद्रोही जनता, जसले इमामोग्लुको गिरफ्तारीलाई एक व्यक्तिको मात्र नभई आफ्नो सामूहिक भविष्यमाथिको हमला ठानेका छन् ।

इमामोग्लुको गिरफ्तारीले टर्कीलाई अझै पनि 'असमान तर वास्तविक चुनाव हुने हाइब्रिड शासन' भनेर मानिरहने विश्लेषक र विज्ञका लागि पनि एउटा चेतावनी हुनुपर्छ । प्रतिस्पर्धी अधिनायकत्व भन्ने अवधारणा प्रस्ताव गर्ने राजनीतिशास्त्री स्टिभन लेभिट्स्की र लुकान वेलेसमेत सन् २०२० मा आफ्नो परिकल्पनामा पुनर्विचार गर्दै आधुनिक शासकले जातीय राष्ट्रवाद र ध्रुवीकरणको रणनीति प्रयोग गरेर आफ्नो शक्ति मजबुत पारिरहेका छन् भनेका थिए । यदि सिएचपीमा साँच्चिकै विवेक छ भने उसले पुराना राजनीतिक सिद्धान्त, चुनावी तथ्यांक र केवल अतितका कथा सुन्नुको साटो आन्दोलनकारीसँग समन्वय गर्ने योजना बनाउनुपर्छ । एउटा कुरा स्पष्ट छ, पुरानो टर्कीको अवसान भइसकेको छ । अब प्रश्न उठ्छ, नयाँ टर्की कस्तो बन्नेछ र त्यसको भविष्य कसले तय गर्नेछ । यो जनआक्रोशले सुसंगठित आन्दोलनको रूप लिन्छ र अन्ततः एर्दोगान र उनका आसेपासेलाई हराउन सक्छ भनेर अहिले नै भन्न गाह्रो छ । तर, जब खेलै धाँधलीपूर्वक खेलिन्छ त्यसलाई सुधार गरेर खेल्ने प्रयास गर्नु व्यर्थ हुन्छ भन्ने प्रस्ट छ । अर्थात् जित्नका लागि तख्तापलट नै आवश्यक छ ।

(ओजकिरिम्ली आइबिइआईमा वरिष्ठ अनुसन्धान फेलो र रामोन लुल युनिभर्सिटी ब्लान्केर्नाका प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

■ ले पेन आर्थिक हिनामिनामा दोषी ठहर

राष्ट्रपतिमा प्रतिस्पर्धा गर्न नपाउने



फ्रान्सको एक अदालतले चरम दक्षिणपन्थी दल नेसनल ¥याली (आरएन)की नेतृ मरिन ले पेनलाई आर्थिक हिनामिनाको मुद्दामा दोषी ठहर गर्दै पाँच वर्षसम्म सार्वजनिक पदमा प्रतिबन्ध लगाएको छ। अदालतको फैसलासँगै पेन आगामी राष्ट्रपति निर्वाचनमा प्रतिस्पर्धा गर्न नपाउने भएकी छिन्। फ्रान्समा सन् २०२७ मा राष्ट्रपति निर्वाचन हुने तालिका छ। यसअघि उनले सन् २०१२, २०१७ र २०२२ को राष्ट्रपति निर्वाचनमा प्रतिस्पर्धा गरेकी थिइन्। ले पेन आफ्नो अतिदक्षिणपन्थी पार्टी आरएनलाई आर्थिक सहयोग गर्न युरोपेली कोष हिनामिना गरेकोमा दोषी ठहर गरेको हो।

अदालतका न्यायाधीश बेनेडिक्टे डे पर्थुइसले ले पेनका कार्य 'युरोपमा विशेष गरी फ्रान्समा लोकतान्त्रिक जीवनका नियममाथि निर्मम प्रहार' भएको फैसलामा उल्लेख गरेका छन्।

उनले आफूलाई अदालतले दोषी करार गर्ने अपेक्षा गरेकी भए पनि सार्वजनिक पदमा पाँच वर्षको प्रतिबन्ध होला भनेर कल्पनासमेत गरेकी थिइनन्। न्यायाधीशले सजायको विवरण दिनुभन्दा पहिले नै उनी अदालतबाट बाहिर निस्केकी थिइन्।

पेनमाथिको सजाय प्रजातन्त्रमाथिको धक्का भएको उनका वकिलले टिप्पणी गरेका छन्। यसैबिच, फैसलाविरुद्ध उनले अदालतमा पुनरावेदन गर्ने भएकी छिन्।

ले पेनविरुद्धको फैसलाबाट प्रधानमन्त्री फ्रान्कोइस बायरो चिन्तित बनेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। उनी 'फैसलाको शब्दावलीबाट चिन्तित' बनेको प्रधानमन्त्रीनिकट स्रोतलाई उद्धृत गर्दै बिबिसीले जनाएको हो। यद्यपि, यस विषयमा प्रधानमन्त्रीले सार्वजनिक प्रतिक्रिया भने दिएका छैनन्। (एजेन्सी)

इतिहासमा आज

अप्रिल १



सन् १९२४ : हिटलरलाई पाँच वर्षको जेल सजाय। तर, उनले नौ महिना मात्र सजाय काटे। यस अवधिमा उनले जेलभित्र 'मेरो संघर्ष' भन्ने आत्मकथा लेखे।

- **सन् १८१५** : जर्मन साम्राज्यका पहिलो चान्सलर तथा देशका एकीकरणकर्ता अटोहान विस्मार्कको जन्म।
- **सन् १९७६** : स्टिब्स जब्स, स्टिब्स ओजनिक र रोनाल्ड वायन मिलेर एप्पल कम्प्युटर ईन्क स्थापना गरे।
- **सन् १९७९** : राष्ट्रिय जनमत संग्रहमा अभूतपूर्व समर्थन देखिएपछि रुहोल्लाह खोमेनीले इरानलाई इस्लामिक मुलुक घोषणा गरे।
- **सन् २००१** : समलिंगी विवाहलाई वैधानिकता दिने पहिलो मुलुक नेदरल्यान्ड बन्यो।
- **सन् २००५** : गुगलले जिमेल सेवा सुरु गर्‍यो, जसको प्रयोगकर्ता पाँच वर्षभित्रै एक अर्ब पुगेको थियो।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

क्र.सं. — ऋणीको विवरण

१) **ऋणी फर्म: बराल ट्रेडिङ हाउस**, प्रोप्राइटर तथा जमानीकर्ता: रुची भारती (बराल)
दर्ता नं.: उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, विरेन्द्रनगर, सुर्खेतमा प्रा.फ.र.नं. ७३९२/०७४/७५, दर्ता मिति: २०७४/११/१३, ठेगाना: जिल्ला सुर्खेत, विरेन्द्रनगर न.पा. वडा नं. ४

धितोको विवरण
१) दामोदर बरालको नाती, लेखेनाथ वरालको छोरा, बाँके जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ४ बस्ने राजेश वरालको नाममा मालपोत कार्यालय वीरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, गोठीकाँडा गा.वि.स. वडा नं. ६/६क स्थित कित्ता नं. ३७६८ को क्षेत्रफल १७४ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) सुरेन्द्र कुमार भारतीकी छोरी, लेखेनाथ वरालकी बुहारी, रमेश बरालकी पत्नी, सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ४ बस्ने रुची भारती (बराल)को नाममा मालपोत कार्यालय वीरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, गोठीकाँडा गा.वि.स. वडा नं. ६/६क स्थित कित्ता नं. ३७६९ र ३७७० को क्षेत्रफल क्रमशः ३२१ र ३३३.६२ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
३) बराल ट्रेडिङ हाउसको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

२) **१) ऋणी फर्म: च्वङ्गा गणेश खाद्य स्टोर**, प्रोप्राईटर तथा जमानीकर्ता: सुजन पलिखेल
दर्ता नं.: वाणिज्य विभाग, प्रा.फ.र.नं. १२३६९१/०७२/७३, दर्ता मिति २०७२/०५/२०, ठेगाना: जिल्ला भक्तपुर, भक्तपुर न.पा. वडा नं. १५

धितोको विवरण
१) राधा कृष्ण जोशीकी छोरी, ईश्वरी प्रसाद पलिखेलकी बुहारी, शेखर लाल पलिखेलकी पत्नि, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं ७ मा बस्ने शारदा मैया जोशीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, भक्तपुर न.पा वडा नं. ५/५ख (हाल भक्तपुर न.पा. वडा नं. ०६) स्थित कित्ता नं. ५७९ को क्षेत्रफल ०-२-१-१.५ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) राधा कृष्ण जोशीकी छोरी, ईश्वरी प्रसाद पलिखेलकी बुहारी, शेखर लाल पलिखेलकी पत्नि, भक्तपुर जिल्ला, भक्तपुर न.पं. वडा नं १२ स्थायी ठेगाना भई हाल भक्तपुर न.पा. वडा नं ७ मा बस्ने शारदा मैया जोशीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुर को लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, छालिङ गा.वि.स. वडा नं ०७ (हाल : चाँगुरनारायण न.पा. वडा नं. ५) स्थित कित्ता नं. ८९, ९१ र ९२ को क्षेत्रफल क्रमश : १-२-०-०, ०-२-०-०, र १-६-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
३) च्वङ्गा गणेश खाद्य स्टोरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

२) ऋणी: सुजन पलिखेल
ठेगाना: भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ७, बाबु: शेखर लाल पलिखेल, बाजे: ईश्वरी प्रसाद पलिखेल

धितोको विवरण
राधा कृष्ण जोशीकी छोरी, ईश्वरी प्रसाद पलिखेलकी बुहारी, शेखर लाल पलिखेलकी पत्नि, भक्तपुर जिल्ला, भक्तपुर न.पं. वडा नं १२ स्थायी ठेगाना भई हाल भक्तपुर न.पा वडा नं ७ मा बस्ने शारदा मैया जोशीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुर को लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, छालिङ गा.वि.स. वडा नं. ७ (हाल : चाँगुरनारायण न.पा. वडा नं. ५) स्थित कित्ता नं. ८९, ९१ र ९२ को क्षेत्रफल क्रमश : १-२-०-०, ०-२-०-०, र १-६-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।

कर्जाको किसिम: व्यक्तिगत कर्जा
३) ऋणी: शेखर लाल पलिखेल
ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ७, बाबु : ईश्वरी प्रसाद पलिखेल, बाजे: जुजु बहादुर पलिखेल

जमानीकर्ताहरु: १) शारदा मैया जोशी, स्थायी ठेगाना: भक्तपुर जिल्ला, भक्तपुर न.पं. वडा नं. १२, हालको ठेगाना: भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ७, बाबु: राधा कृष्ण जोशी, पति: शेखर लाल पलिखेल, ससुरा: ईश्वरी प्रसाद पलिखेल **२) सुजन पलिखेल**, ठेगाना: भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ७, बाबु: शेखर लाल पलिखेल, बाजे: ईश्वरी प्रसाद पलिखेल

३) **१) ऋणी फर्म: मुक्ति दर्शन ट्रेडर्स**, प्रोप्राईटर तथा जमानतकर्ता: गोविन्द प्रसाद गौतम
दर्ता नं.: वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा प्रा.फ.र.नं. १५१९१३/०७६/०७७, दर्ता मिति: २०७३/०७/१९, ठेगाना: जिल्ला काठमाडौं, गोकर्णेश्वर न.पा. वडा नं. ८

२) ऋणी: गोविन्द प्रसाद गौतम
स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, वाडेगाउँ गा.वि.स. वडा नं. ८, हालको ठेगाना: काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ८, बाबु : तेज प्रसाद गौतम, बाजे : तेज नाथ गौतम

धितोको विवरण
१) तेजनाथ गौतमको नाती, तेज प्रसाद गौतमको छोरा, सिन्धुपाल्चोक जिल्ला, वाडेगाउँ गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ८, माकलबारी बस्ने गोविन्द प्रसाद गौतमको नाममा भूमि सुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, मनिकापुर गा.वि.स. वडा नं. ३ (हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २०) स्थित कित्ता नं. २२८ को क्षेत्रफल १३५४.५२ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) मुक्ति दर्शन ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

४) **ऋणी: दिलिप सिंह ठकुरी**
स्थायी ठेगाना : मोरङ जिल्ला, हसन्दह गा.वि.स. वडा नं. ७, हालको ठेगाना: मोरङ जिल्ला, पथरीशनिश्चरे न.पा. वडा नं. ६
बाबु : लाल व. ठकुरी, बाजे : दोष्ती बहादुर ठकुरी

धितोको विवरण
वखत व. ठकुरीकी छोरी, दोष्ती बहादुर ठकुरीकी बुहारी, लाल व. ठकुरीकी पत्नी, सर्लाही जिल्ला, वरहवाता गा.वि.स. वडा नं. ३, स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, पथरीशनिश्चरे न.पा. वडा नं. ६ बस्ने विणा देवी ठकुरीको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, वयरवन गा.वि.स. वडा नं. ९घ (हाल पथरीशनिश्चरे न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४५८ को क्षेत्रफल ०-०-१५ (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।

५) **१) ऋणी फर्म: नुमा हार्डवेयर**, प्रोप्राईटर तथा जमानीकर्ता: राज कुमार लामा
दर्ता नं.: वाणिज्य कार्यालय विराटनगर, मोरङमा, प्रा.फ र.नं. २६०६९, दर्ता मिति: २०७५/०४/३१, ठेगाना: जिल्ला मोरङ्ग, पथरी गा.वि.स. वडा नं. १

२) ऋणी: राज कुमार लामा
स्थायी ठेगाना: सुनसरी जिल्ला धरान गा.प. वडा नं. १३, हालको ठेगाना: मोरङ्ग जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. १,
बाबु: जगत बहादुर लामा, बाजे: याम बहादुर लामा

धितोको विवरण
१) याम बहादुरको नाती ,जगत बहादुरको छोरा, सुनसरी जिल्ला धरान गा.पं. वडा नं. २ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. १ मा बस्ने राज कुमार लामा को नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, मधूमल्ला गा.वि.स. वडा नं. ९/क स्थित कित्ता नं. १७७८ को क्षेत्रफल ०-०-१० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) नुमा हार्डवेयरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills and Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

३) कर्जाको किसिम: व्यक्तिगत कर्जा
ऋणी: नुमा माया लामा
स्थायी ठेगाना: मोरङ्ग जिल्ला पथरी गा.वि.स. वडा नं. ३, हालको ठेगाना: मोरङ्ग जिल्ला, पथरी शनिश्चरे.न.पा. वडा नं. १,
बाबु: अग्नी बहादुर तामाङ्ग, ससुरा: जगत बहादुर लामा, पति: राज कुमार लामा

जमानीकर्ता: राज कुमार लामा, स्थायी ठेगाना: सुनसरी जिल्ला धरान गा.प. वडा नं. १३, हालको ठेगाना: मोरङ्ग जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. १, बाबु: जगत बहादुर लामा, बाजे: याम बहादुर लामा

६) **१) ऋणी कम्पनी: एस. ए. नमुना ट्रेड लिंक प्रा.लि.**, संचालक तथा जमानीकर्ता: अम्विका काफ्ले
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०८७१०/०७५/०७६, दर्ता मिति २०७५/१०/२९, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १३

धितोको विवरण
१) बलराम दुलालकी छोरी, लिलानाथ काफ्लेकी बुहारी, दामोदर काफ्लेकी पत्नी, भक्तपुर जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा नं. २, स्युचाटार बस्ने अम्विका काफ्लेको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, पुरानो नैकाप गा.वि.स. वडा नं. ४क (हाल चन्द्रागिरी न.पा. वडा नं. १३) स्थित कित्ता नं. ३०७ को क्षेत्रफल १-०-१-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) बलराम दुलालकी छोरी, लिलानाथ काफ्लेकी बुहारी, दामोदर काफ्लेकी पत्नी, भक्तपुर जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा नं. २, स्युचाटार बस्ने अम्विका काफ्लेको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, दहचोक गा.वि.स. वडा नं. २ग (हाल चन्द्रागिरी न.पा. वडा नं. १) स्थित कित्ता नं. ८९२, ८३७, ८३८ र ८७९ को क्षेत्रफल क्रमशः ०-४-१-०, ०-१-२-०, ०-१-१-० र ०-१-०-१ (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
३) एस. ए. नमुना ट्रेड लिंक प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

२) ऋणी फर्म: चागुनारायण पार्टस उद्योग, संचालक तथा जमानीकर्ता: अमिर काफ्ले
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय बागमती प्रदेश, त्रिपुरेश्वर, काठमाडौंमा, प्राइभेट फर्म दर्ता नं. ४३७, दर्ता मिति २०७७/०८/०९, ठेगाना: जिल्ला काठमाडौं, नागार्जुन न.पा. वडा नं. १०

धितोको विवरण
१) टंक प्रसाद काफ्लेको नाति, लिलानाथ काफ्लेको छोरा, भक्तपुर जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा नं. २, स्युचाटार बस्ने दामोदर काफ्लेको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुर को लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ४ (हाल: भक्तपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. १२९० को क्षेत्रफल ०-४-०-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) टंक प्रसाद काफ्लेको नाति, लिलानाथ काफ्लेको छोरा, भक्तपुर जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा नं. २, स्युचाटार बस्ने दामोदर काफ्लेको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुर को लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स. वडा नं. ५ख (हाल: चाँगुनारायण न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०२७ र १०२८ को क्षेत्रफल क्रमशः ०-४-१-० र ०-४-३-१ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
३) चागुनारायण पार्टस उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

३) ऋणी: अमिर काफ्ले
स्थायी ठेगाना: भक्तपुर जिल्ला, नगरकोट न.पा. वडा नं. १०, हालको ठेगाना: काठमाण्डौं जिल्ला, स्युचाटार गा.वि.स./न.पा. वडा नं. २, बाबु: दामोदर काफ्ले, बाजे: लिलानाथ काफ्ले

धितोको विवरण
टंक प्रसाद काफ्लेको नाति, लिलानाथ काफ्लेको छोरा, भक्तपुर जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा नं. २, स्युचाटार बस्ने दामोदर काफ्लेको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुर को लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स. वडा नं. ५ख (हाल: चाँगुनारायण न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०२७ र १०२८ को क्षेत्रफल क्रमशः ०-४-१-० र ०-४-३-१ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।

४) ऋणी: अम्विका काफ्ले
स्थायी ठेगाना: भक्तपुर जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. ७, हालको ठेगाना: काठमाडौं जिल्ला, स्युचाटार गा.वि.स./न.पा. वडा नं. २
बाबु: बलराम दुलाल, ससुरा: लिलानाथ काफ्ले, पति: दामोदर काफ्ले

धितोको विवरण
बलराम दुलालकी छोरी, लिलानाथ काफ्लेकी बुहारी, दामोदर काफ्लेकी पत्नी, भक्तपुर जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा नं. २, स्युचाटार बस्ने अम्विका काफ्लेको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, पुरानो नैकाप गा.वि.स. वडा नं. ४क (हाल चन्द्रागिरी न.पा. वडा नं. १३) स्थित कित्ता नं. ३०७ को क्षेत्रफल १-०-१-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।

७) **ऋणी: सन्त बहादुर तामाङ**
स्थायी ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, गोठपानी गा.वि.स. वडा नं. ४, हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५,
बाबु: हरी बहादुर तामाङ, बाजे: च्याङ्वा तामाङ

धितोको विवरण
च्याङवा तामाङको नाति, हरी बहादुर तामाङको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, गोठपानी गा.वि.स.वडा नं. ४ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५ बस्ने सन्त बहादुर तामाङको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ८ ग (हाल भरतपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०२८ को क्षेत्रफल १६९.३१ (व.मी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।

८) **१) ऋणी: राधिका चम्लागाई**
स्थायी ठेगाना: इलाम जिल्ला, एकतप्पा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: काठमाडौं जिल्ला, तार्केश्वर न.पा. वडा नं. ९
बाबु: दुर्गा प्रसाद शर्मा चम्लागाई, ससुरा: हरि बहादुर, पति: प्रल्हाद कुमार थापा

२) **ऋणी कम्पनी: राधा हेल्थ केयर सेन्टर प्रा.लि.**, संचालक तथा जमानीकर्ता: राधिका चम्लागाई
दर्ता नं. कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १४२३७३/०७२/०७३, दर्ता मिति: २०७२/०८/२१, ठेगाना: जिल्ला काठमाडौं, तार्केश्वर न.पा. वडा नं. ९

धितोको विवरण
१) दुर्गा प्रसाद शर्मा चम्लागाईकी छोरी, हरि बहादुरकी बुहारी, प्रल्हाद कुमार थापाकी पत्नि इलाम जिल्ला, एकतप्पा गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, तार्केश्वर न.पा. वडा नं. ९ बस्ने राधिका चम्लागाईको नाममा मालपोत कार्यालय साँखु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, भद्रवास गा.वि.स. वडा नं. ६ (हाल कागेश्वरी मनोहरा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३५५ को क्षेत्रफल ३९७.३८ (व.मि.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) दुर्गा प्रसाद शर्मा चम्लागाईकी छोरी, हरि बहादुरकी बुहारी, प्रल्हाद कुमार थापाकी पत्नि इलाम जिल्ला, एकतप्पा गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, ताकेश्वर न.पा. वडा नं. ९ बस्ने राधिका चम्लागाईको नाममा मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, पिठौली गा.वि.स. वडा नं. ७ क (हाल कावासोती न.पा. वडा नं. ११) स्थित कित्ता नं. ४७१ को क्षेत्रफल ३०४७.२५ (व.मि.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
३) राधा हेल्थ केयर सेन्टर प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

९) **१) ऋणी फर्म: नेपाने बुद्धपार्क कृषि फर्म**, संचालक तथा जमानीकर्ता: काईला तामाङ
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकमा प्राइभेट फर्म दर्ता नं. १३५८४/०७९/०८०,
दर्ता मिति: २०७९/०९/०६, ठेगाना: जिल्ला काभ्रे, नमोबुद्ध न.पा. वडा नं. ९

२) ऋणी: काईला तामाङ
स्थायी ठेगाना: काभ्रे जिल्ला, नमोबुद्ध न.पा. वडा नं. ९, हालको ठेगाना: काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ९, बाबु : प्रताप सिं तामाङ, बाजे: दुधलाल तामाङ

धितोको विवरण
१) दुधलाल तामाङको नाति, प्रताप सिं तामाङको छोरा, काभ्रे जिल्ला, दाप्चा छत्रेबाझ गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ९ बस्ने काईला तामाङको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, नासिका स्थान सांगा गा.वि.स. वडा नं. ५ क (हाल बनेपा न.पा वडा नं. १०) स्थित कित्ता नं. १४०६ को क्षेत्रफल ०-३-३-० (विगाह)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) नेपाने बुद्धपार्क कृषि फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

३) ऋणी फर्म: बि. जि नेपाने बुद्धपार्क कृषि फर्म, संचालक तथा जमानीकर्ता: विवेक लामा
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकमा प्राइभेट फर्म दर्ता नं. १०६०६/०७९/०८०,
दर्ता मिति: २०७९/०९/१३, ठेगाना: जिल्ला काभ्रे, नमोबुद्ध न.पा. वडा नं. ०९

धितोको विवरण
१) प्रताप सिं को नाति, काईला तामाङको छोरा, काभ्रे जिल्ला, दाप्चा काशीखण्ड न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ९ बस्ने विवेक लामाको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, दापचा छत्रेबाझ गा.वि.स. वडा नं. ४ (हाल नमोबुद्ध न.पा. वडा नं. ९) स्थित कित्ता नं. ४१८, ४४८ र ४१७ को क्षेत्रफल क्रमशः १-१३-१-०, १-४-१-१ र ०-८-२-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) बि. जि नेपाने बुद्धपार्क कृषि फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

१०) **ऋणी: मनोज कुमार दास**
ठेगाना: महोत्तरी जिल्ला, सोनामाई गा.वि.स. वडा नं. ५, बाबु : जगदिश दास बनोधिया, बाजे: राम भजन दास

धितोको विवरण
१) रौदी दासको नाती, राम भजन दासको छोरा, महोत्तरी जिल्ला, सोनामाई गा.वि.स. वडा नं. ५ मा बस्ने जगदिश दास बनोधियाको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, भोइल टिमकिया गा.वि.स. वडा नं. ५क (हाल: औरही न.पा वडा नं. ८) स्थित कित्ता नं. ६२, ६३, ८८९ र ९१ को क्षेत्रफल क्रमशः ०-२-१.५-०, ०-३-०-०, ०-७-० र ०-९-६ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) सुकदेव दासकी छोरी, राम भजन दासकी बुहारी, जगदिश दास बनोधियाकी पत्नी, महोत्तरी जिल्ला, भोइल टिमकिया गा.वि.स. वडा नं. ६ मा बस्ने सुमित्रा देवीको नाममा मालपोत कार्यालय जलेश्वर, महोतरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, भोइल टिमकिया गा.वि.स. वडा नं. ५क (हाल: औरही न.पा वडा नं. ८) स्थित कित्ता नं. ८८ को क्षेत्रफल ०-१५-५ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।

नोट: ऋणी तथा संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ)।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १९ चैत ०८१

संक्षेप

डिजेल, मट्टीतेल र हवाई इन्धनको भाउ घट्यो



काठमाडौं/ नेपाल आयल निगम लिमिटेडले सोमबार रातिबाट लागू हुने डिजेल र मट्टीतेल समान दुई रुपैयाँ र आन्तरिक हवाई इन्धन सात रुपैयाँ प्रतिलिटर मूल्य घटाएको छ।

मूल्य घटेपछि काठमाडौं उपत्यकामा डिजेल र मट्टीतेल समान एक सय ४९ रुपैयाँ पुगेको छ भने आन्तरिक हवाई इन्धन प्रतिलिटर एक सय २५ रुपैयाँ कायम भएको छ। त्यस्तै, निगमले अन्तर्राष्ट्रि वायुसेवाले प्रयोग गर्ने हवाई इन्धनको भाउ पनि प्रतिकिलोलिटर ५१ डलर घटाएको छ।

निगमका अनुसार सोमबार दिउँसो इन्डियन आयल कर्पोरेसनबाट पेट्रोल ४५ पैसा र डिजेल २.१५ रुपैयाँ प्रतिलिटर घटेर आएकाले नेपाली बजारमा पनि डिजेल र मट्टीतेलको भाउ समायोजन गरिएको हो। त्यस्तै, हवाई इन्धनको भाउ पनि ६.५९ रुपैयाँ प्रतिलिटर घटेर आएको निगमले जनाएको छ।

आरसिओडीको म्याद थप गर्न माग

काठमाडौं/ स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले कुनै पनि सरकारी तथा बाह्य निकायले दिने अनुमतिमा ढिलाइ हुँदा जलविद्युत् आयोजनाको निर्माण समयमै सम्पन्न हुन नसके विद्युत् प्राधिकरणले आरसिओडी थप गर्नुपर्ने माग गरेको छ। सोमबार विद्युत् प्राधिकरणका नवनियुक्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई शुभकामना व्यक्त गर्दै इप्पान अध्यक्ष गणेश कार्कीले जलविद्युत् आयोजनाहरूले वन मन्त्रालयबाट रुख कटान तथा भारतबाट विस्फोटक पदार्थ आयातको अनुमति नपाउँदा तोकिएको समयमा विद्युत् उत्पादन गर्न असमर्थ भए व्यावसायिक विद्युत् उत्पादन गर्नुपर्ने मिति (आरसिओडी) थप गर्नुपर्ने बताए।

भेटमा प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले वर्षायामको ६ महिना आरसिओडीभन्दा ढिलो विद्युत् उत्पादन भए पनि पेनाल्टी नलाग्ने व्यवस्था गर्न प्रयास गरिने बताए। इप्पानले जलवायु परिवर्तनका कारण हाइड्रोलोजी पेनाल्टी खारेज गर्नुपर्ने माग गरेकोमा शाक्यले ग्रिडको अनुशासन पालना हुने गरी पेनाल्टीको व्यवस्था पुर्नमूल्यांकन गर्न सकिने बताए। त्यस्तै, आरसिओडी म्याद थप गर्ने कुरामा आफू सकारात्मक रहेको शाक्यले बताए।

ग्रिड कम्पनीको सिइओमा श्रेष्ठ

काठमाडौं/ नेपाल विद्युत् प्राधिकरणको अनबन्डलिङ नीतिअन्तर्गत गठन गरिएको राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा



इन्जिनियर सागर श्रेष्ठ नियुक्त भएका छन्। खुला प्रतिस्पर्धाबाट छनोट भएका श्रेष्ठलाई कम्पनीको सञ्चालक समितिले सोमबारको बैठकबाट चार वर्षका लागि नियुक्त गर्ने निर्णय गरेको हो। श्रेष्ठले भारतको आइआइटी रुडकी विश्वविद्यालयबाट स्नातकोत्तर गरेका छन्। हाल ग्रिड कम्पनीसँग करिब एक सय १० अर्ब रुपैयाँबराबरको ११ वटा परियोजनाको पोर्टफोलियो छ।

■ गभर्नर नियुक्तिमा रस्साकस्सी

उमेरहद नै हटाइयो छनोट मापदण्डबाट

● 'अर्थ मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्य नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३' संशोधन गर्दै सरकारले उमेरहदको व्यवस्था नै हटायो

● यसअघि मापदण्डमा कार्यकारी प्रमुखको उमेर ३० देखि ६५ वर्ष तथा अन्य पदाधिकारी र सदस्यको ३५ पूरा भई ६५ वर्ष ननाघेको हुनुपर्ने व्यवस्था थियो

कृष्ण रिजाल र पवन तिमिल्सिना

नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिसम्बन्धी मापदण्डमा उमेरहद हटाइएको छ। अर्थ मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले 'अर्थ मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्य नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३' संशोधन गर्दै उमेरहदसम्बन्धी व्यवस्था हटाएको हो। यो मापदण्डले राष्ट्र बैंकलाई पनि समेट्छ।

२९ भदौ ०७५ मा पहिलोपटक संशोधित यो मापदण्डमा कार्यकारी प्रमुखको उमेर ३० वर्ष र अन्य पदाधिकारी र सदस्यको हकमा ३५ वर्ष पूरा भई ६५ वर्ष ननाघेको हुनुपर्ने व्यवस्था थियो। तर, २७ फागुन ०८१ मा यो मापदण्ड दोस्रोपटक संशोधन गर्दै उमेरहदको बुँदा नै हटाइएको छ। राष्ट्र बैंक ऐनमा गभर्नर एवं सञ्चालकको उमेरहद तोकिएको छैन।

केन्द्रीय बैंकको गभर्नरजस्तो संवेदनशील पद नियुक्तिमा चलखेल हुनु नितान्त गलत विषय भएको पूर्वसचिव डा. मुकुन्द पौडेलले बताए। उनले भने, 'गभर्नरलाई मौद्रिक क्षेत्रको प्राइम मिनिस्टर नै भने हुन्छ। जोकोहीले पनि नियुक्ति खान मिल्ने गरी मापदण्ड खुकुलो बनाउँदा यो पदको गरिमा नै संकटमा पर्ने देखिन्छ।'

न्युजिल्यान्ड, अस्ट्रेलिया, बेलायत र क्यानडाजस्ता विश्वका विकसित राष्ट्रहरूमा रिजर्भ बैंक वा केन्द्रीय बैंकको गभर्नर नियुक्तिका लागि अन्तर्राष्ट्रिय आह्वान हुने गरेकोमा नेपालले त्यसको अनुसरण गर्नुपर्ने पौडेलको भनाइ छ। उनले भने, 'बेलायतमा कुनै समय क्यानडाका नागरिकलाई गभर्नर बनाइएको थियो। गभर्नर नियुक्तिको आवेदन अन्तर्राष्ट्रिय आह्वान गरी द इकोनोमिस्ट पत्रिकामा प्रकाशित हुन्छ।'

गभर्नर नियुक्ति गर्दा उनको कार्यकाल अवधिको निश्चित समयावधि तोकेर मुद्रास्फीति दर, शोधनान्तर स्थितिजस्ता अर्थतन्त्रका सूचकहरू नै निर्धारण गरी कार्यसम्पादन सम्झौता हुने गरेको उनले बताए। यसरी कार्यसम्पादन सम्झौताअनुसार मुद्रास्फीति दर तोकिएको दरभन्दा बढी भएमा गभर्नरलाई बर्खास्तसमेत गर्न सकिने व्यवस्था गरिएको हुने उनको भनाइ छ।

उनले भने, 'यहाँ (नेपालमा) त राजनीतिक दलका कार्यकर्ता, आसेपासे र नातागोतालाई नियुक्ति दिन मापदण्ड र नीतिगत चलखेल गर्ने प्रवृत्ति देखिन थाल्यो। अहिले त लेनदेनसम्मको विषय आइरहेको छ। यस्तो चलखेलबाट हुने नियुक्तिबाट अन्ततः मूल्य चुकाउनुपर्ने देश र नागरिकले नै हो।'

राष्ट्र बैंकमा ऐनले नै योग्य निर्धारण नगरेकाले मापदण्डमा उमेरहद राख्नुपर्ने आवश्यकता नभएकाले संशोधन गरिएको अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए। उनले भने, 'ऐनसँग मिल्दोजुल्दो हुने गरी मापदण्ड बनाएका हौं। ऐनमै गभर्नरसँगै अन्य सञ्चालकको पनि योग्यता उल्लेख छ। त्यसैले मापदण्डमा उमेरहद राख्नु आवश्यक नदेखिएकाले हटाइएको हो।'

ढिला गरी अघि बढ्यो गभर्नर नियुक्ति प्रक्रिया

आगामी २४ चैतमा गभर्नर महाप्रसाद अधिकारीको कार्यकाल सकिँदै छ। बहालवाला गभर्नरको पद रिक्त हुनुभन्दा सामान्यतया एक महिनाअगावै नयाँ गभर्नर नियुक्ति गर्नुपर्ने कानुनी व्यवस्था छ। ११ चैतमा बसेको मन्त्रिपरिषद्को बैठकले राष्ट्र बैंकको गभर्नर नियुक्तिको सिफारिस गर्न उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको अध्यक्षतामा पूर्वगभर्नर विजयनाथ भट्टराई र राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष विश्व पौडेल सदस्य रहने गरी सिफारिस समिति गठन गरेको थियो। नेपाल राष्ट्र बैंक ऐनको २५ले गभर्नरको नियुक्तिको सार्वजनिक सूचना जारी गर्नुपर्ने व्यवस्था गरेको छ। 'नेपाल सरकारले बहालवाला गभर्नरको पद रिक्त हुनुभन्दा सामान्यता एक महिनाअगावै गभर्नरको पदमा यस ऐनबमोजिम नियुक्त गरी सोको सूचना सार्वजनिक रूपमा प्रकाशन तथा प्रसारण गर्ने' ऐनमा उल्लेख छ।

यस्तो छ गभर्नरका लागि योग्यता

नेपाल राष्ट्र बैंक ऐनले गभर्नरको योग्यता तोकेको छ। आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्य, व्यवस्थापन, जनप्रशासन, तथ्यांकशास्त्र, गणित वा कानुन विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय वा वाणिज्य कानुनको क्षेत्रमा कार्य अनुभव हासिल गरेको हुनुपर्ने ऐनले व्यवस्था गरेको छ। 'कार्य अनुभव भन्नाले नेपाल सरकार वा बैंकको विशिष्ट श्रेणीको पद वा विश्व विद्यालयको प्राध्यापक वा 'क' श्रेणीको वाणिज्य बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुख वा अन्तर्राष्ट्रिय संघ-संस्थाको कार्यकारी तहको पद वा सोसरहको पद वा मर्यादाक्रमको हिसाबले सो पदभन्दा उच्च पदमा कार्य गरेको अनुभव सम्झनुपर्छ,' ऐनमा छ।



पूर्वसचिव डा. मुकुन्द पौडेल भन्छन्-

दलका कार्यकर्ता, आसेपासे र नातागोतालाई नियुक्ति दिन मापदण्ड र नीतिगत चलखेल गर्ने प्रवृत्ति देखिन थाल्यो। अहिले त लेनदेनसम्मको विषय आइरहेको छ। यस्तो चलखेलले अन्ततः मूल्य चुकाउनुपर्ने देशले नै हो।



अर्थका प्रवक्ता श्यामप्रसाद भण्डारी भन्छन्-

राष्ट्र बैंकसम्बन्धी ऐनसँग मिल्दोजुल्दो हुने गरी नै गभर्नर नियुक्तिको मापदण्ड बनाएका हौं। ऐनमै गभर्नरसँगै अन्य सञ्चालकको पनि योग्यता उल्लेख छ। त्यसैले मापदण्डमा उमेरहद राख्नु आवश्यक नदेखिएकाले हटाइएको हो।



■ गभर्नरका लागि चर्चामा रहेका नाम

राष्ट्र बैंकका डेपुटी गभर्नरद्वय डा. नीलम ढुंगाना तिम्सिना र बमबहादुर मिश्र, योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठ, राष्ट्र बैंककै कार्यकारी निर्देशक डा. गुणाकर भट्ट, बैंकर अशोक शेरचन र ज्ञानेन्द्र ढुंगाना, लगानी बोर्डका पूर्व सिइओ सुशील भट्ट चर्चामा छन्। त्यस्तै, ६५ वर्ष उमेर कटेका राष्ट्र बैंकका सञ्चालकसमेत रहेका डा. रवीन्द्र पाण्डे, पूर्वमुख्यसचिव राजेन्द्रकिशोर क्षेत्री र पूर्वअर्थसचिव रामेश्वर खनाल पनि दौडमा छन्।

स्वार्थ समूह हाबी हुने चिन्ता



अर्थतन्त्र सुधार र देशलाई 'ग्रे' लिस्टबाट बाहिर निकाल्न प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने भावी गभर्नरको मुख्य जिम्मेवारी हुनेछ। चुनौतीपूर्ण परिस्थितिमा हुन गइरहेको गभर्नर नियुक्तिमा पनि स्वार्थ समूह हाबी हुन सक्ने भन्दै सर्वत्र चिन्ता देखिएको छ। सरकारको बैंकर, सल्लाहार तथा वित्तीय एजेन्टका रूपमा पनि लिइने केन्द्रीय बैंकको गभर्नर नियुक्तिलाई आमसर्वसाधारणदेखि जनप्रतिनिधिसम्मले चासो र चिन्ता व्यक्त गरिरहेका छन्।

सर्वाजनिक निकायमा भएका पछिल्ला नियुक्तिलाई लिएर बजारमा नकारात्मक टीकाटिप्पणी भइरहेको सन्दर्भमा नयाँ गभर्नर नियुक्तिलाई लिएर सरोकारवालादेखि सांसद र सर्वसाधारणले समेतले चासो दिइरहेको नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डा. चिरञ्जीवी नेपालले बताए। 'यस्तो परिस्थितिमा समितिले राम्रा तीनजना व्यक्ति सिफारिस गर्नुपर्छ,' उनले भने, 'सरकारले आफ् नाभन्दा पनि देशलाई अघि बढाउन सक्ने राम्रा मान्छे छान्नुपर्छ।'

पछिल्लो समय अन्तर्राष्ट्रिय रूपमै गभर्नरको जिम्मेवारीको दायरा र चुनौती बढ्दै गइरहेको परिस्थितिमा सरकारले दक्ष, योग्य र विश्वासिलो व्यक्तिलाई केन्द्रीय बैंकको नेतृत्व दिनुपर्ने नेपालले बताए। 'अहिले आन्तरिक रूपमा अर्थतन्त्र चलायमान हुन सकेको छैन, आमसर्वसाधारण र निजी क्षेत्रको मनोबल बढ्न सकेको छैन, यही वेला नेपाल सम्पत्ति शुद्धीकरणको ग्रे लिस्टमा परेको छ,' उनले भने, 'यो चुनौतीपूर्ण अवस्थालाई फेस गर्न सक्ने, वित्तीय स्थायित्व कायम गर्दै अर्थतन्त्रलाई गति दिने कार्यको नेतृत्व गर्न सक्ने व्यक्तिलाई गभर्नर बनाउनुपर्छ।'

पछिल्ला समय देशका आर्थिक संस्थाहरू निश्चित स्वार्थ समूहले कब्जा गरिरहेको भन्दै भावी गभर्नर नियुक्तिमा समेत त्यस्ता समूहले चलखेल गरिरहेको देखिएको सांसद एवं राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति स्वर्णिम वाग्लेले बताए। २१ फागुनमा संसद्मा बोल्दै उनले भावी गभर्नर नियुक्तिमार्फत राष्ट्र बैंक कब्जा गर्ने दूरनियतका साथ केही अभियान चलिरहेको दाबी गरे। उनले धितोपत्र बोर्ड, बिमा प्राधिकरणपछि अब राष्ट्र बैंकमा पनि बिचौलियाले कब्जा गर्ने डरलाग्दो अभियान चलेको भन्दै त्यसलाई रोक्न अर्थमन्त्रीलाई आग्रह गरे।

नेपाल सम्पत्ति शुद्धीकरणको 'ग्रे' लिस्टमा परेको सन्दर्भमा बोल्दै उनले सुधार गर्न नसके कालोसूचीमा पर्ने लगभग पक्का भएको उनले बताए। कुनै बिचौलियाको मतियार वा उसले प्लान्ट गरेको पात्रलाई राष्ट्र बैंकमा पुऱ्याए नेपाल ग्रे लिस्टबाट ब्ल्याकलिस्टमा पर्ने उनले बताए। प्रतिनिधिसभाको २७ फागुनको बैठकको विशेष समयमा बोल्दै नेपाल कांग्रेसका सांसद गगनकुमार थापाले गभर्नरको नियुक्तिलाई सबैले नजिकबाट हेरिरहेको बताए। उनले भने, 'सरकारको निर्णयलाई हामी सबैले नजिकबाट हेरिरहेका हुन्छौं, को व्यक्ति भयो, को भएन, सबैलाई थाहा हुन्छ, यी प्रत्येक कुरामा सरकारले आफ्नो काम र निर्णयबाट संसद्को, दलहरूको र आममानिसको विश्वास जित्नुपर्छ।'

नेपाल राष्ट्र बैंककै एक उच्च अधिकारीले वर्तमान परिस्थितिमा स्वदेशका सरोकारवाला र अन्तर्राष्ट्रिय समुदायहरू विश्वस्त हुन सक्ने व्यक्तिलाई मात्रै गभर्नरको जिम्मा दिनुको विकल्प नरहेको बताए।

हिमालयले सुरु गऱ्यो ल्हासा-पोखरा-ल्हासा व्यावसायिक उडान

ल्हासाबाट १०७ यात्रु ल्याएको विमानले पोखराबाट ३० यात्रु लिएर फर्कियो



कास्कीमा रोहितराज पराजुली

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सुरु भएको छ। निजी वायुसेवा कम्पनी हिमालय एयरलाइन्सले चीनको ल्हासा-पोखरा-ल्हासा जोड्ने गरी सोमबारदेखि पोखराबाट नियमित व्यावसायिक अन्तर्राष्ट्रिय उडान सुरु गरेको हो।

चीनको ल्हासास्थित गोंगर विमानस्थलबाट एक सय सातजना यात्रु लिएर आएको हिमालयको एक सय ४४ सिटे एयर बस ३१९ एजेके विमानले एक घण्टा ३४ मिनेटको उडानपश्चात् पोखरामा एक बजेर ५६ मिनेटमा अवतरण गरेको थियो। पोखरा आउनुअघि सो विमानले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ल्हासा उडान गरेको थियो। पोखरा अवतरण गरेको विमानले ३० जना यात्रु लिएर मंगलबार बिहान ८:२० बजे ल्हासा प्रस्थान गर्नेछ।

'रुफ अफ द वर्ल्ड' भनेर परिचित ल्हासाबाट पोखरा आएका यात्रुलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुणकुमार चौधरी, गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्याल, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, नेपालका लागि चिनियाँ राजदूत छन सोङ, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, नेपाल नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक देवचन्द्रलाल कर्ण, हिमालयका अध्यक्ष झोउ एनयोङ्लगायतले स्वागत गरेका थिए।

कार्यक्रममा मुख्यमन्त्री पाण्डेले उडान सुरु भएसँगै अब पोखरा र यस क्षेत्रमा बढीभन्दा बढी चीनका पर्यटक भित्र्याउन लाग्नुपर्ने बताए। उडानले पोखरासँगै समग्र प्रदेशको पर्यटन प्रवर्द्धनमा कनेक्टिभिटीको भूमिका निर्वाह गर्ने बताउँदै उडानको निरन्तरताका लागि प्रदेश सरकार आवश्यक सहयोग गर्न तयार रहेको बताए। त्यस्तै, राज्यमन्त्री चौधरीले हिमालयले सुरु गरेको उडानले पोखरासमेत अन्तर्राष्ट्रिय उडानका लागि एउटा गन्तव्य हो भनी देखाएको बताए।

पोखरा महनगरका प्रमुख आचार्यले अन्तर्राष्ट्रिय उडानले पोखरेलीको ५० वर्षअघिको सपनालाई पूरा गरेको बताए। पोखराले भ्रमण वर्ष मनाइरहेको समयमा अन्तर्राष्ट्रिय उडानले पोखराको अभियानलाई सफल पार्नसमेत सहयोग गर्ने बताए।

राजदूत सोङले पोखराबाट यसअघि चार्टर उडान मात्र हुँदै आएको हिमालयले पोखराको नियमित अन्तर्राष्ट्रिय उडानको माग सम्बोधन गरेको बताए। उडानले दुई देशबिचको आपसी सम्बन्धलाई सुदृढ गर्दै कनेक्टिभिटीको मार्गसमेत खोलेको भनाइ उनको थियो। पोखराबाट चीनका अन्य गन्तव्यमा समेत उडानका लागि राजदूतावासले काम गरिरहेको र थप अन्तर्राष्ट्रिय गन्तव्य छिटै पोखराले प्राप्त गर्ने विश्वास दिलाएका थिए।

उपमहानिर्देशक कर्णले हिमालय एयरलाइन्सले उडान सुरुसँगै अन्तर्राष्ट्रिय उडान भएन भन्ने चिन्ताको समय अब सकिएको बताए। यसलाई निरन्तरताका लागि पोखराका पर्यटन व्यवसायीहरू लाग्नुपर्ने बताए। पोखराबाट बंगलादेश र भुटानका वायुसेवा कम्पनीहरूले समेत चासो देखाएको जानकारी दिँदै अब पोखराबाट अन्य गन्तव्यमा उडान सुरु गर्न आफूहरू लागेको बताए।

हिमालयका अध्यक्ष एनयोङ्ले नयाँ क्षेत्र, गन्तव्य र बजारका रूपमा पोखरा प्राप्त गरेको बताए। उडानले नेपाल र चीनबिचको हवाई सम्पर्कलाई सुदृढ बनाएसँगै कम्पनीका लागि एक महत्त्वपूर्ण कोसेढुंगा रहेको बताए। सुरु उडान केवल नयाँ मार्ग मात्र नभई नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने, पर्यटन प्रवर्द्धन गर्न, व्यापार र सांस्कृतिक आदान-प्रदानका लागि नयाँ अवसर सिर्जना गर्ने महत्त्वपूर्ण पहलसमेत रहेको बताउँदै उडानको दीर्घकालीन सफलताका लागि निरन्तर सबैको साथ र सहयोग आवश्यक रहेको बताएका थिए।

हिमालयका उपाध्यक्ष एर्व प्रवक्ता विजय श्रेष्ठले हिमालयको मुख्य उद्देश्य चीनका विभिन्न १० पर्यटकीय क्षेत्रमा उडान सञ्चालन गर्ने र १० लाख चिनियाँ पर्यटकलाई नेपालमा भित्र्याउने रहेको बताए।

१७ पुस ०७९ मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गरेको विमानस्थलमा ११ फागुन ०८० मा इन्स्ट्रुमेन्ट फ्लाइट रुल्स (आइएफआर) लागू भएपछि अन्तर्राष्ट्रिय उडान र रात्रिकालीन उडानका लागि तयार भएको थियो। १८ फागुन ०७९ देखि रात्रिकालीन उडान सुरु भएको विमानस्थलमा यसअघि चार्टर उडान र एक व्यावसायिक उडान भए पनि नियमित अन्तर्राष्ट्रिय उडान कहिलेबाट हुन्छ भन्नेमा ठुंगो भने लागेको थिएन।

हेटौंडा सिमेन्ट २३ चैतबाट सञ्चालन हुने

मकवानपुरमा पोष्टराज अधिकारी



आर्थिक अभावका कारण थलिए पनि अघोषित लोडसेडिङलाई बहाना बनाउँदै आएको हेटौंडा सिमेन्ट उद्योग पुनः सञ्चालनमा आउने भएको छ। उद्योगमा गत मंसिरदेखि बिहान र बेलुका गरी ६ घण्टा लोडसेडिङ भएपछि उद्योग सञ्चालन गर्न नसकिएको उद्योगका निमित्त महाप्रबन्धक नवीन कर्णले बताए। नेपाल विद्युत् प्राधिकरणले विद्युत् नियमित गर्ने भएसँगै २३ चैतबाट उद्योग पुनः सञ्चालनमा आउन लागेको उनको भनाइ छ। गत मंसिरदेखि विद्युत् प्राधिकरणले अघोषित रूपमा बिहान र बेलुका तीन-तीन घण्टा विद्युत् अवरुद्ध गर्दै आएको उनले बताए। यसअघि पनि उपकरणमा समस्या आएपछि उद्योग दसैंअघिदेखि नै बन्द थियो। बिग्रिएका मेसिन मर्मत गरेर तिहारलगतै सञ्चालन गर्ने भनिएको उद्योग विद्युत् आपूर्ति नियमित नभएको भन्दै बन्द थियो।

आन्तरिक समस्या, आर्थिक अभाव, कच्चा पदार्थ खरिदमा समस्या र बिग्रिएका मेसिन मर्मत गर्न नसक्दा उद्योग सात महिनादेखि बन्द छ। उद्योगका निमित्त महाप्रबन्धक कर्णका अनुसार गत ७ असोजदेखि बन्द रहेको उद्योग सात महिनापछि सञ्चालनमा आउन लागेको हो। छिमेकी देश भारतबाट थप चार सय ६ मेगावाट बिजुली आएसँगै हेटौंडा सिमेन्टलगायत औद्योगिक क्षेत्रहरूमा विद्युत् आपूर्ति नियमित भएको उनको भनाइ छ।

केही समयअघि भारतबाट प्रत्येक दिन बिहान ६ देखि साँझ ५ बजेसम्म मात्रै विद्युत् आयात हुने गरेकोमा अब राति ११ बजेदेखि बिहान ४ बजेसम्म पनि विद्युत् उपलब्ध हुने प्राधिकरणले जनाएको छ। यसअघि दैनिक १२ घण्टा बिजुली आयात गर्दै आएको प्राधिकरणले शुक्रबारदेखि १६ घण्टासम्म आयात गर्न पाउने भएको हो। यससँगै अघोषित लोडसेडिङका कारण बन्द रहेका उद्योगहरू सञ्चालनमा आउने भएका हुन्। जसमा हेटौंडा सिमेन्ट उद्योगसमेत रहेको छ।

विद्युत् नियमित भएपछि चैत २२-२३ गतेतिर किलमा फायर गर्ने र उद्योग सञ्चालन गरिने उद्योगका निमित्त महाप्रबन्धक कर्णले जानकारी दिए। यसपटक उद्योग सञ्चालन गरेपछि नियमित चल्ने उनको दाबी छ। '२२-२३ गते किलमा फायर गर्ने तयारी भइरहेको छ। त्यसपछि उद्योग नियमित चल्छ,' उनले भने, 'कुनै भैपरी नआए अब उद्योग बन्द हुँदैन।' महाप्रबन्धक कर्णले एक महिनालाई पुग्ने कच्चा पदार्थ मौज्दात रहेको जानकारी दिए। उद्योगले उत्पादन थालेपछि त्यही सिमेन्ट बेचेर समस्या टार्दै जाने उनको भनाइ छ। गत असोजमा उद्योग बन्द हुँदा मौज्दात रहेको करिब डेढ लाख बोरा सिमेन्ट बेचेर केही समय उद्योगका कर्मचारी र मजदुरलाई तलब खुवाएको उद्योगमा पछिल्लो समय तलब खुवाउन नसकेपछि मजदुरहरू आन्दोलित भएका थिए। महाप्रबन्धक कर्णले मजदुरसँग उद्योग सञ्चालनमा आएपछि तलब उपलब्ध गराउँने सहमति भएको दाबी गरे।

साढे सात महिनामा २६ दिन मात्रै चल्यो

अपरेटिङ खर्च धान्न नसक्दा र पुराना उपकरण बिग्रिरहँदा बारम्बार बन्द हुने हेटौंडा सिमेन्ट उद्योग चालू आर्थिक वर्षमा जम्मा २६ दिन चलेको छ। चालू आर्थिक वर्षको ६ महिनामा साउनमा १ दिन, भदौमा १८ दिन र असोजमा सात दिन गरी जम्मा २६ दिन चलेको हो। चालू आर्थिक वर्षमा साउनमा एक दिन चलेर बन्द भएको उद्योग १४ भदौबाट सञ्चालनमा आएको थियो। तर, ७ असोजमा किलमा समस्या आएपछि बन्द भएको उद्योग अहिलेसम्म चलेको छैन।

सरकारले केही समयअघि निजीकरणका लागि सिफारिस गरेका नौवटा सरकारी उद्योगमा हेटौंडा उद्योगलाई समेत समेटेको थियो। पटक-पटक बन्द हुँदै आएको हेटौंडा सिमेन्टले उद्योग सञ्चालनका लागि ठूलो रकम निकासा मागेपछि सरकारले निजीकरण गर्ने निर्णय गरेको थियो। तर, अहिलेसम्म पनि हेटौंडा सिमेन्ट उद्योगबारे कुनै निर्णय हुन सकेको छैन।

संघीय सरकारका उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले समेत गत असोजमा उद्योगको निरीक्षण गर्दै हेटौंडा सिमेन्टलाई सरकारले चलाउन नसक्ने, तर निजी क्षेत्रलाई भाडामा दिन सक्ने आशय व्यक्त गरेका थिए। उनले उद्योग सञ्चालनको विभिन्न मोडेलको विषयमा छलफल भइरहेको जानकारी दिँदै छिट्टै निष्कर्षमा पुग्ने दाबी गरेका थिए।

हेटौंडा सिमेन्ट उद्योग सञ्चालक समितिका अध्यक्ष नरेन्द्र भण्डारीले सरकारबाट खासै ठोस निष्कर्ष नआएको जानकारी दिँदै भारतबाट बिजुली आउन थालेसँगै अब उद्योग सञ्चालन गर्ने तयारी गरिएको बताए। उनले विद्युत् आपूर्ति भएसँगै औद्योगिक क्षेत्रमा रहेको लोडसेडिङ अन्त्य भएको र हेटौंडा सिमेन्ट उद्योग पनि चलाउन तयारी गरिएको जानकारी दिए। उनले यही २३ चैतबाट उद्योग सञ्चालन हुने दाबी गरे। यसपटक उद्योग सञ्चालन गरेपछि नियमित चल्ने पनि उनले दाबी गरे।

माथिल्लो त्रिशूली-१ ले दियो गाउँपालिकालाई एम्बुलेन्स

काठमाडौं/ रसुवामा निर्माणाधीन दुई सय १६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाले प्रभावित आमाछोदिङ्मो गाउँपालिकालाई एम्बुलेन्स प्रदान गरेको छ। विपत्, दुर्घटना एवं गम्भीर प्रकृतिका रोगबाट प्रभावित घाइते, सुत्केरीलगायत आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि एम्बुलेन्स प्रदान गरिएको हो। आयोजनाको सामुदायिक सहयोग कार्यक्रमअन्तर्गत प्रदान गरिएको एम्बुलेन्स आयोजना प्रभावित आमाछोदिङ्मो गाउँपालिका-१ हाकुस्थित हाकु हेल्थपोस्टले सञ्चालन गर्नेछ। आयोजना प्रभावित अर्को उत्तरगया गाउँपालिकालाई पनि छिट्टै एम्बुलेन्स प्रदान गर्ने तयारी गरेको छ।



आयोजनाको प्रवर्द्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रालिका प्रमुख कार्यकारी अधिकृत (सिइओ) बायोङ सु मिनले सोमबार हाकुमा आयोजित कार्यक्रमबिच एम्बुलेन्सको चाबी गाउँपालिकाका अध्यक्ष बुचुङ तामाङलाई हस्तान्तरण गरेका हुन्। सिइओ बायोङ सु मिनले बिरामी र दुर्घटनाका घाइतेलाई अस्पताल पुऱ्याउनुभन्दा अगावै आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन एम्बुलेन्स गाउँपालिकालाई प्रदान गरिएको बताए।

धनगढीमा कजारियाको नयाँ सोरुम

काठमाडौं/ भारतको अग्रणी टाइल निर्माता कजारियाले सहिदचोक, धनगढीमा नयाँ सोरुम सञ्चालनमा ल्याएको छ। गोदावरी टायल एन्ड मार्बलद्वारा सञ्चालित सोरुमको उद्घाटन कलाकार विराज भट्ट, चक्र बमलगायतले गरेका हुन्। उद्घाटनपछि बोल्दै कजारियाको राष्ट्रिय सेल्स प्रमुख प्रवीण सिंहले नयाँ सोरुम उद्घाटनप्रति उत्साह व्यक्त गर्दै भने, 'धनगढी कजारियाका लागि महत्त्वपूर्ण बजार हो। यसले हाम्रा प्रिमियम टायल्सलाई स्थानीय ग्राहकसम्म पुऱ्याउन सहयोग गर्नेछ।' कम्पनीको उद्देश्य निर्माण व्यवसायी तथा धरधनीलाई टिकाउ र गुणस्तरीय उत्पादन दिनु रहेको बताइएको छ। यसले कार्यक्षमता र डिजाइन दुवैमा सुधार ल्याउने



कम्पनीको विश्वास छ।

सोरुम विस्तारसँगै नेपालका निर्माण सामग्रीको क्षेत्रमा आफ्नो नेतृत्वलाई बलियो बनाउन लागिपरेको कजारियाले जनाएको छ। कम्पनीका अनुसार प्रिमियम टाइल्सलाई नेपालभर सहजै उपलब्ध गराउने आफ्नो लक्ष्यको निरन्तरतास्वरूप भरतपुरमा सोरुम सञ्चालनमा आएको हो। यसअघि सतुंगल, काठमाडौं, भतरपुरलगायतका ठाउँमा सोरुम सञ्चालनमा ल्याइएको थियो।

रमेश कर्प र कजारिया सेरामिक्स लिमिटेडको संयुक्त उद्यम कजारिया रमेश टाइल्स लिमिटेडले नवलपरासीमा टायल उत्पादन प्लान्ट स्थापना गरेको बताइएको छ। नेपाललाई टाइल्समा आत्मनिर्भर बनाउने लक्ष्यका साथ आयोजनाले स्थानीय कच्चा पदार्थ प्रयोग गरी वार्षिक ५२ लाख वर्गमिटर टायल उत्पादन गर्ने लक्ष्य अघि सारेको कम्पनीले चार अर्ब रुपैयाँ लगानी गरेको छ।

यस उद्योगले अर्थतन्त्रलाई उकास्ने र सुलभ मूल्यमा विश्वस्तरीय कजारिया टाइल्स उपलब्ध गराउने कम्पनीको दाबी छ। 'यो प्लान्टले स्थानीय अर्थतन्त्रलाई उल्लेखनीय रूपमा बढावा दिनुका साथै हजारौं रोजगारीका अवसर प्रदान गर्नेछ, स्थानीय समुदायको जीवनलाई समृद्ध बनाउनेछ र वृद्धि र विकासलाई बढावा दिनेछ,' सिंहले भने।

नयाँ वर्षका लागि यामाहाले ल्यायो 'थ्रिल अफ थ्री' योजना

काठमाडौं/ यामाहाले नयाँ वर्ष ०८२ को सुरुवात 'थ्रिल अफ थ्री' योजनासँगै गर्ने भएको छ। कम्पनीले यामाहाका फ्यानलाई आकर्षक पुरस्कार, विशेष लाभ र अनबिटेबल डिल प्रदान गर्न यो योजना ल्याएको जनाएको छ। यो योजना यामाहा मोटरसाइकल र स्कुटरको एक्साइटमेन्ट, स्टाइल र पर्फमेन्सको उत्सव मनाउने अवसर भएको बताइएको छ। राइडर, ट्रेन्डसेटर वा पर्फमेन्स खोज्ने व्यक्तिका लागि यो योजना ल्याइएको हो।

'थ्रिल अफ थ्री'अन्तर्गत ग्राहकले सामाजिक सञ्जालमा यामाहाको नयाँ वर्ष स्किमको विज्ञापन 'थ्रिल अफ थ्री' साझा गर्दा तत्काल एक हजार रुपैयाँ जित्नेछन्। त्यसैगरी, नजिकैको यामाहा डिलरसिपमा गई आफूले सेयर गरेको यामाहा नयाँ वर्ष



स्किम विज्ञापनको स्क्रिनसट देखाउँदा ५० हजार रुपैयाँसम्मको नगद पुरस्कार जित्न सक्नेछन्। त्यस्तै, योजना अवधिमा ब्रान्ड-न्यु यामाहा मोटरसाइकल वा स्कुटर खरिद गर्दा एक लाखसम्मको नगद पुरस्कार पाइने पनि कम्पनीको भनाइ छ।

यसबाहेक ग्राहकले तत्काल एक्सचेन्ज, सुलभ किस्ताबन्दी र छानिएका मोडेलमा शून्य प्रतिशत ब्याजदरमा किस्ताबन्दीसमेत पाउनेछन्। उत्कृष्ट राइड अनुभव प्रदान गर्ने यामाहा मोटरसाइकल र स्कुटरहरू थ्रिल खोज्ने, स्टाइल मन पराउने र पर्फमेन्स रोज्नेहरूका लागि डिजाइन गरिएको कम्पनीको दाबी छ।

सामसङ ग्यालेक्सी ए५६, ए३६ र ए२६ सार्वजनिक

काठमाडौं/ सामसुङ नेपालले ग्यालेक्सी ए५६ फाइभ-जी, ग्यालेक्सी ए३६ फाइभ-जी र ग्यालेक्सी ए२६ फाइभ-जी सार्वजनिक गरेको छ। पहिलोपटक ग्यालेक्सी 'ए' सिरिजमा 'असम इन्टेलिजेन्स' समावेश गरिएको कम्पनीले जनाएको छ। ग्यालेक्सी ए५६ र ए३६ अहिले नै बजारमा उपलब्ध छन् भने ग्यालेक्सी ए२६ अप्रिलको पहिलो साताबाट बजारमा आउने सामसुङ नेपालका निर्देशक प्रणयरत्न स्थापितले जानकारी दिए।



ग्यालेक्सी ए सिरिजका फोनहरूमा अघिल्लो वर्ष अति चर्चित गुगलको 'सर्कल टु सर्च' विशेषता अब थप भई फोन स्क्रिनबाट सजिलै खोज्न मिल्ने भएको छ। यो फिचरले स्क्रिनमा देखिएको नम्बर, इमेल ठेगाना वा युआरएल सजिलै पहिचान गर्न सक्छ, जसले गर्दा प्रयोगकर्ताले एक ट्यापमा नै कार्य पूरा गर्न सक्छन्। 'सर्कल टु सर्च'ले गीत पनि तत्काल पहिचान गर्न सक्छ।

ग्यालेक्सी ए सिरिजका सबै डिभाइसमा ५० एमपी मुख्य क्यामरा तथा 'अब्जेक्ट इरेजर' सुविधा उपलब्ध छ। यसले प्रयोगकर्तालाई फोटोबाट अनावश्यक वस्तु हटाउन मद्दत गर्छ। ग्यालेक्सी ए५६, ए३६ र ए२६ मार्च २८ देखि नेपालका सबै सामसङ आधिकारिक स्टोरहरूमा उपलब्ध छन्।

ग्यालेक्सी ए५६ १२/२५६ जिबीको ७० हजार र ८/१२ को ६५ हजार रहेको छ। त्यस्तै, ए३६को १२/२५६ को ५९ हजार ९९९, ८/२५६ को ५४ हजार ९९९ र ८/१२८ को ४८ हजार ९९९ रुपैयाँ तोकिएको छ। त्यसैगरी, ए२६ को मूल्य ४५ हजार ९९९ रहेको छ, जुन ८/२५६ जिबीमा आउँछ।

'पन्ड्स' अब 'पन्ड्स स्किन इन्स्टिच्युट'मा परिवर्तन



काठमाडौं/ सौन्दर्य ब्रान्ड पन्ड्सले आफ्नो नाम परिवर्तन गरेको छ। कम्पनीले नयाँ ट्यागलाइन 'मिराकल्स ह्याप्पेन्स'सहित पन्ड्सबाट 'पन्ड्स स्किन इन्स्टिच्युट'मा नाम परिवर्तन गरेको हो। यसले ब्रान्डको आधारभूत विषयवस्तुः अनुसन्धान, विज्ञान र विशेषज्ञतालाई उजागर गर्ने बताइएको छ। विज्ञानमा आधारित फर्मुलाले उपभोक्तामा आशा र छलामा वास्तविक परिवर्तन ल्याउने लक्ष्यसहित पन्ड्स ब्रान्डको दृश्य पहिचानलाई परिवर्तन गर्ने कम्पनीले जनाएको छ।

पन्ड्स स्किन इन्स्टिच्युटले आफ्ना फर्मुलामा निआसिनामाइड, हायल्युरोनिक एसिड र सक्रिय चारकोल मिश्रण गरेको छ। जुन यसको फेसवास र फेस मोइस्चुराइजर समस्यामा लाभदायक हुनेछ। ब्रान्डले नयाँ र नवप्रवर्तनका माध्यमबाट नेपालमा विश्वव्यापी गुणस्तरअनुसार उपभोक्तालाई उत्तम विकल्प दिने बताएको छ।


इन्स्टिच्युटको ब्राइट ब्युटी सिरम क्रिममा निआसिनामाइड मुख्य इन्ग्रिडिएन्टका रूपमा पाइन्छ, जुन छालाका तहहरूमा प्रवेश गरी ९६ प्रतिशतसम्म चम्किलो त्वचा प्रदान गर्छ। नयाँ प्रस्तुत गरिएको पन्ड्स सुपरलाइट जेलमा हायल्युरोनिक एसिड मुख्य तत्त्वका रूपमा पाइन्छ, जसले दुई सय प्रतिशत तत्काल हाइड्रेसन प्रदान गर्ने कम्पनीको दाबी छ। यसले छालालाई अधिल्लोभन्दा नयाँ र हाइड्रेसनयुक्त राख्छ। डिटक्स रेन्जको फेसवास, जसमा सक्रिय चारकोल १० गुणा प्रभावकारी हुने बताइएको छ।

कामु सिइओ ज्ञवालीलाई नेपाल-इटाली वाणिज्य संघको बधाई



काठमाडौं/ नेपाल-इटाली वाणिज्य तथा उद्योग संघले संस्थाकै उपाध्यक्ष मनोजकुमार ज्ञवालीलाई नबिल बैंकको कायममुकायम प्रमुख कार्यकारी अधिकृतमा पदोन्नति भएकामा बधाई दिएको छ। संघका अध्यक्ष सञ्जय अग्रवाल तथा बोर्ड सदस्यले ज्ञवालीको यो उपलब्धि महत्त्वपूर्ण रहेको बताउँदै बधाई दिएको हो। 'बैंकिङ क्षेत्रमा उहाँको समर्पण, नेतृत्व क्षमता र अपार अनुभव प्रशंसनीय छ। उहाँको पदोन्नति उत्कृष्ट योगदानको प्रतिबिम्ब हो। उहाँको नेतृत्वमा नबिल बैंक अझ उचाइमा पुग्नेछ,' संघले भनेको छ।

खाँदबारीका १६ जना कृषकलाई हातेट्याक्टर वितरण



संखुवासभा/ संखुवासभाको खाँदबारी नगरपालिका- ११ का १६ जना कृषकलाई हातेट्याक्टर (मिनिटिलर) वितरण गरिएको छ। सोमबार एक कार्यक्रमबिच ११ नम्बर वडाभित्रका कृषकलाई हातेट्याक्टर वितरण गरिएको हो। चालू आर्थिक वर्षको वडास्तरीय योजनामार्फत कृषकलाई उक्त सामग्री वितरण गरिएको वडाध्यक्ष अनिल राईले बताए। उनले वडाभित्रका कृषकको माग प्रस्ताव आह्वान गरी वस्तुस्थितिका आधारमा वडाले कृषक छनोट गरेको बताए।

वडाभित्रका नागरिकलाई कृषिमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ प्रविधिमैत्री हातेट्याक्टर वितरण गरिएको वडाध्यक्ष राईको भनाइ छ। 'वडाले अनुदान दिएका कृषकको घर-घर र करेसाबारीमा नै पुगेर नियमित अनुगमन गर्छौं। अनुदानको सदुपयोग होस् भन्ने हाम्रो चाहना हो,' वडाध्यक्ष राईले भने। चालू आवमा वडाबाट विनियोजित चार लाख रुपैयाँ र कृषक लागत सहभागिता चार लाख गरी कुल आठ लाख रुपैयाँको बजेटबाट सामान खरिद गरी वितरण गरिएको वडाध्यक्ष राईको भनाइ छ।

हातेट्याक्टर पाएपछि खाँदबारी-११ का कृषक दुर्गाबहादुर गुरुङले खुसी व्यक्त गर्दै ट्याक्टरले काम गर्न छिटो-छरितो हुने र गोरु पाल्नुपर्ने झन्झटबाट समेत मुक्त गराएको बताए।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८१/१२/१९)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाण्डौं नेपाल पोष्ट बक्स नं ३७१२
फोन नः ५३२८२२९, ५३४२५३०
इमेलः info@nimb.com.np
वेवसाइटः www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(सांविक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने सांवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको सांवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण सांवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिँदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानावाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी : कृष्ण प्रसाद काफ्ले (घर कर्जा) -शाखा कार्यालय इटहरी,** (ना.प्र.नं. ०७१७६, मिति २०४८/०५/०६ मा जि.प्र.का. धनकुटाबाट जारी भएको), ठेगानाः मूर्तीढुङ्गा ०५, धनकुटा, बाबुः डम्बर प्रसाद काफ्ले, बाजेः जगननाथ काफ्ले **व्यक्तिगत जमानीकर्ता :** **बिना आचार्य** (ना.प्र.नं.९५६२४/९६६२४, मिति २०६१/११/३० मा जि.प्र.का. सुनसरीबाट जारी भएको), पति : कृष्ण प्रसाद काफ्ले, ससुरा : डम्बर प्रसाद काफ्ले	२.	**ऋणी : पुष्पाञ्जली लिकर हाउस प्रा.लि.(विविध कर्जा) -शाखा कार्यालय बिर्तामोड,** दर्ता नं.: २४०५३१/०७७/०७८, ठेगाना : बिर्तामोड न.पा. ०५, झापा **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. रुची शिवाकोटी -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.०१२८४३९४, मिति २०५८/११/०८ मा जि.प्र.का.झापाबाट जारी भएको) पति : उद्धिम न्यौपाने, ससुरा : माधव प्रसाद न्यौपाने **२. रविन्द्र न्यौपान -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.०१२८८२३४९, मिति २०५८/०४/०४ मा जि.प्र.का. झापाबाट जारी भएको) बाबु : माधव प्रसाद न्यौपाने, बाजे : नन्द लाल न्यौपाने **३. अनुपमा खरेल -जमानीकर्ता** (ना.प्र.नं. ०५१०६६/७५१४, मिति २०६८/०१/२० मा जि.प्र.का. मोरङबाट जारी भएको) पति : रविन्द्र न्यौपाने, ससुरा : माधव प्रसाद न्यौपाने **४. उद्धिम न्यौपाने -जमानीकर्ता** (ना.प्र.नं. ०४०१२८२११४, मिति २०५४/०९/१५ मा जि.प्र.का. झापाबाट जारी भएको) बाबु : माधव प्रसाद न्यौपाने, बाजे : नन्द लाल न्यौपाने
३.	**ऋणी : न्यू हलेसी जल इण्डस्ट्रिज प्रा.लि.(विविध कर्जा) -शाखा कार्यालय इटहरी,** दर्ता नं.: ९७१०९/०६९/०७०, ठेगाना : हांसपोसा ०४, सुनसरी **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. डिक बहादुर घिमिरे -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ४०/११०२, मिति २०४३/०४/१२ मा जि.प्र.का. ओखलढुङ्गाबाट जारी भएको) बाबु : सार्के घिमिरे, बाजे : सिर्हाबर घिमिरे **२. सम्भु बस्नेत -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.०६३०१७/२१७, मिति २०६३/१०/०४ मा जि.प्र.का. सुनसरीबाट जारी भएको) बाबु : रत्न बहादुर बस्नेत, बाजे : उदय बहादुर बस्नेत **३. दुसराज कटेल -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.६०३/४०९, मिति २०५२/०८/०५ मा जि.प्र.का. सोलुखुम्बुबाट जारी भएको) बाबु : कर्ण प्रसाद कटेल, बाजे : अर्ब नारायण कटेल **४. शान्ती बहादुर घिमिरे -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ८८५८, मिति २०४१/०७/०३ मा जि.प्र.का. ओखलढुङ्गाबाट जारी भएको) बाबु : नर बहादुर घिमिरे, बाजे : दौलत घिमिरे **५. शक्ति विक्रम राई -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.६३०७, मिति २०६३/०३/०७ मा जि.प्र.का. खोटाङबाट जारी भएको), बाबुः धौल बहादुर राई, बाजेः दहमान राई	४.	**ऋणी : टिकटक पशुपंक्षी फर्म (विविध कर्जा) -शाखा कार्यालय सिन्धुली माडि,** प्रा.फ.नं.: ६७९५/०७८/०७९, ठेगाना : मरिण गा.पा. ०७, सिन्धुली **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. जंग बहादुर माझी -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. २०-०१-६९-०१६०१, मिति २०६९/०८/२० मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) बाबु : रतन बहादुर माझी, बाजे : चोकते माझी **२. मुना माझी -जमानीकर्ता** (ना.प्र.नं. २०१०२८/५०४६, मिति २०७३/०७/३० मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) पति : जंग बहादुर माझी, ससुरा : रतन बहादुर माझी

VACANCY

Chelsea World School, Kathmandu invites application for full-time faculty for the Academic Session 2082 recruitment in the following positions:

S.NO.	POSITIONS	LEVEL
1.	Grade Teachers	Pre-School to Grade 3
2.	English	Basic / Secondary Level
3.	Science	Basic / Secondary Level
4.	Computer	Basic / Secondary Level
5.	Compulsory Mathematics	Basic / Secondary Level
6.	Nepali	Basic / Secondary Level
7.	Samajik	Basic / Secondary Level
8.	Health, Physical and Creative Art	Basic Level
9.	Optional Mathematics	Secondary
10.	Environment Science	Secondary
11.	Office Management and Accounts	Secondary

QUALIFICATION:

- Minimum of 2 years of experience and Bachelor's degree from recognized university in the related subjects for all Basic Level positions.
- Minimum of 2 years of experience and Master's degree from recognized university in the related subjects for all Secondary Level positions.
- Candidates must have good command in English language (both written & spoken) and should be computer literate.
- Teachers' license will be an added qualification.
- Interested candidates from within the valley should apply in person and candidates outside the valley can e-mail stating the interested position with an updated resume, copies of academic certificates and a recent photograph (pp size) within a week from the date of advertisement. Only short-listed candidates will be called for the observation and interview. Telephone inquiry will not be entertained.

CHELSEA WORLD SCHOOL (Pre-School to Grade XII)
Gokarneshwor-8, Attarkhel, Jorpati
01 4918034/ 4917769
www.chelsea.edu.np

Government of Madhesh Province
Ministry of Physical Infrastructure Development
Infrastructure Development Directorate
Infrastructure Development Office
Siraha

Invitation for Electronic Bids of

First Date of publication: 1st April 2025

1. The Infrastructure Development OfficeSirahainvites electronic bids from Nepalese eligible bidders for the Construction of Roads under National Competitive Bidding procedures. Details projectsare as in table below.

S.N	Name Of Project	Contract ID:	Cost of Bid Document Nrs.	Estimated cost Amount inc. Vat and PS NRS.	Bid Security Amount & Validity Period minimum up to date
1	11.4.7.4187 Siraha,MahendraRajmarg ko DhangadhimaiNa.Pa ko Zoromiledekhisareaambashudaisombare Road	IDOSIR-W-NCB-Road-32-081-082	3000	19326572.2	NRS.484000.00 and 29th Aug-2025
2	11.4.7.3921 Siraha, Zoromiledekhisareaambas Road	IDOSIR-W-NCB-Road-33-081-082	3000	4348506.35	NRS.109000.00 and 29th Aug-2025

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents Infrastructure Development Office, Siraha
3. Bidding documents can be only downloaded from e-GP system only in www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the fee of bidding documents Rs. 3000.00. Name of the Bank: Rastriya Banijya Bank, Siraha.
   A/C no. 1000200010000, Office Code No. 3370116012
   Name of Office: Infrastructure Development Office, Siraha, Revenue Sirsak No. 14229
4. Electronic Bids must be submitted through www.bolpatra.gov.np/egp before 12:00 Hour1st may 2025
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hour on 1st may-2025in Infrastructure Development Office, Siraha.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the Infrastructure Development Office Siraha reserves the right to amend and correct at any time.
8. Infrastructure Development Office,Siraha, reserves the right to accept or reject the bids without assigning any reason whatsoever.
9. For further details, please visit www.bolpatra.gov.np, Mobile No. 9852848501 in office time.

Senior Divisional Engineer
IDO,Siraha

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको गैह बैंकिङ्ग सम्पत्तिको रुपमा रहेको धितो बिक्री सम्बन्धी गोप्य बोलपत्र आह्वान

(प्रकाशित मिति : २०८१/१२/१९)

यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्तिको रुपमा रहेको तपशिलमा उल्लेखित घर/जग्गाहरु बढाबढ मूल्यमा बिक्री गरिने भएको हुनाले उक्त घर/जग्गाहरु खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा कार्यालय समयभित्र यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग, काठमाण्डौं वा यस बैंकका शाखा कार्यालयहरुमा आईपुग्ने गरी के कति दररेटमा उक्त घर/जग्गाहरु लिन कबुल गरेको हो सो खुलाई शर्त बन्देजहरुको अधिनमा रही सो सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक सबैलाई आह्वान गरिन्छ। उक्त अवधिभित्र पर्न आएका बोलपत्रहरु स्थानीय निकायका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, बोलपत्रदाता वा बोलपत्रदाताको आधिकारिक प्रतिनिधिहरुको रोहबरमा तल उल्लेखित मिति, समय र स्थानमा खोलिने छ।

तपशिल

बोलपत्र पेश गर्ने अन्तिम मिति :२०८१ चैत्र २५ गते सोमवार।
बोलपत्र खोलिने मिति : २०८१ चैत्र २६ गते मंगलवार।
समय : दिउँसो २:०० बजे।
स्थान : नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, दरबारमार्ग, काठमाडौं ।

गैह्र बैंकिङ्ग सम्पत्तिको बिवरण

१. यस बैंकको नाममा मालपोत कार्यालय डिल्लीबजार काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २९ स्थित कि.नं. ३१५ र ३१७ को क्षेत्रफल क्रमश ८७.४३ वर्ग मि. र १२७.१६ वर्ग मि. भएको घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

२. यस बैंकको नाममा मालपोत कार्यालय कलंकी काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, किर्तीपुर नगरपालिका वडा नं. १६ स्थित कि.नं. १२३ को क्षेत्रफल ४४८.९२ वर्ग मि. भएको घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

बोलपत्र फाराम यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग काठमाण्डौं वा यस बैंकका शाखा कार्यालयहरुबाट रु. १,०००/- (अक्षरेपी एक हजार रुपैयाँ मात्र) तिरी खरिद गर्न सकिनेछ। अन्य सम्पूर्ण शर्तहरु बोलपत्र फाराममा समावेश गरिएको छ।

विस्तृत जानकारीको लागी यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
केन्द्रिय कार्यालय, दरबारमार्ग काठमाण्डौं
फोन नं.:- ५३२८२२९, ५३४२५३०
फ्याक्स:- ४२२६३४९, ४२२८९२७
ई-मेल : info@nibl.com.np

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७७

नयाँ पत्रिका

तेस्रो नेपाल सुपर लिग

एनएसएलको तेस्रो दिनमै खेलाडीको श्रम स्वीकृतिसम्बन्धी विवाद

रमेश सुवेदी/नयाँ पत्रिका

एफसी चितवनले अनुबन्ध गरेका ६ विदेशी खेलाडीको भिसा र श्रम स्वीकृत विवाद निस्किएपछि तेस्रो नेपाल सुपर लिग (एनएसएल) तेस्रो दिनमै विवादमा तानिएको छ। दरशथ रंगशालामा सोमबार चितवन र पोखरा थन्डर्सबिच साँझ ६ बेज खेल थियो। खेल सुरु हुनुअगाडि नै पोखराले चितवनविरुद्ध विदेशी खेलाडीको भिसा र श्रम स्वीकृतिको उजुरी राख्यो। दुई पक्षबिच मैदानबाहिर विवाद चल्दा खेल १८ मिनेटपछि सुरु भयो।

चौधरी ग्रुपको स्वामित्वमा रहेको नेपाल स्पोर्टस् एन्ड इभेन्ट म्यानेजमेन्ट कम्पनीका म्यानेजिङ डाइरेक्टर श्रेयान्स कार्की पोखराको ड्रेसिङ रुम गएर खेलाउने वातावरण मिलाउन पुगेका थिए। पोखराले आयोजकबाट राम्रो व्यवहार नभएको आरोप लगाएको छ। 'हामीलाई आयोजकको म्यानेजमेन्ट टिमबाट सोचेजस्तो व्यवहार भएन, योजनाअनुसार खेल्न सकेनौं र मानसिकता नै कमजोर बन्यो,' पोखरा थन्डर्सका प्रशिक्षक सुमन श्रेष्ठले भने, 'हामीले राखेको उजुरीमाथि कुनै कारबाही नहुने देखियो, त्यसैले खेलपछि उजुरी नहालेका हौं।'

फिफाले यस किसिमको घटनामा दोषी ठहरिने टोलीको तीन अंक खोस्छ। साथै खेलाडीलाई कारबाहीसमेत हुनेछ। अघिल्लो पटकको सहिद स्मारक 'ए' डिभिजन लिगमा पनि यस्तै घटना भयो। विभागीय टोली नेपाल एपिएफ क्लबले श्री स्टारले श्रम स्वीकृति नलिएका दुई विदेशी खेलाडीलाई खेलाएको आरोप लगाएको थियो। एन्फाको अनुशासन समितिले आरोप प्रमाणित गर्दै श्री स्टारलाई ५० हजार जरिवाना गरे पनि तीन अंक खोसेन। एपिएफले तीन अंक खोस्नुपर्ने मागसहित अपिल कमिटीमा उजुरी गरेको छ। तर, दुई वर्ष बित्दै लाग्दा पनि यो मुद्दाको टुंगो लागेको छैन।

चितवनका प्रशिक्षक नवीन न्यौपानेले खेलाडीको श्रम स्वीकृत नभएको पछि मात्रै थाहा पाएको बताए। यो विवादले गर्दा प्रतियोगिताको स्तर गुमेको उनको भनाइ छ। पोखराविरुद्ध २-० को जितपछि न्यौपानेले एनएसएल स्थानीय प्रतियोगिताजस्तो भएको प्रतिक्रिया दिए। 'हामीले एनएसएलबाट ठूलो आशा गरेका छौं, तर आज जुन घटना भयो यसले यसको स्तर स्थानीय प्रतियोगिताजस्तो देखायो,' उनले भने, 'व्यावसायिक क्लब वा खेलाडी नआए आयोजकले कारबाही गर्न सक्नुपर्छ।'

सन् २०१९ देखि सुरु भएको फ्रेन्चाइज एनएसएल लगातार विवादमा छ। पहिलो संस्करणपछि दोस्रो संस्करण हुन तीन वर्ष लाग्यो। दोस्रो संस्करणमा सहिद स्मारक 'ए' डिभिजन लिगका मनाङ मर्स्याङ्दी र श्री स्टारसहितका आठ क्लबले सार्वजनिक रूपमै एनएसएलको विरोध गरेका थिए। तेस्रो संस्करणमा नेपालका सिनियर तथा युवा खेलाडी विदेश पलायन भएको भन्दै आयोजकले विदेशी खेलाडी कोटा ६ पुऱ्याएको छ। यसैगरी, पहिलो संस्करण खेलेको विराटनगर सिटी र दोस्रो संस्करणमा जोडिएको स्पोर्टिङ इलाम मेची तथा वीरगन्ज युनाइटेड तेस्रो संस्करणमा छैनन्।



चितवनले अनुबन्ध गरेका ६ खेलाडीको श्रम स्वीकृत नभएको भन्दै पोखरा थन्डर्सले खेलअघि नै गऱ्यो उजुरी, आयोजक पदाधिकारीहरूले पोखराको ड्रेसिङ रुममै गएर खेल्न दिए दबाब

माब्लोनोभ र नीरजको गोल

चितवनलाई जिताउन मिडफिल्डरद्वय नोदिर माब्लोनोभ र नीरज चौधरीले समान एक गोल गरे। प्रतियोगिताको तेस्रो खेलमा एक टोलीले स्पष्ट तीन अंक बटुल्यो। यसअघि उद्घाटन खेलमा काठमाडौं र ललितपुरले २-२ बराबरी खेलेका थिए। दोस्रो खेलमा बुटवल लुम्बिनी र झापा एफसीले गोलरहित बराबरी नतिजा निकाले। माब्लोनोभले खेलको १५औं मिनेटमा गोल गरेका हुन्। स्ट्राइकर भिक्टर मानसारेले दायाँ साइडबाट निकालेको कटब्याकमा माब्लोनोभले गोल गरेका हुन्। इन्जुरी समयको छैटौं मिनेटमा वैकल्पिक खेलाडी नीरजले गोल गरेका हुन्। पोखराका गोलरक्षक प्रिसो एनजांगाले केही राम्रा बचाउन गरे। पोखराका मार्की समीर तामाङ र कप्तान नवयुग श्रेष्ठ फिनिसिङमा चुके।

लोकल प्रतियोगिताजस्तै भयो

● **नवीन न्यौपाने**, प्रशिक्षक, चितवन



यो तीन अंक निकै महत्त्वपूर्ण थियो। आफैंले हेरेको पूर्वक्लब पोखराविरुद्ध जित निकाल्दा खुसी छु। तर, म्यानेजमेन्ट र आयोजकको नियमअनुसार खेल खेलाउनुपर्ने थियो। एनएसएलजस्तो फ्रेन्चाइज लिग लोकल प्रतियोगिताजस्तै भयो। हरेक खेलाडीको श्रम स्वीकृति हुनुपर्छ। तर, दुर्भाग्यवश हाम्रो टोलीका खेलाडीसँग श्रम स्वीकृति रहेनछ। सुरुवातमा विवाद आउँदा प्लान बी बनाएको थिएँ। खेल्ने निर्णय भएपछि विदेशीलाई मैदान पठाएँ।

नियमअनुसार खेल भएन

● **सुमन श्रेष्ठ**, प्रशिक्षक, पोखरा



हामीले राम्रो तयारी गरेका थियौं। चितवनविरुद्ध खेल्नुअघि नै मानसिक रूपमा कमजोर बनाइयो। हामीमाथि आयोजकले राम्रो व्यवहार गरेन। खेलमा श्रम स्वीकृतिले समस्या भयो। हाम्रो ड्रेसिङ रुममा आयोजकबाट जुन व्यवहार भयो त्यो राम्रो होइन। उजुरी हाल्न जाँदा नलाग्ने भनी फर्कायो। व्यवस्थापन पक्षले खेलाडीहरूको कागजात भोलि आउँछ भन्ने उत्तर दियो। मानसिक तनावका बिच बाँकी खेल खेल्नुपर्छ। नियमअनुसार प्रतियोगिता भएको छैन।

स्पेनिस प्रशिक्षकले नेपाली स्क्वास खेलाडीलाई प्रशिक्षण दिने

नयाँ पत्रिका

विश्व स्क्वास वरीयताको पाँचौं स्थानमा रहिसकेका स्पेनिस बोर्खा गोलानले नेपाली खेलाडीलाई एक साता प्रशिक्षण दिने भएका छन्। १७ पटकका स्पेनको राष्ट्रिय च्याम्पियन भएका गोलानले नेपालका सिनियर तथा युवा स्क्वास खेलाडीलाई प्रशिक्षण दिने नेपाल स्क्वास एन्ड च्याकेट्स संघले जनाएको छ। संघले सोमबार एक कार्यक्रमबिच स्पेनका लेभल थ्री प्रशिक्षक गोलानलाई स्वागत गरेको छ।

सन् २०१४ मा गोलान विश्व स्क्वास वरीयतामा पाँचौं स्थानमा रहेका थिए। स्पेनका राम्रा स्क्वास खेलाडीमा गनिने गोलानले पिएसए विश्व टुरमा ३३ उपाधि जितेका छन्। अन्तर्राष्ट्रिय करिअरमा उनले दुईपटक युरोपेली व्यक्तिगत च्याम्पियनसिप ट्रफी जितेका थिए। सन् २०२३ मा अन्तर्राष्ट्रिय खेलबाट सन्न्यास लिएका गोलानले स्पेनको राष्ट्रिय टोलीलाई विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रशिक्षण दिएका छन्।

संघका अध्यक्ष ध्रुवबहादुर गुरुङले गोलानको प्रशिक्षणले नेपाली स्क्वास खेलाडीको स्तर अझ राम्रो हुने बताए। 'विश्वस्तरीय खेलाडीको प्रशिक्षणबाट नेपालका खेलाडीले केही सिक्न अवसर पाउनेछन्,' गुरुङले भने, 'हाम्रा खेलाडीले धेरैभन्दा धेरै अनुभव लिन सक्नुपर्छ।' संघका निवर्तमान अध्यक्ष किशोर महर्जनले विश्व वरीयताको शीर्ष पाँचभित्र परिसकेका गोलानबाट खेलाडीले मात्र नभएर नेपाली प्रशिक्षकले पनि सिक्नुपर्ने बताए।

'अन्तर्राष्ट्रियस्तरमा उपाधि जितेका तथा विश्व वरीयताको पाँचौं स्थानसम्म पुगेका व्यक्तिबाट खेलाडीले मात्र नभएर हाम्रा प्रशिक्षकले पनि उहाँबाट अनुभव लिनुपर्छ,' महर्जनले भने। ललितपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष विनोद महर्जनले गोलानको आगमन नेपालका स्क्वास खेलाडीका लागि आफ्नो खेल स्तर बढाउने ठुलो अवसर भएको बताए।



३३ अन्तर्राष्ट्रिय उपाधि र १७ पटक स्पेनको राष्ट्रिय स्क्वास च्याम्पियन बनेका स्पेनिस बोर्खा गोलानले एक साता प्रशिक्षण दिने

आफ्नै नाममा गोलान एकेडेमी

स्पेनिस स्क्वास प्रशिक्षक गोलानले दुई वर्षअघि सन्न्यास घोषणा गर्दा राम्रो फर्ममा थिए। उनले सन्न्यासपछि स्पेनमै गोलान स्क्वास एकेडेमीको स्थापना गरेका थिए। यस एकेडेमीमा नेपालका स्क्वास खेलाडी अमृत थापामगरले पनि प्रशिक्षण गरिरहेका छन्। ४२ वर्षीय प्रशिक्षक गोलानले नेपालको बारेमा धेरै सुनेको बताए। 'मैले नेपाल र यहाँका खेलाडीहरूका बारेमा सुनेको थिएँ, नेपाली स्क्वास खेलाडीलाई थप उत्प्रेरित गर्ने लक्ष्यसहित आएको हुँ,' उनले भने।

सन् २०१४ को सिजनमा उनी उत्कृष्ट लयमा थिए। यसबिच कोलम्बिया ओपनमा सहभागिता जनाउने क्रममा उनको घुँडामा चोट लागेको थियो। जसका कारण उनी सक्रिय खेलबाट ६ महिना बाहिर रहे। सोही वर्ष नै उनी विश्व वरीयताको पाँचौं स्थानमा पुगेका थिए। सन् २०१३ को सिजनमा उनी कतार ओपन क्लासिकको सेमिफाइनलमा पुगे। सो प्रतियोगिताको क्वार्टरफाइनलमा उनले शीर्ष वरीयताका जर्जयो गुल्टरविरुद्ध रोमाञ्चक जित निकालेका थिए। हङकङ ओपनजस्तो विश्व चर्चित स्क्वास ओपनको उपविजेता रहिसकेका गोलानले पहिलोपटक पिएसए विश्व सिरिजमा स्थान बनाएका थिए।

आइपिएल-२०२५

कोलकातामाथि मुम्बईको आठ विकेटको जित

एजेन्सी

अश्वनी कुमारले २४ रन खर्चेर चार विकेट लिएपछि मुम्बई इन्डियन्सले सोमबार १८औं इन्डियन प्रिमियर लिग (आइपिएल)मा कोलकता नाइट राइडर्समाथि आठ विकेटको सानदार जित निकालेको छ। पहिलो ब्याटिङ गरेको कोलकताले १६.२ ओभरमा सबै विकेटको क्षतिमा ११६ रनको मध्यम योगफल बनाएको थियो। प्रत्युत्तरमा मुम्बईले १२.५ ओभरमा दुई विकेट गुमाएर १२१ रन बनाउँदै सानदार जित निकाल्यो। अश्वनी आइपिएलको डेब्यु खेलमै चार विकेट लिने पहिलो भारतीय बलर बनेका छन्।

यसअघि लगातार दुई खेल गुमाएको मुम्बईले तेस्रो खेलमा महत्त्वपूर्ण जित हात पाऱ्यो। मुम्बई दुई अंकका साथ छैटौं स्थानमा उक्लेको छ। तीन खेलमा दुई हार र एक जित निकालेको कोलकाता अंकतालिकाको पुछारमा रह्यो। चालू आइपिएलमा रोयल्स च्यालेन्जर्स बेंग्लोर र दिल्ली क्यापिटल्सले लगातार दुई जित निकालेका छन्। यसबाहेक अन्य सबै टोलीले जित र हारको नतिजा हात पारेका छन्। मुम्बईलाई महत्त्वपूर्ण दुई अंक दिलाउने क्रममा रायन रिकेटनले आक्रामक ब्याटिङ गरेका थिए। उनले ४१ बलमा पाँच छक्का र चार चौकाको सहयोगमा सर्वाधिक ६२ रनको योगदान दिए। सूर्यकुमार यादवले नौ बलमा दुई छक्का र तीन चौका प्रहार गरी २७ रन बनाए। ओपनर रोहित शर्माले १२ बलमा १३ रन जोडे। कोलकाताका लागि रुसेलले २.५ ओभरमा ३५ रन खर्चेर दुई विकेट लिए।

अश्वनीले घातक बलिङ गरेपछि पहिलो ब्याटिङ गरेको कोलकाताले मुम्बईविरुद्ध कमजोर प्रदर्शन गऱ्यो। इनिङ्सको १.१ ओभरभित्र कोलकाताले दुई विकेट गुमाउँदा स्कोर बोर्डमा दुई रन मात्र चढाएको थियो। ट्रेन्ट बाउल्टले सुनील नारिनलाई शून्य रन तथा दीपक चाहरले आक्रामक ओपनर क्विन्टन डी ककलाई एक रनमा पेभेलियन पठाउँदा कोलकाताको कमजोर सुरुवात भयो। कप्तान अजिन्का राहाने र अंक्रिस रघुवंशीले तेस्रो विकेटका लागि २३ रनको साझेदारी गरेका थिए। राहानेले सात बलमा ११ रन बनाए। रघुवंशीले सर्वाधिक २६ रन बनाउन १६ बलमा तीन चौका र एक छक्का प्रहार गरेका थिए।

राजस्थानका कप्तान रियानले तिरे १९ लाख

राजस्थान रोयल्सका कप्तान रियान परागले ढिलो बलिङ गरेका कारण १९ लाख रुपैयाँ जरिवाना तिरेका छन्। इन्डियन प्रिमियर लिग (आइपिएल)अन्तर्गत आइतबार चेन्नई सुपर किंग्ससँगको खेलमा रियानको कप्तानीमा रहेको राजस्थानले निर्धारित समयमा २० ओभर पूरा गर्न सकेन। बिसिसिआइले स्लो ओभर बलिङ गरेको राजस्थानका कप्तानलाई कारबाहीस्वरूप जरिवाना तिराएको हो। राजस्थानले चालू आइपिएलमा पहिलो जित निकाल्ने क्रममा चेन्नईलाई ६ रनले हराएको थियो। यसैगरी, बिसिसिआईले मुम्बई इन्डियन्सका कप्तान हार्दिक पाण्ड्यालाई पनि १९ लाख रुपैयाँ जरिवाना गराएको छ।



भीमनारायण गोल्डकपको सेमिफाइनलमा गाईघाट



धनकुटा/ १७औं सहिद भीमनारायण गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा गाईघाट फुटबल क्लब उदयपुर पुगेको छ। प्रतियोगिताको सोमबार भएको क्वार्टरफाइनलमा गाईघाटले व्बाईज फुटबल क्लब इटहरी सुनसरीलाई १-० ले पराजित गर्दै अन्तिम चारको स्थान पक्का गरेको हो। खेलको १८औं मिनेटमा गाईघाटका विदेशी खेलाडी फोफानाले एक मात्र निर्णायक गोल गरेका थिए। प्रतिस्पर्धात्मक क्वार्टरफाइनलमा व्बाइज फुटबलले नियन्त्रणमा राखेको थियो। गाईघाटका गोलरक्षक अनिल मगर म्यान अफ दी म्याच हुँदै ५५ सय रुपैयाँ हात पारे। प्रतियोगिताको मंगलबार साबिक विजेता विर्तामोड युनाइटेड क्लब झापाले चित्लाङ फुटबल क्लब काठमाडौंको सामना गर्ने आयोजकले जनाएको छ। प्रतियोगिताको विजेताले पाँच लाख र उपविजेताले दुई लाख ५० हजार रुपैयाँ पाउनेछन्।

खेल संक्षेप

भलिबल विजेताले चार लाख ४४ हजार पाउने

काठमाडौं/ पहिलो लायन्स कप पुरुष अन्तर्राष्ट्रिय भलिबल प्रतियोगिताको विजेताले चार लाख ४४ हजार रुपैयाँ पाउने भएको छ। लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ एम नेपालको अयोजनामा अन्तर्राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता आगामी १८ देखि २२ वैशाखसम्म हुनेछ। प्रतियोगिता पोखरा रंगशालाको इन्डोर कभर्डहलमा हुनेछ। दुई विदेशीसहित ६ टोलीले भाग लिने आयोजकले जनाएको छ। पाकिस्तान भलिबल क्लब (इस्लामाबाद), नेपाल पुलिस, गण्डकी प्रदेश भलिबल संघ, त्रिभुवन आर्मी र नेपाल एपिएफ क्लबले प्रतिस्पर्धा गर्नेछन्।

मैत्रीपूर्ण फुटबलमा सेना विजयी

काठमाडौं/ सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालय र रक्षा समाचारदाताको टोलीबिच सोमबार भएको मैत्रीपूर्ण फुटबल प्रतियोगितामा सेनाको टोली विजयी भएको छ। सेनाले रक्षा समाचारदाताको टोलीलाई ९-८ गोलअन्तरले पराजित गरेको हो। जनसम्पर्क तथा सूचना निर्देशनालयको २३औं स्थापना दिवसका अवसरमा सैनिक मुख्यालय जंगीअड्डामा प्रतियोगिता भएको थियो।

सप्तरीको सानदार जित

काठमाडौं/ इक्वालिटी कप क्रिकेट प्रतियोगितामा सोमबार मोरङ र सप्तरीले सानदार जित निकालेका छन्। विराटनगर वडा ६ स्थित मेरिलेबोन ज्वाला क्रिकेट मैदानमा भएको पहिलो खेलमा सप्तरीले इलामलाई ८ विकेटले पराजित गरेको छ। पहिलो ब्याटिङ गरेको इलामले २० ओभरमा ६ विकेटको क्षतिमा एक सय १७ रनको योगफल बनाएको थियो। इलामले १४.१ ओभरमा दुई विकेटको नोक्सानीमा जित निकाल्यो। अर्को खेलमा मोरङले सिराहालाई सात विकेटले हराएको छ।

म्यानचेस्टर सिटीको उपाधि जित्ने आशा कायमै

एजेन्सी

म्यानचेस्टर सिटीले सन् २०२४/०२५ को सिजनमा उपाधि जित्ने आशा यथावत् बनाएको छ। सिटीले आइतबार राति एफए कप फुटबल प्रतियोगिताको सेमिफाइनल स्थान सुरक्षित गरेसँगै उपाधि जित्ने सम्भावना जीवितै राखेको हो। एफए कपको क्वार्टरफाइनलमा सिटीले बर्नमाउथलाई २-१ ले हरायो। यद्यपि, सिटीले बर्नमाउथलाई पाखा लगाउन सहज भएन। प्रतिस्पर्धामा सिटी सुरुवातमै एक गोलले पछाडि थियो। दोस्रो हाफमा लय पक्रँदै सिटीले बर्नमाउथलाई हराउन सफल भयो। बर्नमाउथलाई इभानिल्सनले अग्रता दिलाएका थिए।

सिटीको जितमा एर्लिन हल्यान्डले ४९औं र ओमार मारमोउसले ६३औं मिनेटमा गोल गरेका थिए। यसअघि सिटी युरोपियन च्याम्पियन्स लिगको नकआउट चरणमा स्पेनिस क्लब रियल म्याड्रिडबाट पराजित भएको थियो। ईंग्लिस प्रिमियर लिगको साबिक चारपटकको विजेता सिटी शीर्ष स्थानको लिभरपुलसँग २२ अंकले पछाडि छ। सिटीले लगभग प्रिमियर लिग उपाधि गुमाइसकेको छ।

एफए कपको सेमिफाइनलमा स्थान बनाएको म्यानचेस्टर सिटीले कम्तीमा एउटा उपाधिका साथ सिजन सकाउने लक्ष्य बनाएको छ



खेलाडीलाई आत्मविश्वास दिलाएका प्रशिक्षक

एफए कपको क्वार्टरफाइनलमा प्रतिस्पर्धा गर्नुअघि सिटीका प्रशिक्षक पेप ग्वार्डिओलाले आफ्ना खेलाडीलाई कम्तीमा एउटा उपाधिका साथ सिजन समाप्त गर्नुपर्ने निर्देशन दिएका थिए। उनले खेलाडीलाई उपाधि जित्ने सक्ने आत्मविश्वाससमेत दिलाएको बिबिसीले जनाएको छ। बर्नमाउथविरुद्धको महत्त्वपूर्ण खेलमा उनले पहिलो प्लेनिङ ११ मा प्रमुख खेलाडीलाई मैदानमा उतारे। पहिलो हाफदेखि नै विपक्षीको पोस्टमा आक्रामक रणनीति अपनाएको सिटीले अप्रत्याशित रूपमा एक गोल व्यहोरेको थियो।

यद्यपि, सिटीका खेलाडीले बराबरी गोल फर्काउन सक्ने आत्मविश्वास बढाउँदै गएका थिए। यो योजना दोस्रो हाफमा सफल भयो। प्रशिक्षक पेपले बर्नमाउथको मिडफिल्ड र डिफेन्डरलाई झुक्याउने क्रममा लेफ्ट ब्याकका जोस्को गार्डिओलालाई स्थान परिवर्तन गराए। अगाडि हल्यान्डलाई ओ रियलले गतिलो साथ दिए। मध्यान्तरमा ओमारले पोसेसन परिवर्तन गर्दै बर्नमाउथको पोस्टमा निरन्तर आक्रामक गरेका थिए।

सिटीलाई निराश बनाउने बर्नमाउथको प्रयास

पहिलो हाफमै अग्रता लिएको बर्नमाउथले सिटीलाई स्तब्ध बनाउने सबै किसिमका योजना अपनाएको थियो। मध्यान्तरअघिसम्म बर्नमाउथको खेलमा केही कमजोरी देखिएन। दोस्रो हाफको खेल सुरु भएलगत्तै सिटीको खेलमा सुधार आएको थियो।

बर्नमाउथले अग्रता रक्षा गर्ने योजनाका साथ डिफेन्स रणनीति अपनाएको थियो। जसका कारण सिटीका खेलाडीले विपक्षीको डिफेन्स तोड्ने सबै प्रयास गरिरहे। प्रशिक्षक इओरालले यसपटक टोलीलाई एफए कपको सेमिफाइनलमा पुऱ्याउने लक्ष्य पूरा गर्न सकेनन्। 'सिटीसँगको खेल सधैं कठिन हुने गर्छ, आजको प्रतिस्पर्धामा यस्तै भयो,' उनले भने, 'सिटीले मध्यान्तरपछि फरक खेल प्रस्तुत गर्दा हामीलाई गाह्रो भएको हो।' सिटीका प्रशिक्षक पेपले योजनाअनुसार नतिजा निस्किएको बताए।

'पहिलो हाफमा एक गोलले पछाडि रहँदा हामी आत्तिएनौं,' उनले भने, 'मलाई बराबरी गोल फर्काउने विश्वास थियो।' बराबरी गोलसँगै विपक्षीको डिफेन्स कमजोर भएको उनले बताए। 'हामीले गोल फर्काएपछि बर्नमाउथको डिफेन्स कमजोर भयो, यसको फाइदा खेलाडीले उठाएँ,' पेपले भने, 'अब कम्तीमा हामी एउटा उपाधि जित्ने अभियानमा छौं।'

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com